# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

» शुक्रबार भदौ १५, २०७५ » Friday, August 31, 2018 » www.newsofnepal.com » नेसं ११३८ गुँलागा ५ » वर्ष २४, अंक २३३ » पृष्ठ १२ » मूल्य रु १०/–



२ { एसियाडमा २० वर्षपछि नेपाललाई रजत पदक

५ { आईजीपीलाई गृहमन्त्रीको निर्देशन

७ { 'अब घर फर्कने आशा मरेको छैन'

१२ { नेपाललाई एसियाड कप खेल्ने लक्ष्यमा धक्का


# बिमस्टेकलाई परिणाममुखी बनाउन एकमत

टीका बन्धन, काठमाडौं

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) राष्ट्रका राष्ट्रप्रमुख र सरकार प्रमुखहरूले सशक्त र परिणाममुखी क्षेत्रीय सहकार्यमा जोड दिएका छन्।

चौथो सम्मेलनको उद्घाटन सत्रमा बोल्दै उनीहरूले शान्ति, समृद्धि, कनेक्टिभिटी, व्यापार, पर्यटन, ऊर्जा, कृषि, यातायात सञ्जाल, अन्तरदेशीय विद्युत् प्रसारण लाइनको आवश्यकता औंल्याए। बिमस्टेक बडापत्र, सचिवालयको संस्थागत सुदृढीकरण, बिमस्टेक कोष स्थापनाको खाँचो रहेकोमा राष्ट्रप्रमुख र सरकार प्रमुखले जोड दिएका छन्।

सम्मेलन आयोजक राष्ट्रका अध्यक्ष एवं नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले बिमस्टेकलाई दक्षिणपूर्व र दक्षिण एसिया जोड्ने सेतुका रूपमा विकास गर्नुपर्नेमा जोड दिनुभयो। बिमस्टेकलाई विचार, पहिचान र उद्देश्यका रूपमा हेर्न आग्रह गर्दै उहाँले भन्नुभयो- 'त्योभन्दा माथि हामी सबैको पहिचान हो।' क्षेत्रीय सहकार्यका लागि कनेक्टिभिटी अपरिहार्य रहेको बताउँदै प्रधानमन्त्री ओलीले यसका लागि सडक सञ्जाल, जलमार्ग, रेलमार्गसँगै ऊर्जा, पर्यटन, प्रविधि हस्तान्तरणमा नवीनतम् अभ्यास जरुरी रहेको बताउनुभयो।

बिमस्टेक क्षेत्रमा भौतिक सम्पर्क र सम्बन्ध विस्तारका लागि बुद्धिस्ट सर्किटको अवधारणालाई मूर्तरूप प्रदान गर्न सकिने उहाँको भनाइ थियो। क्षेत्रीय सहकार्यसँगै उपक्षेत्रीय बीबीआईएन (बंगलादेश-भुटान-भारत-नेपाल) संयन्त्रलाई अघि बढाउन नेपाल प्रतिबद्ध रहेको बताउँदै ओलीले भन्नुभयो- 'तर सार्क र बिमस्टेक एक-अर्काको प्रतिस्थापक नभई परिपूरक हुन्।' बिमस्टेक मुलुकहरू एउटै हिमालयको काख र बंगालको खाडीको समिपमा रहे पनि जलवायु परिवर्तन, भूकम्प,



बाढी-पहिरो जस्ता प्रकोप चुनौतीका रूपमा रहेको उहाँले बताउनुभयो।

सम्मेलनलाई सम्बोधन गर्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले बिमस्टेकलाई सशक्त र परिणाममुखी क्षेत्रीय संगठन बनाउन काठमाडौं सम्मेलन उपयुक्त अवसर भएको बताउनुभयो। आर्थिक प्रगति, समृद्धि, साझा सफलताका प्रयासका शान्ति र सुरक्षाका वातावरण आवश्यक रहेकोमा जोड दिँदै उहाँले भन्नुभयो- 'हिमालदेखि बंगालको खाडीसम्म जोडिएको यस क्षेत्रमा प्राकृतिक विपत्तिको सामना गर्नुपरेको छ, यसका लागि सबै मिलेर काम गर्नुपर्छ।' सबै सदस्य राष्ट्रको वैदेशिक व्यापार समुद्रमार्गसँग जोडिएकाले 'ब्लु इकोनोमी' सँगै 'साइबर इकोनोमी' को महत्त्व रहेको उहाँको भनाइ थियो।

आफ्नो मुलुकले २ वर्षपछि अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन आयोजना गर्ने तयारी गरेको जानकारी दिँदै मोदीले सो सम्मेलनमा

- सशक्त र परिणाममुखी क्षेत्रीय सहकार्यमा जोड
- आज ऊर्जा सम्झौता हुने

सहभागी हुन सदस्य मुलुकका प्रतिनिधिलाई अग्रिम निम्तो दिनुभयो।

त्यसै गरी पटनास्थित नालान्दा विश्वविद्यालयमा बिमस्टेक राष्ट्रहरूसम्बन्धी छुट्टै विभाग खोलिने र सबैको प्रतिनिधित्व रहने बताउँदै उहाँले बिमस्टेक युवा सम्मेलन र सदस्य राष्ट्रको महिला फोरमको खाँचो औंल्याउनुभयो। अन्तरदेशीय अपराध, लागू पदार्थ र अवैध मुद्राको कारोबार कुनै देशको मात्रै समस्या नभएर साझा समस्या बनेको र यसका लागि यथोचित कानुन र साझा ढाँचा आवश्यक भएको मोदीले बताउनुभयो। बिमस्टेक राष्ट्रबीच विपत्तिका क्षेत्रमा सहकार्य गर्न छिट्टै भारतमा सैन्य अभ्यास हुन लागेको उहाँको भनाइ थियो।

त्यसै गरी बंगलादेशकी प्रधानमन्त्री शेख हसिना, भुटानका अन्तरिम सरकारका प्रमुख सल्लाहकार छिरिङ वाङचुक, म्यान्मारका राष्ट्रपति विन मिन्ट, श्रीलंकाली राष्ट्रपति मैथ्रिपाला सिरिसेना र थाइल्यान्डका प्रधानमन्त्री प्रयुट च्यान ओचाले पनि क्षेत्रीय सहकार्य सशक्त बनाउन जोड दिनुभयो।

> अन्तरदेशीय अपराध, लागू पदार्थ तथा अवैध मुद्राको कारोबार कुनै देशको मात्रै समस्या नभई साझा समस्या बनेकाले यसका लागि यथोचित कानुन तथा साझा ढाँचा आवश्यक रहेको बिमस्टेक राष्ट्रप्रमुखहरूको जोड

शान्ति र समृद्धिको आवश्यकता सबैले औंल्याए।

सम्मेलनमा आफ्नो मुलुकको प्रतिनिधित्व गर्दै आउनुभएका विशिष्ट पाहुनाहरूले बिहीबार राष्ट्रपति विद्यादेवी भण्डारीसँग सामूहिक भेटवार्ता गरेका छन् भने विशिष्ट अतिथिको सम्मानमा राष्ट्रपति भण्डारीले दिवाभोजको आयोजना गर्नुभएको छ। साँझ होटल हायातमा रात्रिभोजको आयोजना गरिएको थियो। भारतीय प्रधानमन्त्री मोदी, बंगलादेशकी हसिना र थाइल्यान्डका प्रधानमन्त्री ओचा बिहीबार बिहान काठमाडौं आइपुग्नुभएको हो।

सम्मेलनको दोस्रो दिन आज शुक्रबार ऊर्जा सम्झौता हुँदै छ। बुधबारको मन्त्रीस्तरीय बैठकले ऊर्जासहित बिमस्टेक कोष र अन्य क्षेत्रीय निकायको खाका तय गर्न सुझाएको छ। कनेक्टिभिटी, व्यापार, पर्यटन, ऊर्जा, कृषि, यातायात सञ्जाल, अन्तरदेशीय विद्युत् प्रसारण लाइन जस्ता विषय चौथो सम्मेलनका एजेन्डा बनेका छन्। यी विषयमा सम्मेलनमा छलफल हुँदै छ भने शुक्रबार समापन हुने सम्मेलनले काठमाडौं घोषणापत्र जारी गर्दै छ।

# छुवाछुत गर्नेविरुद्ध कारबाही गर्न नयाँ कानुन तयार

गंगा बराल, काठमाडौं


नयाँ विधेयकले छुवाछुत गरेबापतको कसूरको जरिवाना र सजायको मात्रामा वृद्धि गरेको छ। जातीय भेद्भाव तथा छुवाछुत (कसूर तथा सजाय) २०६८ मा संशोधन गर्न वाञ्छनीय देखिएकाले नयाँ विधेयक बनाइएको संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री लालबाबु पण्डितले बताउनुभएको छ।

संविधानको धारा २४ मा छुवाछुत तथा भेद्भावविरुद्धको हकसम्बन्धी व्यवस्था छ । धारा ४७ मा 'मौलिक हकको कार्यान्वयन' भन्ने उल्लेख छ। संविधानको धारा १६ देखि ४६ सम्म मौलिक हकको व्यवस्था छ।

आगामी असोज २ गते राति १२ बजेसम्ममा मौलिक हकसँग सम्बन्धित कानुन बनाइसक्नुपर्ने बाध्यता सरकारलाई छ। संघीय संसद् सचिवालयमा दर्ता भएर प्रक्रियामा अघि बढेको यो विधेयक कार्यान्वयन गर्न सरकारले नै आर्थिक स्रोत उपलब्ध गराउनुपर्नेछ। संसद्बाट जस्ताको त्यस्तै पारित भएर राष्ट्रपतिबाट प्रमाणित भएपछि यसको नाम भेद्भाव तथा छुवाछुत (कसूर तथा सजाय), (पहिलो संशोधन) ऐन-२०७५ बन्नेछ।

विधेयकमा अदालत वा अन्य न्यायिक निकायबाट समान व्यवहार पाउने अधिकार, सार्वजनिक सेवामा समान पहुँचको अधिकार, समान काम गरेबापत समान तलब पाउने अधिकार, विवाह गर्ने तथा वरबधु छान्ने अधिकारलगायतका ११ वटा अधिकारमा समानता हुनुपर्ने उल्लेख छ।

यसअघि रहेको जात, जाति, वंश वा समुदाय वा पेसा वा शारीरिक अवस्था' भन्ने शब्दको सट्टा उत्पत्ति, जात, जाति, समुदाय, पेसा वा व्यवसाय वा शारीरिक अवस्था' भन्ने शब्द राखिएको छ। यो कसूर गरेबापतको जरिवाना रकम पनि बढाइएको छ। चालू ऐनमा कसूरबापत १ हजारदेखि २५ हजार रुपियाँसम्म मात्र जरिवाना छ तर नयाँ विधेयकमा २० हजार रुपियाँदेखि १ लाख रुपियाँसम्म जरिवाना



हुने उल्लेख छ। विधेयकमा कैद सजाय पनि थप गरिएको छ।

विधेयकअनुसार कसैले श्रव्यदृश्य सामग्री, लेख, रचना, चित्र, आकार, कार्टुन, पोस्टर, पुस्तक वा साहित्यको प्रसारण, प्रकाशन वा प्रदर्शन गरेर वा अन्य कुनै तरिकाले कुनै जात, जाति वा उत्पत्तिका व्यक्तिको उच-निच दर्शाउने गरे जातीय भेद्भाव भएको ठहर्ने व्यवस्था गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# छाउले गाँजेको ढकरी आदिम युगमा

धर्मेन्द्र बीसी, अछाम

सुदूरपश्चिमाञ्चलका अधिकांश पहाडी जिल्ला छाउपडी गोठमुक्त घोषणा गरे पनि जिल्लाका विभिन्न ठाउँमा छाउपडी गोठ अझै कायमै रहेका छन्। जिल्लाका केही स्थानबाहेक महिला रजस्वला भएका बेला घरबाट टाढा गोठ बनाएर राख्ने कु-संस्कार अहिलेसम्म व्याप्त रहेको छ।

अछामको धेरैजसो क्षेत्रमा छाउपडी प्रथालाई कायमै राख्ने गरेको पाइएको छ। जिल्लाको अन्य क्षेत्रभन्दा ढकारी गाउँपालिकामा छाउपडी गोठ बढी मात्रामा रहेका छन्। रजस्वला भएका बेला महिलालाई दूध, दही, मोही, मह, घ्यू जस्ता पोसिला खाने कुराबाट वञ्चित गर्ने परम्परा अझै रहेको छ। छाउ भएका बेला पानीका मुहान, धारा, तरकारी खेती, फलफूलका बोट-बिरुवा, घरपालुवा जनावरलाई छुनसमेत नदिने परम्परा कायमै रहेको छ।

छाउ भएको बेला यस क्षेत्रका महिलाले शौचालयसमेत प्रयोग गर्नबाट वञ्चित रहँदै आएका छन्। रजस्वला भएका बेलामा ७ दिनसम्म बाहिर बस्नुपर्ने र सातैदिन शौचालय प्रयोग गर्न नपाउने गरेको ढकारी गाउँपालिका-२ कि राजु रानाले बताउनुभयो। सबै परिवारले एउटै चर्पी प्रयोग गर्ने र छाउपडी लसपस हुन्छ र लसपस हुँदा



घर-परिवारका सदस्य बिरामी हुने देउता रिसाउने भन्दै छाउ भएको बेलामा चर्पी प्रयोग गर्नबाट वन्चित हुनुपरेको ढकारी गाउँपालिका-३ की निर्जला शाहीले बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# बुद्धिस्ट सर्किटको अवधारणा अघि बढ्ला ?

सुनील महर्जन, काठमाडौं

विगतमा झैं यसपटकको बिमस्टेक सम्मेलनमा पनि बुद्धिस्ट सर्किटको अवधारणाले आवश्यकभन्दा बढी चर्चा पाएको छ। बुद्धिस्ट सर्किटको योजना कार्यान्वयन गर्न सम्मेलनलाई उपयोग गर्ने धारणा प्रधानमन्त्री केपी शर्मा ओलीले अघि सार्नुभएको छ। त्यसै गरी परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले यसपटकको सम्मेलनले बुद्धिस्ट सर्किटलाई आकार दिने लक्ष्य राखेको बताउनुभएको छ।

भगवान् गौतम बुद्धको जन्मस्थल नेपाल बुद्धमार्गीका लागि महत्त्वपूर्ण गन्तव्य रहेको छ। भारतमा बुद्धको ज्ञानप्राप्ति तथा महापरिनिर्वाण भएको सन्दर्भमा बुद्धिस्ट सर्किटको अवधारणा यहाँका लागि उपयुक्त रहेको छ। यस्तो अवस्थामा बुद्धिस्ट सर्किटको अवधारणा अगाडि बढाउन सक्ने हो भने बिमस्टेक सदस्य राष्ट्रबाट लाभ उठाउन सकिन्छ। बिमस्टेकका सदस्य राष्ट्र श्रीलंका, थाइल्यान्ड र म्यान्मार बौद्धमार्गी राष्ट्र हुन्। ती राष्ट्रका नागरिकलाई नेपालमा आकर्षित गर्न सक्ने हो भने देशको पर्यटन क्षेत्रले लाभ लिन सक्छ। बुद्धिस्ट सर्किटको अवधारणा यसपटक पनि सतही चर्चामा मात्र सीमित हुने त होइन? भन्ने चिन्ता पनि व्यक्त गरिएको छ।

## भारतको रुचि

२०७१ साउन १८ को पहिलो नेपाल भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले लुम्बिनी दर्शन गर्ने इच्छा अधुरो रहेको भन्दै भारतको बोधगया, सारनाथ, कुशीनगर र नेपालको लुम्बिनीलाई मिलाएर बुद्धिस्ट सांस्कृतिक सर्किटको अवधारणा अघि सार्नुभएको थियो।

सोही वर्ष मंसिर १० मा प्रधानमन्त्री मोदी नेपाल आउँदा लुम्बिनी भ्रमण गर्नुभई बुद्धिस्ट सर्किट बनाउने अवधारणालाई थप ऊर्जा प्रदान गर्नुभएको थियो।

विशेषत: भारतले बोधगया, सारनाथ र कुशीनगरसँग जोड्ने गरी करिब ७ सय किलोमिटर क्षेत्र समेटेर बुद्धिस्ट सर्किट बनाउने कामलाई तीव्रता दिइरहेको छ।

गौतम बुद्धले ज्ञान प्राप्त गरेको बोधगया, आफ्ना पाँच शिष्यलाई पहिलोपटक बुद्धत्वबारे प्रवचन दिएको सारनाथ र महापरिनिर्वाण भएको (देहत्याग गरेका) कुशीनगरसँग जोड्ने गरी बुद्धिस्ट सर्किट बनाउने काम भइरहेको छ। यो सर्किटमा बुद्धजन्मस्थल लुम्बिनीलाई समेट्ने भारत सरकारको सोच रहेको बताइएको छ।

विश्वभरका बौद्धमार्गी पर्यटकलाई भारतमा आकर्षित गर्न सहज हुने कारणले नै लुम्बिनीलाई बुद्धिस्ट सर्किटमा जोड्ने उद्देश्य भारतले लिएको जानकारहरू बताउँछन्।

भारतको उत्तर प्रदेश पर्यटन निगमले भारतको बोधगया, कुशीनगर श्रीवास्ती, राजगृहलगायत बौद्ध धर्मको तीर्थस्थलमा पर्यटकहरू घुमाउँदा लुम्बिनीलाई पनि रुटमा राखेको छ।

(क्रमशः पृष्ठ ९ मा)

## बुद्धिस्ट सर्किटको चर्चा

बितेको केही वर्षदेखि 'बुद्धिस्ट सांस्कृतिक सर्किट' का प्रस्तावले अन्तर्राष्ट्रिय महत्त्वको सम्मेलनताका सधैं चर्चा हुने गरेको पाइएको छ। बुद्धिस्ट सांस्कृतिक सर्किटको प्रस्तावले ४ वर्षअघि राजधानीमा भएको सार्क सम्मेलनमा पनि चर्चा पाएको थियो।

म्यान्मारमा भएको तेस्रो बिमस्टेक सम्मेलनमा तत्कालीन स्वर्गीय प्रधानमन्त्री सुशील कोइरालाले लुम्बिनी, बोधगया, कुशीनगर र चीनको तीर्थस्थललाई समेटेर बुद्धिस्ट सर्किट बनाउनुपर्नेमा जोड दिनुभएको थियो। त्यस्तै तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराईले नेपालको लुम्बिनीलाई केन्द्रबिन्दु गरेर चीन र भारतका तीर्थस्थल समेट्ने गरी बुद्धिस्ट सर्किट बनाएर पर्यटन विकासको ठूलो सम्भावना रहेको भन्दै त्यसको लबिङसमेत गर्नुभएको थियो। पूर्वप्रधानमन्त्री तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहालको अध्यक्षतामा ग्रेटर लुम्बिनी कमिटी नै गठन भएको थियो।

दक्षिण एसियाको आर्थिक विकास, पर्यटन उद्योगको प्रवर्द्धन रोजगारको सम्भावनालाई मध्यनजर गरेर आएको बुद्धिस्ट सर्किटको प्रस्ताव नेपालीले लाभ लिन सक्ने प्रशस्तै सम्भावना रहेको लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राडा नरेशमान वज्राचार्य बताउनुहुन्छ।

लुम्बिनीको धार्मिक संरक्षण र पर्यटकीय विकासका लागि पूर्वाधार बनाउने जिम्मा पाएको लुम्बिनी विकास कोषका पदाधिकारी बुद्धिस्ट सर्किटबारे सरकारले अग्रसरता देखाएको खण्डमा विस्तृत परिभाषा गरेर अघि बढ्न सकिने बताउँछन्।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

> खेलाडीलाई एक्सपोजर लक्षित हुने वातावरण बनाउनुपर्दछ। अभ्यास गरेकै भरमा राम्रो नतिजा निस्कने होइन। खेलाडीको स्तर मापनका लागि प्रतिस्पर्धा नै मुख्य माध्यम हो। जसमा नेपाली खेलाडी चुक्ने गरेका छन्। प्रायजसो नेपाली खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउनु त टाढाको विषय हो । वर्षमा एउटा राष्ट्रिय प्रतियोगिता पनि खेल्न पाउँदैनन् । कति खेलका त राष्ट्रिय प्रतियोगिता 'परीको कथा'जस्तो हुने गरेको छ।



## एसियाडमा २० वर्षपछि

# नेपाललाई रजत पदक

कविरस शर्मा
kabirash2006@gmail.com

इन्डोनेसियामा जारी १८औं एसियाली खेलकुदमा नेपालले २० वर्षपछि दोस्रो रजत पदक जितेको छ। नेपाली खेलकुदमा छायाँमा पर्दै आएको एड्भेन्चर खेल पाराग्लाइडिङले बुधबार २० वर्षपछि जितेको रजत समग्रमा नेपालको दोस्रो रजत पदक हो। सन् १९९८ को बैंकक एसियाडमा सविता राजभण्डारीले तेक्वान्दोमार्फत् नेपाललाई पहिलो ऐतिहासिक रजत पदक दिलाएकी थिइन्। त्यसयता दोस्रोपटक रजत दिलाउने श्रेय नेपाली खेलकुदले नचिताएको खेल पाराग्लाइडिङले पाएको छ।

पुरुष क्रस कन्ट्रीमा नेपाल स्वर्ण जित्नबाट २७ अंकले मात्र पछि परेको थियो। स्वर्ण जितेको जापानले ११ हजार ३ सय ९१ अंक जोडेको थियो। विमल अधिकारी, विजय गौतम, योकेश गुरुङ, सुशील गुरुङ र विशाल थापासहितको नेपाली टोलीले ११ हजार ३ सय ६४ अंक जोडेर पाराग्लाइडिङमार्फत् दोस्रो रजत दिलाउन सफल भए। नेपालमा विशेषत: पर्यटन प्रवर्द्धनका लागि खेलिने यस खेलले एसियाकै प्रतिष्ठित प्रतियोगितामा रजत जित्छ भनेर धेरै कमैले मात्र सोचेका थिए होला। तर अहिले नपत्याउने खोलाले बगाउँछ भन्ने उखानसँग यो मेल खाएको छ।

पाराग्लाइडिङमा नेपाल सरकारले कति लगानी गऱ्यो अथवा कति अन्तर्राष्ट्रिय सहभागीता जनायो भन्ने प्रश्न एकातिर छ। तर रजत जितेर पाराग्लाइडिङले अन्य खेलकूदको तयारी र लगानीलाई गिज्याएको छ। सहभागीता जनाएर मात्र खेलकुदको विकास हुने भए जारी एसियाली खेलकुदमा नेपालको प्रर्दशन कस्तो हुन्थ्यो होला भन्ने प्रश्न पनि तेर्सिएको छ। सन् १९५१ को पहिलो एसियाली खेलकुददेखि नै खेल्न शुरू गरेको नेपालले इन्चोन एसियाडसम्म मात्र २३ पदक बटुलेको थियो। १६ पटक एसियाडमा प्रतिस्पर्धा गरेको अनुभवले पनि नेपाली खेलकुदमा कुनै ठोस प्रभाव पारेको देखिँदैन। यदि अनुभवले सिक्ने हो भने प्रायजसो खेलमा समूह चरणबाटै बाहिरिनुले सहभागीताले मात्र खेलको स्तर वृद्धि हुन्छ भन्ने कुरालाई गलत सावित गरेको पाराग्लाइडिङमार्फत् जितेको रजतले पुष्टि गर्छ।

### नेपालमा पाराग्लाइडिङको पृष्ठभूमि

हावामा त्रिकोण आकारको निक्कै कडा प्लास्टिकबाट निर्मित वस्तुको आडमा चराजस्तै उड्न मिल्ने खेललाई पाराग्लाइडिङ भनिन्छ। विश्वमा पाराग्लाइडिङ खेल पुरानो भइसकेको छ।



सन् १९९२ मा पाराग्लाइडिङको विश्व प्रतियोगितामा जर्मनीका उली वेसमेकरले पहिलो उपाधि जितेबाट यो प्रष्ट हुन्छ। नेपाल भने हवाई खेलकुद संस्था (ना) ले नेपालमा पाराग्लाइडिङलाई स्पोर्ट्स टुरिज्मको रूपमा विकास गर्न कदम चाल्दै आएको छ।

केही समयअघि पोखरामा साहसिक पाराग्लाइडिङको गन्तव्य बनाउन पाराग्लाइडिङको प्रि-वर्ल्डकपको आयोजना गरिएको थियो। नेपालमा विश्वकप गर्न सक्ने क्षमता भएको एक मात्र खेलका रूपमा पनि पाराग्लाइडिङलाई लिइएको छ। नेपालमा थुप्रै अन्तर्राष्ट्रिय व्यावसायिक पाइलटले यस खेलमार्फत् उड्ने सपना साँचेको उक्त प्रतियोगिताको क्रममा पाइएको थियो।

नेपालमा पाराग्लाइडिङका लागि पोखराको सराङकोट क्षेत्रलाई विश्वकै दुर्लभ र उत्कृष्ट स्थलभन्दा पनि फरक नपर्ला। सराङकोट बाह्रैमास उडान गर्न मिल्ने स्थलको विश्वमा परिचित छ। उक्त प्रतियोगिताको क्रममा कतिपय विदेशी पाइलटहरू सराङकोटमा उड्ने लक्ष्य नै बनाएर नेपालमा ओइरिनेसमेत गरेका छन्। सराङकोटको १४ सय ५० मिटरको उचाइबाट 'टेकअफ' गरी फेवातालको सिरान खपौदीमा 'ल्यान्डिङ जोन' रहेको छ। जसका कारण पाराग्लाइडिङ टुरिज्म स्पोर्ट्सका रूपमा नेपाल गन्तव्यस्थल बन्ने सम्भावना पनि प्रबल नै छ। नेपालमा पहिलोपटक आयोजना भएको उक्त प्रतियोगितामा ३४ देशका पाराग्लाइडिङ पाइटलहरूको सहभागीताले पनि यो स्पोर्ट्स टुरिज्मका रूपमा विकास गर्न आधार बनिरहेको छ।

२०७२ सालको महाभूकम्पले सराङकोटलाई केही समयका लागि अस्तव्यस्त बनाए पनि पोखरामा पाराग्लाइडिङ च्याम्पियनसिप शुरू भएको भने करिब २ दशक वर्ष पुगिसकेको छ। पाराग्लाइडिङमा ओभरअलदेखि एक्रोव्याट्स, स्पट ल्यान्डिङ, क्रस कन्ट्री, बेस्ट ग्याफ्ट ल्यान्डिङजस्ता स्पर्धामा प्रतिस्पर्धा हुने गरेको छ। उक्त प्रतियोगिताकै आधारमा पाराग्लाइडिङको विश्वकप नेपालमा गर्न पाराग्लाइडिङको अन्तर्राष्ट्रिय संस्था फेडेरेसन अफ इन्टरनेसनल एरोनोटिकल (एफएआई) ले स्वीकृति दिने कुरा पनि यथावत नै छ।

### साढे ६ दशकमा जम्मा २४ पदक

सन १९५१ मा नयाँ दिल्लीमा भएको पहिलो एसियाली खेलकूददेखि नेपालले सहभागिता जनाए पनि सन १९८६ देखि मात्र पदक जित्न थालेको हो। त्यसयताको ३२ वर्षमा नेपालले २४ पदक जितेको छ। जसमध्ये २ रजत र २२ कास्य रहेका छन्। एसियाडमा सहभागी हुन नेपालका कुनै पनि खेलाडीले छनोट खेल्न नपर्ने भएकाले जारी प्रतियोगितामा नेपालले ४० खेलमध्ये २९ वटा खेलमा सहभागिता जनाएको छ।

जारी एसियाडबाट जितेको दोस्रो रजतलाई छोड्ने हो भने पछिल्ला ६३ वर्षको एसियाली खेलकुद इतिहासमा कुल २३ पदक मात्र जितेको नेपालले खेल सहभागितालाई भने बढाउँदै लगेको छ। सोहीअनुसार यसपटक १ सय ८६ जना नेपाली खेलाडीसहित जम्बो टोली इन्डोनेसिया पुग्यो। विगतका एसियाली खेलकुदमा नेपालले तेक्वान्दोबाट १ रजत र १३ कांस्य, बक्सिङबाट ६ कांस्य र कराँतेबाट ३ कांस्य जितेको छ। अहिले पाराग्लाइडिङबाट एक रजत पदक नेपाली खेलकुदले जम्मा गरेको छ।

पछिल्लो समय तेक्वान्दो ओरालोतिर झरिरहेको जारी एसियाडसमेत गरी तीन एसियाडले झल्काएको छ । तेक्वान्दो मात्र होइन सबै खेलले त्यही बाटो समाइरहेका छन् । एसियाड खेल्ने धेरै खेलको हालत उस्तै छ । विश्व खेलकुद अत्याधुनिक प्रविधि पछ्याउँदै अगाडि लम्किरहेको छ । सबै कम्प्युटर प्रणालीमा चल्छ। जसरी अहिले आधुनिक प्रविधि विस्तार भएको छ त्यसैअनुरूप खेलकुदमा पनि ती प्रविधि भित्रिएका छन्।

तर नेपाली खेलकुद ती प्रविधिसँग अभ्यस्त हुन सकेको छैन । पुरानै ढाँचामा चलेको छ । विगतमा खेलाडीले प्रदर्शन देखाउनुपर्थ्यो । कडा मिहिनेत गरे पुग्थ्यो । थोरै टेक्निकले पनि साथ दिन्थ्यो । उस्तै परे पदकै हात पर्थ्यो । सबै काम हाते पद्धतिमै हुन्थ्यो। निर्णायकले पनि जिताउन चाहेकोलाई जिताइदिन सक्थे। तर अहिले फोरजी प्रविधिमा आधारित छ विश्व खेलकुद ।

तर नेपाली खेलकुदमा भने अझै आधुनिक प्रविधि प्राथमिकतामा पर्न सकेको छैन । यस्तो प्रविधिलाई भित्र्याउने सरकारसँग कुनै योजना नै छैन । खेल पूर्वाधारमा लगानी छैन । खेलाडीले खेलकुदमै भविष्य छ भनेर ढुक्कका साथ बस्ने अवस्था पनि छैन । धेरै प्रतिभावान् खेलाडी पलायन हुने क्रम पनि बढ्दो छ ।

जसको प्रमुख कारण एसियाड, ओलम्पिकजस्ता ठूला प्रतियोगिता खेल्न एउटा दीर्घकालीन योजना नहुनु हो। सबै खेललाई एउटै नजरले हेर्न मिल्दैन। कुन खेलको पूर्वाधार र पहुँच सहज छ, त्यसलाई छानेर प्राथमिकतामा राख्नुपर्छ । सहभागितामा मात्र सीमित हुने चलनबाट माथि उठेर पदक नै जित्ने मानसिकताको विकास आवश्यक छ। त्यसका लागि योजना बनाएर लगानी गर्नुपर्छ ।

### एक्सपोजर जरुरी

खेलाडीलाई एक्सपोजर लक्षित हुने वातावरण बनाउनुपर्दछ। अभ्यास गरेकै भरमा राम्रो नतिजा निस्कने होइन। खेलाडीको स्तर मापनका लागि प्रतिस्पर्धा नै मुख्य माध्यम हो। जसमा नेपाली खेलाडी चुक्ने गरेका छन्। प्रायजसो नेपाली खेलाडीले अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउनु त टाढाको विषय हो । वर्षमा एउटा राष्ट्रिय प्रतियोगिता पनि खेल्न पाउँदैनन् । कति खेलका त राष्ट्रिय प्रतियोगिता 'परीको कथा'जस्तो हुने गरेको छ।

खेलस्तर उकास्न खेलाडी मात्र नभई नयाँ प्रशिक्षक उत्पादन र पुरानालाई समय सापेक्ष बनाउने नीतिनियम बसाल्नुपर्छ। अहिले नयाँ पद्धतिमा प्रशिक्षण गराइन्छ । विज्ञान प्रविधिमा आधारित अभ्यास चल्छ। जसअनुसार नेपाली खेलाडीसँगै प्रशिक्षक पनि परिमार्जित बन्न सकिरहेका छैनन्। मुख्यत: खेल संघभित्र चल्ने राजनीति पनि खेल विकासको बाधक बनेको छ।

### १८औं एसियाडमा नेपाली खेलकुदको उतार चढाव

इन्डोनेसियामा जारी १८औं एसियाली खेलकुद एसियाडमा नेपालले नसोचेको खेल पाराग्लाइडिङमार्फत् २० वर्षपछि दोस्रो रजत जित्दा आशा गरिएको खेलको प्रदर्शन भने बिर्सन लायक बनेको छ। रजत पदकलाई छोड्ने हो भने अहिलेसम्म राष्ट्रिय कीर्तिमानबाहेक अरू केही गर्न सकेको छैन।

एसियाडमा नेपालका केही खेलाडीले नयाँ कीर्तिमान बनाए पनि अरू खेलाडीको यात्रा सहभागितामा मात्रै सीमित बन्दै छ। एथ्लेटिक्सका सोमबहादुर कुमाल र भारोत्तोलनमा कमलबहादुर अधिकारी, तारादेवी पुन र सन्जु चौधरीले आफ्नै राष्ट्रिय कीर्तिमानमा सुधार गर्नुबाहेक अन्य प्रतिस्पर्धामा नेपालको प्रदर्शन पहिलो र दोस्रो चरणबाटै समाप्त भएको छ।

महिला ५३ केजी तौल समूहमा सन्जुले स्न्याचमा ७२ र क्लिन एन्ड जर्कमा ६ केजी गरी कूल १ सय ५ केजी तौल बहन गर्दै तीन राष्ट्रिय कीर्तिमान बनाएकी हुन्। सन्जुले आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमान जारी एसियाडमा तोडेकी हुन्।

त्यस्तै, कमलले पुरुष ६९ केजीको स्न्याच, क्लिन एन्ड जर्कमा गरी आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गरेका थिए। कमलले स्न्याचमा १ सय १९ केजी र क्लिन एन्ड जर्कमा १ सय ६० गरी कुल २ सय ७९ केजी भार बहन गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका थिए।

ताराले पनि आफ्नै नाममा रहेको कीर्तिमानमा सुधार गर्ने क्रममा स्न्याचमा ७४ केजी, क्लिन एन्ड जर्कमा १ सय १ केजी र कुलमा १ सय ७५ केजीको भार उचालेकी हुन्। उनले स्नाचमा एक केजीको मात्रै राष्ट्रिय कीर्तिमानमा सुधार गरेकी छिन्। तर क्लिन एन्ड जर्कमा उनको यसअघिको राष्ट्रिय कीर्तिमान ९७ केजी र कुलमा १ सय ७० केजी भार रहेको थियो।

ताराले २ वर्षअघि भारतमा भएको १२औं सागमा कांस्यपदक जितेकी थिइन्। यस्तै यही वर्ष नेपालगन्जमा जेठमा भएको एसियाली खेलकुद छनोटमा उनले तीन राष्ट्रिय कीर्तिमान रचेकी थिइन्। यो कीर्तिमानमा उनले अहिले सुधार गरिन्।

यस्तै एथ्लेटिक्सको पुरुष ८ सय मिटर दौडमा नेपालका सोमबहादुर कुमालले नयाँ राष्ट्रिय कीर्तिमान कायम गरे। उनले ८ सय मिटर दौड १ मिनेट ५०.२५ सेकेन्डको टाइमिङ निकाल्दै २३ वर्ष पुरानो राष्ट्रिय कीर्तिमान तोड्न सफल भए। यद्यपि उनी हिट चरणबाट माथि जान सकेनन्। उनी हिट थ्रीको चौथो स्थानमा रहे भने समग्रमा १३औं भए। यसअघि सन् १९९५ को मद्राससँग गेम्समा धनीराम चौधरीले बनाएको १ मिनेट ५०.६० सेकेन्डको कीर्तिमान तोड्दै कुमालले नयाँ कीर्तिमान बनाएका हुन्।

यता, मार्सलआर्टभित्रको सबैभन्दा पदकको आशा गरिएको खेल तेक्वान्दो हो। तर, दुई संस्करणदेखि पदकविहीन बनेको तेक्वान्दो इन्डोनेसिया 'एसियाड'मा पनि कुनै पदक जित्न सकेन। एसियाली खेलकुद इतिहासमा तेक्वान्दोको गौरवशाली इतिहास छ । एसियाडमा प्रवेश पाएसँगै तेक्वान्दोले पदक जित्दै आएको छ ।

नेपालले एसियाडमा जितेको एक रजतसहित २३ पदकमध्ये तेक्वान्दोकै धेरै छ । तेक्वान्दोले १ रजत र १३ कांस्य जितेको छ । नेपालको एसियाली खेलकुद सहभागितामा जितेको पदकमध्ये तेक्वान्दोबाट मात्र १४ पदक आएको छ। सन् १९८६ को सिओल एसियाडमा नेपालले तेक्वान्दोमार्फत् ४ कांस्य पदक जितेको थियो। त्यस्तै, १९९४ को हिरोसिमा एसियाडमा तेक्वान्दोले १ कांस्य पदक जित्यो।

सन् १९९८ मा भएको एसियाली खेलकुदमा नेपालका लागि सबिता राजभण्डारी रजत पदक जित्दै नयाँ इतिहास रचिन्। सोही 'एसियाड' मा तेक्वान्दोमार्फत् थप २ कांस्य पदकसमेत भित्र्याएको थियो।

सन् २००२ को बुसान एसियाडमा नेपालका तेक्वान्दो खेलाडी दीपक विष्ट, रेनुका मगर र रितुजिमी राईले कांस्य जितेका थिए। दीपकले सन् २००६ मा दोहा एसियाड पनि कांस्य पदक जित्दै एसियाडमा लगातार २ पदक जित्ने पहिलो नेपाली खेलाडी बने। विष्टसँगै मनिता शाही र आयशा शाक्यले पनि तेक्वान्दोबाट कांस्य पदक राष्ट्रलाई दिलाएका थिए।

लगातार ४ एसियाडमा पदक दिलाएको तेक्वान्दो पछिल्लो १२ वर्ष उपलब्धी शून्य बनेको छ। जारी एसियाडमा सहभागी सबै खेलाडीले तेक्वान्दोबाट कुनै पदक जित्न सकेनन्। गत संस्करणमा भएको एसियाडमा कराँतेकी बिमला तामाङले कांस्य पदक जित्दै नेपालको लाज बचाएकी थिइन्।

एसियाली खेलकुदलाई ओलम्पिक पछिको ठूलो प्रतियोगिताको रूपमा लिने गरिन्छ। यति ठूलो प्रतियोगितामा नेपाली खेलाडी खेल्न पाउनु शानको कुरा हो। तर, सहभागितामा मात्र सीमित हुने खेल र खेलाडीलाई एसियाडमा खेलाउनुको कुनै औचित्य देखिँदैन।

### अनुशासनहीन खेलाडी

केही नेपाली खेलाडीको अनुशासनलाई नियाल्दा देशको प्रतिष्ठा बढाउन विदेशी भूमिमा पुगेर मनलाग्दो पाराले देश छविमा नै आँच आउने कार्य गरेको छ। मुख्यत: एथ्लेटिक्स खेलाडीको ब्यहोरा अपाच्य बन्यो। कोही इन्ट्री नै नगरिएको इभेन्टमा खेल्न चाहेको देखियो भने कोही भएको इभेन्टमा आफ्नो प्रदर्शन सुधार हुँदैनजस्तो लागेपछि खेलस्थलमा नै अनुपस्थित भए।

यति मात्र होइन, खेलाडीको नाम दर्ता गर्ने प्राविधिक पक्षमा समेत नेपाली व्यवस्थापकले त्रुटि दोहोऱ्याउन थालेको छ। जसका कारण एथ्लेटिक्सका २ नेपाली खेलाडी आफ्नो प्रतिस्पर्धामा भाग लिनबाट वञ्चित भए। नेपाली खेल निकायको लापरबाहीका कारण नै एसियाकै ठूलो अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने खेलाडीमाथि यस्तो घटना भएको हो।

महिला १० हजार मिटरमा विश्वरूपा बुढा र पुरुष ४ सय मिटरमा सोमबहादुर कुमालको नाम 'लेट इन्ट्री' अर्थात् ढिलो नाम दर्ता गरेका कारण प्रतिस्पर्धामा भाग लिनबाट वञ्चित भए। यसअघि एसियाली खेलकुदमा विश्वरूपाले १० हजार मिटर र ५ हजार मिटरमा भाग लिने नेपाली एथ्लेटिक्स संघले जनाएको थियो। यस्तै सोमले पनि ४ सय मिटर र ८ सय मिटरमा प्रतिस्पर्धा गर्ने संघले जनाएको थियो।

एसियाली खेलकुदको अफिसियल साइटमा पनि विश्वरूपाको १० हजार मिटरमा नाम थिएन। इन्ट्री गर्ने नेपाल ओलम्पिक किमिटीले तथा एथ्लेटिक्सका अफिसियलहरूले समयमै नेपाली खेलाडीको नाम इन्ट्री भएको वा नभएको बारे ध्यान नदिँदा उनी प्रतिस्पर्धामा भाग लिनबाट वन्चित भएका हुन्। राष्ट्रिय टिम तयारी समितिले उपलब्ध गराएको नाममा विश्वरूपाले ५ हजार र १० हजार मिटरमा भाग लिने उल्लेख थियो।

उक्त स्पर्धा अघि नेपाली अफिसियलहरू भने नेपाली खेलाडीले भाग लिने बताएका थिए। जसअनुरुप उनीहरू बुङ कार्नो रंगशालामा पनि पुगेकी थिइन्। तर सेन्ट्रल जाकर्ताको बुङ कार्नो रंगशालामा भएको दौडमा भाग लिन पुगेकी विश्वरूपाले प्रतिस्पर्धा नगरिकनै फर्कन बाध्य भइन्। एथ्लेटिक्सकी व्यवस्थापकले विश्वरूपालाई रंगशालाभित्र पठाए पनि नाम दर्ता नभएका कारण उनी फर्कन बाध्य भइन्। योभन्दा लाजमर्दो अर्को के होला?

नेपाल ओलम्पिक कमिटीले भने विश्वरूपाको नाम नेपालबाट नै दर्ता पूरा गरेको भएको दाबी गरे। नेपाल ओलम्पिक कमिटीले इन्डोनेसियामा नै प्राविधिक समस्या भएको जानकारी दियो। सोमबहादुरको हकमा भने अन्तिम समयमा खेल्न चाहेकाले नाम इन्ट्री गर्न नमिलेको नेपाल ओलम्पिक कमिटीका कार्यकारी अधिकृत सुजनलाल श्रेष्ठले बताए।

पहिला ८ सय मिटर मात्र खेल्ने बताए पनि अन्तिम समयमा ४ सय पनि खेल्न खोजेपछि उनले भाग लिन नपाएको श्रेष्ठले बताए। प्राविधिक कारणले सोमबहादुर कुमालले ४ सय मिटरमा भाग लिनबाट सञ्चित भए पनि पुरुष ८ सय मिटरमा भने उनले नयाँ राष्ट्रिय कीर्तिमान बनाउन सफल भए।

यसैगरी नेपाली धावक यामसाजन सुनार १८औं एसियाली खेलकुदको २ सय मिटर दौडमा प्रतिस्पर्धा नै नगरी स्वदेश फर्किए। उक्त इभेन्ट मुख्य रंगशाला जेरोला बुङकार्नोमा प्रतिस्पर्धा भएको थियो। हिट नम्बर ४ को सूचीमा यामसाजनको नाम थियो। तर लेन नम्बर ५ मा उनी अनुपस्थित रहे।

नेपाली टिम अफिसियलसामू उनले आफू खेल्न नसक्ने कारण दिएका थिए। त्यसको केही दिनअघि १ सय मिटर प्रतिस्पर्धा गरेका यामसाजनले खुट्टामा समस्या भएकाले २ सय मिटर दौड्न असमर्थ रहेको कारण पेश गरेका थिए। उनले १ सय मिटरको हिट चरणमा ११.३९ सेकेन्डबाट दौड पूरा गरेका थिए। उनी आफ्नो टाइमिङ पनि सुधार्न असफल भए। यामसाजनको २ सय मिटरमा भने २१.७५ सेकेन्डको टाइमिङ छ। इन्चोन एसियाडसमेत खेलेका उनले १२ औं दक्षिण एसियाली खेलकुदमा २२.३१ सेकेन्डबाट दौड पूरा गरेका थिए।

यस्तै म्याराथनमा भने २ धावकले दूरी पार गर्न सकेनन्। कृष्णबहादुरले ४० र गोपीचन्द्रले ३० किमिमा दौड त्यागेका थिए। खेलस्थलको बाफिलो मौसमले गर्दा मांसपेसीमा समस्या आएर बीचमै दौड त्यागेको उनीहरूले बताएका थिए।

एसियाडको पदक इतिहासमा नेपालले ३ खेलमा मात्र पदक जितेको छ। यी तेक्वान्दो, बक्सिंग र कराँते हुन्। तर तीनै खेलले जाकार्ता एसियाडमा एउटा पनि पदक जित्न सकेनन्। पछिल्लो एसियाडमा समेत पदक नजितेको तेक्वान्दोले खाली हात फर्केर पदक शून्यतामा ह्याट्रिक गर्दा बक्सिंग र कराँतेको पनि उही हालत भयो।

### राष्ट्रिय खेलमा पहिलो जित


एसियन गेम्समा पुरुष भलिबलतर्फ नेपालले पहिलोपटक ऐतिहासिक जित हासिल गऱ्यो। नेपालले एसियन गेम्समा भलिबलतर्फ ३२ वर्षपछि सहभागिता जनाएको हो। सन् १९७८ मा थाइल्यान्डको बैंककमा भएको आठौं एसियाडमा पहिलोपटक सहभागिता जनाएको नेपालले त्यसपछिका दुई संस्करणमा पनि सहभागिता जनायो। तर, सन् १९८२ को दिल्ली एसियाड तथा १९८६ को सिओल एसियाडमा पनि नेपालले पुरुष भलिबलतर्फ एउटा सेट पनि जित्न सकेको थिएन। तर यसपटक राष्ट्रिय खेल घोषणा गरिएकै वर्ष नेपालको पुरुष भलिबल टिमले उक्त सफलता हासिल गरेको हो।

नेपालले मंगोलियालाई ३-१ को सेटमा हराएको थियो। मंगोलियाविरुद्धको पहिलो सेट २६-२८ ले गुमाएको नेपालले दोस्रो सेट २५-१६ ले आफ्नो पक्षमा पारेको थियो। प्रतिस्पर्धात्मक तेस्रो सेट ३०-२८ ले जितेको नेपालले चौथो सेट २५-१९ ले जित्दै जित सुनिश्चित गरेको थियो।



## जोर नम्बरको जाम

हास्य कलाकार केदार घिमिरे 'माग्ने बुढा' राजधानीमा जारी बिमस्टेक सम्मेलनका कारण सवारीमा लगाइएको जोर-विजोर प्राणालीका बाबजुद बिहीबार जाममा परेपछि तस्वीर खिची गाडीमै आराम गरेर समय बिताउँदै।



PAGE3

## छम्म छम्म

गायिका तथा सञ्चारकर्मी मञ्जु पौडेल अस्ट्रेलियाको कार्यक्रममा आफ्नो गीत प्रस्तुत गर्दै।





# ह्वात्तै बढ्यो तीजको लहर

रश्मी थापा

नेपाली गायकगायिकालाई तीज आउनु महिनौंअघि नै तीज लागिसकेको थियो, तीज पर्व नजिकिँदै गएपछि त झनै यसले ह्वात्तै छोपिदिएको छ। तीज आउनु कहिले-कहिले, तीजलाई विषय बनाएर तयार पारिएका गीतहरू पहिले नै सार्वजनिक गरेर तीजका समयमा तीनै गीतका साथ स्टेज तथा विदेशमा आयोजना हुने कार्यक्रममा सहभागी हुने गायकगायिकाको जमात लामै देखियो यसपालि।

भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी तीज गीत आए कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी धेरै देखियो। तीज नजिकिँदै गएपछि यति बेला तीज गीतहरूले बजार तताइसकेका छन् भने यस्ता गीत सार्वजनिक हुने क्रम अझै बढ्दै छन्। तीजका अवसरमा सरदर ८ सयदेखि १ हजार गीत प्रकाशित हुने गरेका छन्। वर्षैपिच्छे तीज गीत लिएर आउने गायिकामा कोमल वली, मञ्जु पौडेल, शोभा त्रिपाठी, सुनीता दुलाल जस्ता गायिकाहरू पर्छन् भने केही वर्षयता महिलाको यो चाडबारेका गीत पुरुष स्वरमा पनि बाक्लै सुनिन थालेको छ।

पछिल्लो समय तीज गीतका कारण चर्चामा आइरहने गायिका हुन् राष्ट्रिय सभा सदस्य कोमल वली। प्रदेश-५ बाट राष्ट्रिय सभामा निर्वाचित भएपछि पनि कोमलललाई तीजमा गीत गाउन राजनीति बाधक बनेन। यस वर्ष आफ्नी बहिनी प्रज्ञा वलीसँग सयुक्तरूपमा गाएको पहिलो तीज गीत *आऊ दिदी-बहिनी होपश्चात्* उनले अर्को गीत *माननीयज्यू* ल्याएकी छिन् भने एउटै तीज पर्वको लागि ४ गीत ल्याएकी छिन्। *मलाई घूस खुवाउन आउनेको चाहिँदैन भोट* भन्दै कोमल वलीले लोकदोहोरी गायक पशुपति शर्माका साथ तीज गीत गाएकी छिन्। गीत पशुपति शर्माले नै लेखेका हुन् भने पवित्रा आचार्यको कोरियोग्राफी र दुर्गा पौडेलको निर्देशन तथा छायांकनमा यसको म्युजिक भिडियो तयार पारिएको छ। भिडियोमा गायक शर्मा विभिन्न फरक भूमिकामा देखिएका छन्। वली केही वर्षयता *पोइला जान पाम, पोइ चाहियो भनेर गीत गाउने मेरो लास्टै चोटी हो, चाहिँदैन पोइ* जस्ता तीज गीतबाट चर्चा र विवादमा तानिँदै आइरहेकी छिन्।

त्यसै गरी लोकगायिका तथा सञ्चारकर्मी मञ्जु पौडेल र सन्तु थापाको स्वर रहेको *छम्म छम्म* बोलको तीज गीतले पनि म्युजिक भिडियोसहित बजार तताएको छ। यो गीतमा शिव हमाल र पवित्रा सुर्तुङ्गे मगरको संगीत छ। तीजमा व्रत बसेकी नारी आफ्नो पति सँगै नाच्न आउँदा झन् खुसी हुन्छिन् भन्ने भावलाई भिडियोमा उतारिएको छ। नीता ढुंगाना र दीपेन्द्र घिमिरेले कम्मर मर्काएको भिडियोलाई प्रकाश भट्टले निर्देशन गरेका छन्।

गायिका तथा सञ्चारकर्मी अनिता चलाउनेले पनि रामजी खाँणका साथ *नहेर राजै त्यसरी* बोलको तीज गीत ल्याइन्। जसको म्युजिक भिडियोमा नायिका नीता ढुंगाना र रामजी खाँणको नृत्य रहेका छ। गीतको लय रामजी खाँण र शब्द घनश्याम रिजालको रहेको छ भने भिडियो निर्देशन मौसम हिमाली, छायांकन दुर्गा पौडेल र सम्पादन नवीन घर्ती मगरको रहेको छ। सञ्चारकर्मी तथा गायिका शोभा त्रिपाठी पनि वर्षैपिच्छे तीजको अवसरमा गीत बजारमा ल्याउने गायिकामा पर्छिन्। यसपालिको तीजलाई लक्षित गरी उनले खुमन अधिकारीको शब्द संगीतमा *तिमी चाहिन्छ* बोलको तीज ल्याएकी छिन्। यसको भिडियोमा महेन्द्र गौतमको साथमा शोभा आफैंले नाचेकी छिन्। भिडियोको निर्देशन प्रकाश भट्टले गरेका छन्। गायिका पारू रञ्जितले तीज गीत *तीजको लहर अमेरिकासम्म* बोलको गीत सार्वजनिक गरिन्। जसमा शब्द तथा संगीत बाबुल गिरीको छ भने म्युजिक भिडियोमा अभिनेतृ करिश्मा मानन्धरको नृत्य र पवित्रा आचार्यको निर्देशन तथा कोरियोग्राफी रहेको छ। श्रीधर पौडेलको छायांकन रहेको भिडियोमा सम्पादन विष्णु शर्माको रहेको छ।

नेपाली आधुनिक गीत गायनबाट चिनिएकी गायिका सरू गौतमले यो वर्ष *चाइनाको रेलमा* बोलको तीज गीत ल्याइन्। कुमार कटुवालको शब्द तथा दीपक शर्माको संगीत रहेको गीतको म्युजिक भिडियोमा मोडल सुप्रिया कटुवाल, सबी कटुवाल तथा गायिका सरूको अभिनय तथा नृत्य रहेको छ। उत्सव दाहालले छायांकन गरेको भिडियोलाई देवेन्द्र पाण्डेले निर्देशन गरेका छन् भने सुशील न्यौपानेले सम्पादन गरेका छन्। त्यसै गरी बेला-बेलामा पहिरन र लोकगीतको शब्द छनोटका कारण विवादमा आइरहने गायिका तथा मोडल ज्योति मगरलाई लिएर गायिका भूमिका गिरीले *विकृति* बोलको तीज गीत ल्याएकी छिन्। यसको भिडियोमा भूमिका गिरी, ज्योति मगर, मालती घले, अञ्जिला वाइबा, सविता परियार र सीमा घर्तीको अभिनय रहेको छ। खेम सेञ्चुरीको संगीत रहेको गीतको म्युजिक भिडियोमा राजेश घिमिरेको छायांकन तथा प्रकाश भट्टको निर्देशन रहेको छ। त्यसै गरी गायकगायिका विक्रम राना र ज्योति मगरको स्वर रहेको तीज गीत *उठ माया जुरुक्कै नाच फुरुक्कै* पनि बेलैमा बजारमा आयो। करण न्यौपानेको शब्द र संगीत, विपीन आचार्यको एरेन्ज रहेको गीतको भिडियोलाई प्रकाश भट्टले निर्देशन गरेका छन् भने विक्रम राना र आरुषी मगरले नृत्य गरेका छन्। शीतल आचार्य र रीता बुढाथोकीको संयुक्त प्रस्तुति रहेको तीज गीत *धिन धिन मादल घन्काउँदै* पनि यही वर्ष सार्वजनिक भएका तीज गीतमध्ये एक हो। गायिका रीता बुढाथोकीको साथमा पहिलोपटक कलाकार तथा मोडल शीतल आचार्यले पनि स्वर दिएकी छिन्। क्षितीज (आरसी कोइरालाको शब्द र बीबी अनुरागीको संगीत रहेको गीतको म्युजिक भिडियोमा मौसम हिमालीको निर्देशन रहेको छ भने गायिका शीतलकै नृत्य रहेको छ। गायिका लक्ष्मी सिमाली, अस्मिता श्रेष्ठ तथा गायक नारायण नेपाली र राजकुमार काफ्लेको स्वरमा तीज गीत *बूढीले सत्यानासै पारी* यस वर्षको हास्यप्रधान विषयवस्तुमा तयार पारिएको तीज गीत हो। यसमा राजकुमार काफ्ले, विमल श्रेष्ठ र टीका भुजेलको शब्द रहेको छ। यसको म्युजिक भिडियोमा सरापे काजिश श्रेष्ठ, अञ्जली अधिकारी र आयुष्माको अभिनय तथा नृत्य रहेको छ। रेशम दलामीले छायांकन गरेको भिडियोलाई काजिश श्रेष्ठले निर्देशन तथा भने दीपक विष्टले सम्पादन गरेका छन्।

तीज आउनु महिनौंअगाडि नै तीज गीतहरू बजारमा ल्याइए पनि यसलाई छिटो आएको मान्न नहुने गायिका कोमल वली बताइन्। 'असारदेखि तीज गीतहरू आउन थालेका हुन्। मौसमले पनि तीज आएको आभाष गराउँछ। झरी चाडवाड शुरू हुने संकेत हो, झन् साउनदेखि त जता पनि हरियो देखिन्छ। केही तीज गीत अलि छिटो आए पनि अधिकांश गीतहरू असारदेखि शुरु हुन्छन्', वली भन्छिन्- 'राम्रोसँग बनाउँदा एउटै तीज गीतका लागि २ देखि ३ लाखसम्म खर्च हुन्छ। यसका लगानी उठाउनका लागि पनि छिटो युट्युबमा राख्नुपर्ने हुन्छ। अर्को कुरा विदेशमा हुने तीज कार्यक्रमका लागि आयोजकहरूले फागुनदेखि नै समय लिइरहेका हुन्छन् र वैशाखतिर त फिक्स नै भइसकेको हुन्छ। आयोजकलाई कलाकार चाहिएको हुन्छ भने कलाकारलाई लोकप्रियता र काम चाहिएको हुन्छ। आयोजकले पनि यो कलाकारको यो गीत छ भन्ने थाहा पाउनुपर्‍यो।' तीज गीतहरूले सांगीतिक बजार र कलाकारहरूलाई पनि सहयोग गरेको कोमलको ठम्याइ छ। 'गायकगायिकालाई धेरै लगानी गरेर पनि ढिला गीत निकाल्दा कुनै उपलब्धि छैन', कोमल भन्छिन्- 'तर, केहिले भने रहर पूरा गर्न या आत्मसन्तुष्टिका लागि पनि गीत निकाल्ने गरेको पाइन्छ भने केहिले तीज गीतमार्फत राजनीतिक तथा सामाजिक कुराहरू जोडेर समाजलाई योगदान दिनका लागि पनि गीत निकाल्ने गरेको पाइन्छ। गायिका तथा सञ्चाकर्मी मञ्जु पौडेल विदेशका कार्यक्रमहरूमा जानुपर्ने कारणले छिटो गीत निकाल्ने गरेको बताउँछिन्। गायिका अनिता चलाउने आधिकारिक कम्पनी नभएको र कलाकारमा आफ्नै युट्युबमा गीत राखेर भ्युअर्स बढाउने भन्ने होडबाजीको कारण जेठ असारमै तीज गीत आउने गरेको बताउँछिन्।














## लाखौं पाठकको प्रिय कामना



# गाईजात्रा विशेष अंक

### यस अंकका आकर्षण

- मार्क जुकरबर्गलाई केदार घिमिरे माग्ने बूढाको चिठ्ठी
- मनोज गजुरेलको गजुरीयल डट कम
- गाउँले बलदेवको भट्टी भागवत
- विजयरत्नको बक्स अफिस
- कपिल काफ्लेको लोकतान्त्रिक गाली
- शिवहरि पौडेलको नेता जात्रा मनाउने प्रस्ताव
- जितु नेपालको दोहोरी
- विल्सनविक्रम राई तक्मे बूढाको मायाले नथाम्ने संसार
- पेशल आचार्यको नकचरो सरकार
- प्रेम वली ढलकपुरेको पार्टी र ठोक्तकलगायत पढ्नैपर्ने दर्जनौं तीखा, हसिला र पेचिला व्यंग्य लेख, कविता र चुटकिलाहरू।

साथमा कीर्तिकिशोर जोशी, उमेश अधिकारी, देवेन्द्र थुम्केली, उत्तम नेपाल, केशव खनाल, राजमान महर्जन, सानुराज डंगोल र पदम घलेका कुतकुत्याउँदा व्यंग्यचित्र।



# विचार

जुन राज्यमा विवेकवान् एवम् दृढ व्यक्ति हुन्छन्, त्यस्ताको सम्मान गर्नु राज्यको कर्तव्य हो।
- राजा जनक

जसले आफ्नो लाजलाई बचाउँदैन, त्यसको लाज अरूले चाहेर पनि बचाउन सक्दैन।
- सरदार पटेल

## सम्पादकीय

नेपाल समाचारपत्र

## काठमाडौंवासीको पट्यार लाग्दो प्रतीक्षा

**मेलम्चीको पानी पिएर प्यास मेट्ने काठमाडौंवासीको चाहना यो दशैंमा पनि पूरा नहुने निश्चित भएको छ। खानेपानी मन्त्रीदेखि सरोकारवाला सचिवसम्मले दशैंमै पानी आउँछ भनेर पटक–पटक भनिरहे पनि अझै थुप्रै काम बाँकी रहेकाले काठमाडौंवासीको यो चाहना पूरा हुन थप केही महिना लाग्ने बताइएको छ। पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले मेलम्चीको पानी ल्याएर काठमाडौं पखाल्ने उद्घोष गरेदेखि नै काठमाडौंवासी प्रतीक्षारत छन्। त्यसपछिका प्रधानमन्त्री, मन्त्री अनि अन्य जनप्रतिनिधिहरूले पनि मेलम्चीको पानी ल्याउने भाषण गरिरहे तर पूरा गर्न सकेनन्। हुन त यसबीचमा काम नै नभएको भन्नचाहिँ मिल्दैन, तर पनि जति तीव्रगतिमा हुनुपर्ने हो त्यो भने हुन सकेन। कहिले स्थानीयको विरोध, कहिले ठेकेदारको लापरबाही, कहिले राजनीतिक खिचातानी त कहिले भारतीय नाकाबन्दी र विनाशकारी भूकम्पको असरले मेलम्चीको काम अगाडि बढ्न सकेन। पछिल्लो समय आगामी दशैंमा मेलम्चीको पानी खुवाउने भनेर काठमाडौंका कतिपय स्थानमा खानेपानीको नयाँ पाइप पनि बिच्छ्याइयो। तर मेलम्चीमै काम नसकिँदा काठमाडौंमा पानी वितरण गर्न अझै ५–६ महिना लाग्ने देखिएको छ।**

**पानी पठाउने सुरुङ गत चैतमै छिचोलिए पनि फिनिसिङको काम बाँकी नै छ। सुरुङमा अहिले ढलानको काम भैरहेको छ। दैनिक ५०–६० मिटरको दरले सुरुङ ढलान हुँदा पनि अहिलेसम्म १० किलोमिटर मात्रै ढलान भएको समाचार छ। यस हिसाबले अझै १७ किलोमिटर सुरुङ ढलान हुन बाँकी देखिएको छ। यही गतिमा सुरुङ ढलान हुँदा पनि सबै काम सकिन अझै साँढे पाँच महिना लाग्ने प्राविधिकहरूको भनाइ छ। एक प्राविधिकको भनाइमा यो दशैंमै मेलम्चीको पानी सुन्दरीजलसम्म ल्याउन अहिलेको कामको गतिलाई दोब्बर बढाउनुपर्छ। त्यसैले पनि मेलम्चीको पानी चाँडो काठमाडौं आउने सम्भावना देखिँदैन।**

**निर्देशनालयअन्तर्गत भैरहेको थोक वितरण र वितरण सञ्जालको पाइपलाइन बिछ्याउने काम अझै सकिएको छैन। १ हजार वितरण सञ्जालमध्ये हालसम्म ७ सय ३० किलोमिटर मात्रै बिछ्याइएको छ। १० स्थानमा पानी बाँडेर पानीपोखरी बन्नुपर्नेमा भक्तपुरको कटुन्जेमा भर्खर जग हालिएको छ अवस्था छ। मेलम्चीको पानी सुन्दरीजलमा खसालेलगत्तै पानी खुवाउन सक्ने अवस्था पनि छैन। मुख्य शहरी क्षेत्रबाहेकका स्थानमा पानी खुवाउन ६ महिना लाग्ने निर्देशनालयले नै जनाएको छ। पानी प्रशोधन केन्द्रदेखि पानीपोखरी र पाइपलाइनको पूरै प्रणाली जाँच गर्न ६ महिनासम्म लाग्ने जनाइएको छ। विनानिरीक्षण, विनायोजना र विनासोच जनप्रतिनिधि एवम् सरकारमा रहनेहरूले मेलम्चीको पानी छिट्टै काठमाडौंमा झार्ने सपना देखाएकै हुन्। यसरी आधारहीन हावादारी गफभन्दा पनि काम देखाएर काठमाडौंवासीको लामो समयदेखिको पानीको प्यास मेटाऊ। काठमाडौंवासी मेलम्चीको पानी पिएर प्यास मेटाउन हतारिएका छन्।**

# प्रधानमन्त्रीद्वारा आत्मसमर्पण !



पुष्करलाल श्रेष्ठ

देशलाई समृद्ध बनाउँछु भनी दृढ अठोट लिने कुनै पनि मुलुकका राष्ट्राध्यक्षको सबैभन्दा पहिलो प्राथमिकता समयको व्यवस्थापन हुन्छ। त्यसपछि मात्र उनीहरूले सम्बन्धित क्षेत्रका विज्ञहरूलाई राखेर देश विकासको योजना र खाका कोर्छन्। अनावश्यक र अनुत्पादक कुरामा एक सेकेन्ड खर्चिने समय पनि उनीहरूसँग हुँदैन। भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, रुसका राष्ट्रपति भ्लादभिर पुटिन, जर्मनीका चान्सलर एन्जिला मार्केल, चीनका राष्ट्रपति सी जिङ पिङ आदि विश्वका चर्चित नेताहरूको दैनिकी कसरी बित्ने गरिरहेको छ भन्ने कुराको अध्ययन गर्दा पनि यो कुरा पुष्टि हुन्छ। भर्खरै सम्पन्न विश्वकप फुटबल प्रतियोगितामा आफ्नो मुलुकका खेलाडीहरूले अप्रत्यासितरूपमा प्रदर्शन गरिरहेको फुटबल खेल हेर्नसमेत रुसका राष्ट्रपति भ्लादभिर पुटिनले समय निकाल्न सक्नुभएन। यसका कारण उहाँको आलोचनासमेत भएको थियो।

सिंगापुरको भाग्य बदल्ने ली क्वान यु र भूतपूर्व ब्रिटिस प्रधानमन्त्री मार्गरेट थ्याचरलगायत युरोपका राष्ट्राध्यक्षहरूको जीवनी पढ्दा पनि उनीहरूले ठीक समयमा उचित काम गर्नलाई नै पहिलो प्राथमिकता दिएको पाइन्छ। हाम्रा देशका प्रधानमन्त्री केपी ओलीजस्तो ३ घन्टा ढिलो कार्यक्रममा पुगेर पनि घन्टौं भाषण गरी आमन्त्रितहरूको समयसमेत अनावश्यकरूपमा बर्बाद गर्दैनन् युरोपका राष्ट्राध्यक्षहरू। प्रधानमन्त्री ओलीको यही शैलीलाई आफ्नै पार्टीका पूर्वप्रवक्ता नारायणकाजी श्रेष्ठले समेत सार्वजनिकरूपमै आलोचना गरिसक्नुभएको सबैमा विदितै छ।

भर्खरकै कुरा गर्ने हो भने पनि प्रधानमन्त्री ओलीले केही मिडियाका सम्पादकहरूलाई आफ्नो निवास बालुवाटारमा बोलाएर तीन घन्टा प्रवचन दिनुभएको रहेछ, त्यो पनि गाईजात्राको दिनमा। आफ्ना अभिव्यक्तिहरू र कार्यशैलीका कारण पूरै गाईजात्रे शैलीमा देश चलिरहेकाले पनि उहाँले व्यस्त सम्पादकहरूको घन्टौं समय बर्बाद गर्न गाईजात्राकै दिन रोज्नुभएको होला ! आफूले शासन सम्हालेको ६ महिना बितिसक्दा पनि कुनै काम गर्न नसक्नुको कारणबारे सम्पादकहरूलाई प्रधानमन्त्री ओलीले दिएको बाहिर आएको स्पष्टीकरण सुन्दा गाईजात्रा प्रहसनमा कहिलेकाहीं भद्दा हास्यव्यङ्ग्य प्रहसन सुनेका भन्दा केही फरक छुट्याउन नसकिने खालको देखिन्छ।

गाईजात्राको दिन सम्पादकहरूसँग प्रधानमन्त्री ओलीले आसन्न बिमस्टेक बैठक, बालिका निर्मलाको बलात्कारसम्बन्धी कन्चनपुर घटना, नयाँ मुलुकी संहिता, संस्कृत विश्वविद्यालयका उपकुलपति र माओवादीका पूर्व-बाललडाकूलाई विमानस्थलबाटै फर्काइएको प्रकरण, माइतीघर मण्डलाको निषेधाज्ञा प्रकरणका कुरामा लामो समय लिएको देखिन्छ। साथै मुलकमा भइरहेको अपराध, हिंसा, भ्रष्टाचार, राजनीतिक अस्थिरता, लोकतन्त्र, समाजमा देखिएको वितृष्णा र देशकै विरुद्ध षड्यन्त्र भइरहेको आदि विषयमा पनि उहाँले सम्पादकहरूसँग घन्टौं समय बिताएको देखिन्छ। विषयवस्तु गम्भीर देखिए तापनि बाहिर आएको समाचार पढ्दा उहाँको प्रस्तुति सधैंको झैं हल्काफुल्का नै देखिएको छ। प्रधानमन्त्री ओलीले आजसम्म कुनै काम गर्न नसक्नुको सबै दोष सरकारी कर्मचारी, अदालत, सुरक्षा निकाय, विश्वविद्यालय, अस्पताल, विरोधी राजनीतिक पार्टी र मिडियालाई दिनुभएको रहेछ। यी सबै बेथिति हटाउन नै जनताले उहाँलाई मुलुकमै सबैभन्दा बढी मत र उहाँको पार्टी नेकपालाई लगभग दुई तिहाइ बहुमत दिएर देशको बागडोर सुम्पेका हुन्। अहिले आएर दोष जति अरूलाई देखाई आफू पन्छिन मिल्छ कि मिल्दैन भन्ने बारे त्यहाँ उपस्थित सम्पादकहरूले उहाँसँग चर्चा गर्नुभयो/भएन अथवा एकोहोरो सुनेर मात्र बसिरहनुभयो भन्ने कुरा बाहिर आएन। तर पनि प्रधानमन्त्री ओलीले चाहिँ लामै समय लिएर यसो भन्नुभएछ- 'नयाँ मुलुकी ऐन हामीले ल्याएको होइन। हामीले हटाएका सबै मान्छे अदालतले फिर्ता गरिदिन्छ। माइतीघर मण्डला निषेधाज्ञाको कुरा पनि तपाईंहरूकै सञ्चारमाध्यमबाट मात्र थाहा पाएँ। देशमा अपराध र राजनीतिक अस्थिरता विप्लव माओवादीले ल्याएको हो। कर्मचारीको टेबुलमा अन्डरपास चलेकै छ। सुरक्षा निकाय, विश्वविद्यालय र अस्पताललाई विश्वास गरेजस्तो काम हुँदैन। राम्रो काम गरेन भनेर कर्मचारी हटाउँदा फुत्त अदालत जान्छन् र अदालतबाट 'यी लिएर आएँ' भनेर आइहाल्छन्। अनि तपाईंहरू मैले केही गर्न नसकेको भनेर लेखिहाल्नुहुन्छ, मैले गर्ने के ?'

दुई तिहाईको स्पष्ट बहुमत भएका मुलुकका कार्यकारी अधिकारप्राप्त प्रधानमन्त्रीजस्तो व्यक्तित्वको यस्तो गैरजिम्मेवार र हल्काफुल्का टिप्पणी सुन्दा गाईजात्राको दिनमा बालुवाटारमा राम्रै प्रहसन हेरेर/सुनेर सम्पादकहरू फर्केका होलान् भनी अनुमान लगाउन गाह्रो पर्दैन।

यस्तै भर्खरै कन्चनपुरमा घटेको कहाली लाग्दो बलात्कार घटनाबारे सम्पादकहरूसँगको भेटमा प्रधानमन्त्री ओलीले आफू पहिले पूरै प्रहरीको भरमा परेको तर जनताले प्रहरीको अनुसन्धानलाई नपत्याएको देखिएपछि शंका लागेर सीआईबीको अर्को टोली खटाएको बताउनुभएको रहेछ। त्यसको निष्कर्ष नआउँदै पुलिसले एकजना गिरफ्तार गरेपछि बल्ल छानबिन बनावटी लागेको, अलिकति संदिग्ध देखिएको, मृतकका बुबालाई जेल बोलाएर अनेक प्रश्न गर्दै दुर्व्यवहार गरिएको, यो सुनेपछि त्यहाँका डीएसपी, एसपी, सीडीओ फिर्ता गरेर सहसचिवको नेतृत्वमा तीनजना डीआईजी राखी उच्चस्तरीय टोली पठाएको बारे पनि प्रधानमन्त्री ओलीले सम्पादकहरूसँग लामो गन्थन गर्नुभएको देखिन्छ। कसैले नभने पनि कन्चनपुर घटनाका पीडित बालिका निर्मला पन्तको परिवारलाई सरकारले राहत दिएको प्रधानमन्त्री ओलीले सगौरव बताएको देखिन्छ। तर, स्व. निर्मलाका पिता यज्ञराज पन्तले आफूले पैसा होइन न्याय मागेको भन्दै न्याय नपाएसम्म सरकारले दिएको १ रुपियाँ पनि नलिने बताएर सरकारको अकर्मण्यतामाथि हानेको झापडका बारे सम्पादकहरूलाई प्रधानमन्त्री ओलीले जानकारी गराउनुभयो कि भएन, त्यो भने थाहा पाउन सकिएन।

भ्रष्टाचारको मामिलामा सधैं शून्य सहनशीलता भनी भाषण गरिरहने प्रधानमन्त्री ओलीले आफू प्रधानमन्त्री भएको ६ महिना बितिसक्दा पनि सरकारी कर्मचारीहरू टेर्दैनन् भन्न छोड्नुभएको रहेनछ। बरु यति धेरै वरिष्ठ सम्पादकहरूको अगाडि लाजै नमानीकन कलंकीको अन्डरपाससँग तुलना गर्दै सरकारी कार्यालयमा हुने अन्डर टेबुल पासको ठट्यौली पारामा बयान दिइरहेको पाइयो। यस्तो अन्डर पासचाहिँ मैले देखेको छैन, हामी कमिसन-घूस खाँदैनौं, सिरक-बर्को ओढेर वा लुकेर केही खाने हाम्रो चलन छैन भन्दै उहाँले आजकाल गाईजात्रा त्यति चल्दैन, त्यसैले गाईजात्राका नाममा रत्यौली खेल्छन् भनेर आलोचकहरूलाई व्यङ्ग्य गर्न पनि भ्याउनुभएछ। यसरी सम्पादकहरूलाई अगाडि राखेर भ्रष्टाचारमा आफूले नातावाद, कृपावाद, राजनीतीकरण गर्दिनँ त भन्नुहुन्छ तर संविधानअनुसार अख्तियार प्रमुख नियुक्ति गर्ने भाका नाघिसक्दा पनि अहिलेसम्म किन नियुक्ति नगरिएको भन्ने बारेचाहिँ सम्पादकहरूलाई केही बताउनुभएको समाचार पढ्न/सुन्न पाइएन।

'कमाउ धन्दामा लाग्ने मान्छे मेरो समीपमा टिक्दैन, अड्दैन, उनीहरूलाई गाह्रो हुन्छ, किनभने म चिनिहाल्छु, शरीरमा अत्तर दलेपछि बासना त आइहाल्छ' भनेर सम्पादकहरूको अगाडि गफ हाँक्ने प्रधानमन्त्री राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमको विमान नचढेर कमाउनकै लागि व्यवसाय गरिरहेका निजी विमान कम्पनी हिमालयन एअरलाइन्सका मालिक आङछिरिङ शेर्पाको विमान चढेर राजकीय भ्रमण गर्नुहुन्छ। मार्सी चामलको बासनाको अगाडि दुर्गा प्रसाईंले लगाएको अत्तरको बासनासमेत चाल पाउनुहुन्न हाम्रा प्रधानमन्त्रीज्यू !

नयाँ मुलुकी ऐनसम्बन्धमा सम्पादकहरूलाई दिनुभएको प्रधानमन्त्री ओलीको बयानलाई त यो वर्ष गाईजात्रामा प्रदर्शन गरिएको उत्कृष्ट प्रहसन भन्दै पुरस्कार दिनुपर्ने स्तरको छ। कानुन बनाउने संसद्को आफैं जिम्मेवार संसद् सदस्य भएर आफ्नै सहमतिमा लालमोहर लागेको नयाँ मुलुकी ऐनमा प्रेसको विरोध हुन थालेपछि अहिले आएर सम्पादकहरूको अगाडि मुलुकी संहितामा ध्यानै दिन पाइनँ भन्दै रोइकराइ गर्नुहुन्छ। यो मुलुकी ऐन पहिलेकै सरकारले बनाएको जस्तो कुरा गर्नुहुन्छ। अहिलेको सरकारले त सहजीकरण मात्र गरिदिएको रे ! चुनाव प्रचारमा हिँडिराखेकाले बहसमा भाग लिनै भ्याइएन रे ! यो भन्दा मजाक अरू के हुन सक्छ ?

अर्को प्रसंग अझ रमाइलो छ। माइतीघर मण्डलाको निषेधाज्ञाबारे सम्पादकहरूकै कृपाले सञ्चारमाध्यममा आइसकेपछि मात्र थाहा पाएको बताउने प्रधानमन्त्री ओलीले भोलि कुनै बेला गृहमन्त्री रामबहादुर थापालाई 'मैले बनाएको गृहमन्त्री नै होइन' भन्न बेर नलगाउनुहोला जस्तो छ। यो कुराको संकेत त उहाँले पूर्वमाओवादी लडाकू लेनिन विष्टलाई अन्तर्राष्ट्रिय विमानस्थलको अध्यागमन विभागले फर्काएको घटनालाई लिएर २४ घन्टाभित्र जवाफ दिन आफ्नै सरकारको मातहतमा रहेको गृह मन्त्रालयसँग मागेको स्पष्टीकरणबाटै दिइसक्नुभएको छ।

हिजो मदन भण्डारीको हत्या भएको आरोप लगाउँदै असन, भोटाहिटीको झ्यालमा बसिरहेका निर्दोष मान्छेहरूसमेत गोली लागेर मर्नुपर्ने गरी ताण्डव नृत्य मच्चाएका प्रधानमन्त्री ओली अहिले सन्त ज्ञानेश्वर बनेर माइतीघर मण्डलालाई शान्तिको कामना गर्ने प्रतीक बनाऔं भन्नुहुन्छ। त्यहाँ प्रदर्शन गर्दा ट्राफिक जाम हुन्छ रे ! पूरै देश उज्यालो हुने अरूण तेस्रो बनाउन नदिएर हिजो देशभर जाम हुने गरी प्रदर्शन गरी देशलाई वर्षौंसम्म अँध्यारोमा जाकेको कुरा प्रधानमन्त्री हुनेबित्तिकै बिर्सनुभएछ भनी खोई कसले पत्याउला र !

चुनावअघि उहाँले दिनुभएका भाषणहरूको यूट्युब र अहिलेको उहाँको कार्यशैली हेर्दा जो-कोहीलाई पनि त्यत्तिकै लाज लागेर आउँछ। चुनावका बेला ५० वर्षपछाडिसम्मको देश विकासको सपना देखाउँदै भाषण गर्ने प्रधानमन्त्री ओली आज आफ्नो कमजोरीको ढाकछोप गर्न प्रधानमन्त्री बनेको ६ महिना नबित्दै 'गम्भीर षड्यन्त्र' देख्न थालिसक्नुभएको छ। हिजो स्व. गिरिजाप्रसाद कोइराला आफ्ना कर्तुतहरू लुकाउन 'ग्रान्ड डिजाइन' भन्दाभन्दै त्यसको कुनै पर्दाफास नै नगरी बितेर जानुभयो। अहिले प्रधानमन्त्री ओली पनि गिरिजाप्रसादकै शैलीमा गम्भीर षड्यन्त्र भन्न थालिसक्नुभयो। दुई तिहाइको स्पष्ट बहुमत प्राप्त प्रधानमन्त्री आफैं कसको गम्भीर षड्यन्त्रमा पर्नुभएको हो भन्ने कुराचाहिँ स्पष्टसँग बताउनुहुन्न। हुँदा-हुँदा आफ्नै सहयात्री माओवादीलाई समेत सम्पादकहरूसामु विगतमा राजदरबारसँग साँठगाँठ गरेर हिँडेको आरोप लगाउन हिचकिचाउनुहुन्न। जो व्यक्ति अहिले त्यही माओवादी विद्रोहका कारण संघीय नेपालको पहिलो प्रधानमन्त्री हुने अवसर पाइरहनुभएको छ, उही व्यक्ति आफ्ना सहयात्रीलाई त्यत्रो सम्पादकहरूका अगाडि उडाउन छोड्नुहुन्न। 'बयलगाडा चढेर अमेरिका पुग्न सकिँदैन' भनी आफूले संघीयताको धज्जी उडाउने गरेको पहिलाको कुरासमेत बिर्सिसकेको जस्तो गरी उहाँले धाराप्रवाह थप अभिव्यक्ति दिएको देखिन्छ।

गाईजात्राका दिन सम्पादकहरूलाई बालुवाटारमा दिनुभएको तीनघन्टे प्रवचनमा प्रधानमन्त्री केपी ओलीले घुमाउरो शैलीमा अहिले सञ्चारमाध्यमकै कारण नेपाली जनतामा निराशा छाउन थालेका कारण सकारात्मक सन्देश मात्र पस्कन उपदेश पनि दिनुभएको रहेछ। सरकारी मुखपत्र गोरखापत्र दैनिकबाहेक गाईजात्राको भोलिपल्ट निस्केका अखबारहरूमा प्रधानमन्त्रीको गन्थनलाई त्यति महत्वका साथ प्रकाशित गरिएको पनि पाइएन। शायद प्रधानमन्त्रीबाट लेख्नयोग्य र सकारात्मक कुराहरू नपाएरै होला !

यस स्तम्भकारको करिब ४ दशकको पत्रकारिता जीवनमा आफ्नै देश नेपालबाहेक अमेरिका, युरोपेली राष्ट्रहरू, अफ्रिका, दक्षिण अमेरिका, जापान, चीन, भारतलगायत झन्डै ५० राष्ट्रका राष्ट्राध्यक्ष तथा मन्त्रीहरूसँगको अन्तरक्रियामा बस्ने अवसर प्राप्त भइसकेको छ। यस्तो अन्तरक्रियामा आफूले राष्ट्रका लागि गरेका योगदानहरू र उपस्थित विदेशबाट आएका पत्रकारहरूका देशका बारे जिज्ञासा लिनेबाहेक फाल्तु कुराहरू गरेर बस्न उनीहरूसँग एक घन्टा पनि समय हुँदैन। हो, जनतासँग आफूले बाचा गरेअनुसार काम गर्न नसकेको बोध भए मात्र यसरी वरिष्ठ सम्पादकहरूलाई राखेर काम गर्न नसकेकोमा नैतिकताका कारण राजीनामा दिन लागेको जानकारी गराउँछन्। हाम्रा प्रधानमन्त्री केपी ओलीले सम्पादकहरूसँगको अन्तरक्रियामा पनि समाजमा निराशा छाइसकेको कुरालाई पटक-पटक दोहोऱ्याउनुको अर्थ न कतै उहाँले पनि घुमाउरो पाराले आत्मसमर्पण गरिसक्नुभएको त होइन ?

## पाठक पत्र

### बेपत्ताको अवस्था सार्वजनिक गर

बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिवस ३० अगस्त नेपालमा पनि मनाइएको छ। विश्वभर बेपत्ता पारिएका नागरिकको अवस्था सार्वजनिकीकरण गर्न र बलपूर्वक व्यक्ति बेपत्ता पारिनबाट संरक्षण गरिनुपर्ने आवाजका साथ बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइने गरिन्छ। नेपालमा तत्कालीन माओवादीले थालेको सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही पक्षबाट बेपत्ता पारिएका ८ सया ४६ जनाको अवस्था अझैसम्म अज्ञात रहेको राष्ट्रिय मानवअधिकार आयोगले जनाएको छ। सशस्त्र द्वन्द्वको अन्त्यपश्चात् विस्तृत शान्ति सम्झौता भएको पनि १२ वर्ष बितिसकेको छ। तर, बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन सकेको छैन।

द्वन्द्वपीडितका परिवारले वर्षौंदेखि बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिनका लागि सरकारको ध्यानाकर्षण गराउँदै आएका छन्। उनीहरूले पटक-पटक आन्दोलन गर्दै 'कि सास देऊ कि लास' भनेर पुकारा गरिरहेका छन्। तर, राज्यले बेपत्ता नागरिकको वास्तविकता अझैसम्म सार्वजनिक गर्न सकेको छैन। बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिनको लागि आयोगमा परेका उजुरीका आधारमा बेपत्ता पार्ने कार्यमा संलग्न दोषी किटान गरी सिफारिस गरिएका व्यक्तिलाई सरकारले कानुनी कारबाही प्रक्रिया अगाडि बढाउन सकेको छैन। यसले देशमा दण्डहीनताको अवस्था विद्यमान रहेको देखाएको छ।

द्वन्द्वरत पक्षहरूबाट बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको खोजबिन गरी स्थिति सार्वजनिक गर्न तथा बेपत्ता पारिएका व्यक्तिको परिवारको सत्यतथ्य जान्न पाउने अधिकारसमेत राज्यले सुनिश्चित गराउन सकेको छैन। सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकार उल्लंघनका घटनाहरूको सम्बोधन गर्न र बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरूपण आयोग गठन गरी बेपत्ताको अवस्था सार्वजनिक गर्न आयोगले ध्यानाकर्षण गराए पनि सरकार राज्य तथा गैरराज्यबाट बेपत्ता नागरिकको अवस्थाप्रति मौन छ। बेपत्ता पारिएका नागरिक र तिनको परिवारजनलाई न्याय दिन ढिलाइ गरेर सरकारले दण्डहीनतालाई प्रश्रय दिइरहेको अनुभूति अहिले गरिएको छ। हरेक वर्ष बेपत्ताका पीडित परिवारले राज्यलाई बेपत्ता नागरिकहरूको अवस्था सार्वजनिकीकरण गर्न र बलपूर्वक व्यक्ति बेपत्ता पारिनबाट संरक्षण गर्नुपर्ने दबाब दिँदै आएका छन्। हालसम्म पनि राज्यका कुनै निकायसँग बेपत्ता व्यक्तिहरूको यथार्थ तथ्यांक छैन। बेपत्ता व्यक्तिको आधिकारिक र यथार्थ तथ्यांक सरकारसँग नहुनु विडम्बनाको कुरा हो।

अहिलेसम्म राज्य र माओवादी पक्षबाट कति मानिस बेपत्ता पारिए ? तिनको स्थितिबारे यकिन तथ्यांक र विवरण उपलब्ध नहुँदा द्वन्द्वपीडित परिवार विक्षिप्त बन्दै आएका छन्। बेपत्ता नागरिकको वास्तविकता सार्वजनिक गर्न र उनीहरूको परिवारजनलाई क्षतिपूर्ति, राहत र परिपूरणको व्यवस्था गराउन यथाशीघ्र सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गरी द्वन्द्वपीडित परिवारलाई न्याय दिनुपर्छ। सरकार र तत्कालीन माओवादीबीच चलेको दशबर्से सशस्त्र द्वन्द्वका क्रममा १७ हजारभन्दा बढी नागरिकले अनाहकमा ज्यान गुमाउनुपऱ्यो। अधिकांश पीडित परिवार आफन्तको खोजीमा दिनरात तड्पिँदै बाँच्नुपर्ने नियति छ। द्वन्द्वकालमा बेपत्ता भएका नागरिकहरूको खोजी हुनै पर्छ। कुनै बहानामा पनि बेपत्ता नागरिकको स्थिति सार्वजनिक गर्न ढिलाइ हुनुहुँदैन। सरकार तथा सम्बन्धित निकाय जवाफदेही बनेर बेपत्ता पारिएका नागरिकको सत्यतथ्य विवरण सार्वजनिक गर्नु आवश्यक छ।

*-रामप्रसाद सुवेदी, चितवन।*

### प्राविधिक ज्ञानबारे सोचिएन कि ?

नेपालको संविधान २०७२ ले परिकल्पना गरेअनुसार बनेको संघीय संरचनाका कारण यति बेला सबै जिल्लाका सबै कार्यालयहरू कुनै न कुनै रूपमा खारेज भएका छन् भने केही कार्यालयहरू प्रदेश सरकारको मातहतमा रहने गरी नयाँ नामाकरणसहित परिमार्जित भएको अवस्थामा छन्। बागलुङमा रहेको जिल्ला कृषि विकास कार्यालय खारेज भएसँगै कृषि ज्ञान केन्द्रको रूपमा डिभिजन रहने गरी पर्वत जिल्लामा सारिएको छ। जिल्लाभर रहेका सेवा केन्द्र तथा उपकेन्द्रहरूमा रहेका विविध समस्याका बाबजुद कार्यालय खारेज गरेर ती केन्द्रहरूलाई स्थानीय सरकारको मातहतमा रहने गरी व्यवस्था मिलाइएको छ।

कृषिसम्बन्धी हरेक कुराको जानकारी लिन वा दिनको लागि जिल्ला कृषि विकास कार्यालयकै भर परिरहेका यहाँका किसान तथा सेवा केन्द्रहरूका कर्मचारी यति बेला अन्यौलमा परेका छन्। कृषकले पाउने सेवा सुविधाको विषयमा स्थानीय सरकार जिम्मेवार बनेको भए पनि कृषि कार्यालय तथा कृषि सेवा केन्द्रबाट प्रवाह हुने सल्लाह सुझाव र कृषि कर्मका बेला आईपर्ने समस्या समाधानको विषयमा स्थानीय सरकारले त्यति ध्यान दिएको पाइएको छैन।

स-साना समस्यासमेत जिल्लाकै मुख ताकेर लामो समय बिताएका सेवा केन्द्रहरूले कृषकले चाहेको जस्तो प्रविधिक ज्ञान दिन सकिरहेका छैनन्। पछिल्लो समय जिल्ला कृषि विकास कार्यालय खारेज भएयता सबैभन्दा बढी व्यावसायिक उत्पादनमा लागेका किसानहरू मारमा परेका छन्। समयानुकूल उत्पादनका लागि उनीहरूले लिँदै आएको सल्लाह सुझाव पाउन नसकेको अवस्थामा उनीहरू छन् भने अर्कोतर्फ सिजनका भरमा गरिने खेती बालीमा भएको संक्रमणको समाधानको उपाय उनीहरूसँग नभएका कारण समस्या पैदा भएको छ। एकातर्फ संघीयतापछिका संरचना र ती संरचनाको विषयमा आमसर्वसाधारणको तहमा जानकारी नहुनु र अर्कोतर्फ नयाँ बनेको संरचनामा पनि सेवाप्रवाहमा देखिएको अन्यौलताका कारण पनि समस्या बढ्दै गएको छ।

यदि स्थानीय तहले चाहेको जस्तो आफ्नो चौतर्फी विकासका लागि कृषि पेसालाई नै बढवा दिन चाहेका हो भने अब कृषिसम्बन्धी प्राविधिक ज्ञानको विकास गर्न जरुरी छ। प्रविधिक ज्ञानको विकासका लागि मुख्य जिम्मेवार भनेका कृषिसँग सम्बन्धित सेवा केन्द्रहरू हुन्। सेवा केन्द्रहरूमा रहेको दक्ष कर्मचारी, भौतिक पूर्वाधार, तालिम तथा औजारलगायतका आधारभूत आवश्यकताका वस्तुहरूको उपलव्धतामा स्थानीय सरकारले ध्यान दिने र सेवा केन्द्र तथा स्थानीय सरकारले तोकेको ज्ञान लिने स्थानमा आमसर्वसाधारणको विश्वास बढाउनु अहिलेको आवश्यकता हो। विश्वासको वातावरण र दक्षताको विकास गर्दै कृषिजन्य उत्पादनसँग आमनागरिकलाई जोडेर समयानुकूल विकासको लागि कुनै पनि बाधा आई नपर्ने वातावरण बनाउनमा जुटौं।

*-सुरज शर्मा बाग्लुङ।*

## सामाजिक सञ्जाल



एउटा अन्तर्राष्ट्रिय स्तरको सम्मेलन गर्नका लागि पूरै राजधानी शहर ठप्प पार्नुपर्ने अवस्था छ। अझै हाम्रा नेताहरु ठूला-ठूला गफ गर्न भने छाड्दैनन्।

**Siromani Dhungana**
**@siromanid**



सम्बन्धमा राम्रा कुरा चाहेर नि बिर्सिनु हुन्न अनि नराम्रा कुरा नचाहेर नि सम्झिनु हुन्न।

**Dipak Karki**
**@dipakkrk**



समृद्ध नेपाल र सुखी नेपालीको नारालाई सार्थक बनाउनकै लागि होला ओली सरकारले दिगम्बर झ( ालाई पुनः महत्वपूर्ण जिम्मेवारी दिनै पर्ने ठहऱ्याएछ। पशुपतिनाथले मुलुकको रक्षा गरून्।

**Khemraj Regmi**
**@khemraj_regmi**

२०७५, भदौ
शुक्रबार
१५

गृहले केही दिनभित्रै देशव्यापी रूपमा 'लागू पदार्थ निषेध र मदिरा नियन्त्रण अभियान' सञ्चालन गर्ने भएको छ। मदिराको व्यवस्थित बिक्रीवितरण र सेवनसम्बन्धी प्रस्ताव गृहले मन्त्रीपरिषद्मा लैजानका लागि तयार पारेको छ।

# नेपाल

## सिनेमा कर्नर










## अग्नि यातायात प्रा. लि.

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

## माउन्ट मकालु यातायात सेवा

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : कोसेली, पुरस्कार प्राप्ति, भाग्योदय, कार्य सफल, धनलाभ।
**वृष** : नोक्सानी, दुर्घटनाको भय, निरर्थक खर्च, विवादमा।
**मिथुन** : पैसा लाभ, विविध सेवा वा वस्तुको प्राप्ति, मिष्ठान्न भोजन।
**कर्कट** : सुख-सन्तोष, कार्यसिद्धि, स्वस्थता, मन प्रफुल्लित।
**सिंह** : राजनीतिमा असफलता, राज्य भय, प्रतिष्ठामा ह्रास, चिन्ता।
**कन्या** : रोगव्याधिको भय, आर्थिक नोक्सानी, काममा बाधा।
**तुला** : धनलाभ, मान-सम्मान, परीक्षामा सफलता, समस्या समाधान।
**वृश्चिक** : द्रव्यलाभ, शत्रु विजय, खेलकुद-परीक्षामा सफलता।
**धनु** : वायुजन्य रोगको भय, काममा असफलता, शोक-सन्ताप।
**मकर** : झाडापखाला, ग्यास्ट्रिकको सम्भावना, विवाद, निरर्थक घुमफिर।
**कुम्भ** : आर्थिक लाभ, मान-सम्मान, पढाइ, व्यापारमा सफलता।
**मीन** : धनहानि, व्यर्थको खर्च, मानसिक चञ्चलता, नेत्ररोग।







बिमस्टेक सम्मेलनमा भाग लिन आउनुभएका बंगलादेशका प्रधानमन्त्री शेख हसिना, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र थाइल्यान्डका प्रधानमन्त्री प्रयुट च्यान ओचालाई बिहीबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्दै उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेल र परराष्ट्र मन्त्रालयका अधिकारी। *तस्वीर : नेपाल समाचारपत्र*

# नामी कलेजमा जलवायु परिवर्तनसम्बन्धी गोष्ठी

**नेपाल समाचारपत्र**

काठमाडौं

नयाँ आयाम मल्टि-डिसिप्लिनरी ईन्स्टिच्युट (नामी) कलेज जोरपाटीमा ग्लोबल इकोसिस्टम, जैविक विविधता, जलवायू परिवर्तनसम्बन्धी एक दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ। गोष्ठीमा भाग लिन विभिन्न क्षेत्रका विज्ञहरूको उपस्थिति रहेको थियो। जसमा वक्ताका रूपमा सोच फाउन्डसनका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत संकल्पमोहन शर्मा र स्मार्ट पानीका प्रबन्ध निर्देशक सुमन शाक्यको सहभागिता रहेको थियो।



यसका साथै विभिन्न विद्यालयहरूबाट विद्यार्थीहरू, शोधकर्ता विद्वानहरू, नामी कलेजमा रहेका विभिन्न संकायका प्रमुखहरू र कर्मचारीहरूको समेत सहभागिता रहेको थियो। सो अवसरमा प्रस्तुतकर्ता विद्यार्थीमध्येबाट २ जना सर्वोत्कृष्ट प्रस्तुतकर्तालाई पुरस्कृत गरिएको थियो।

कार्यक्रमको औपचारिक सत्रको नेतृत्व नामी कलेजका अध्यक्ष डा. आरजु राणा देउवा, बोर्डका सदस्यहरू, कलेजका प्रमुख कार्यकारी अधिकृत पवन पोखेल, प्रिन्सिपल डा. विदिशा चक्रवर्ती, र नामी परिवारले गरेको थियो। साथै नामी कलेजले बेलायतको नर्थआम्टन विश्वविद्यालयको सझेदारीमा एमबीए, बीबीए (अनर्स), बीएस्सी. (अनर्स) कम्प्युटिङ, बीएस्सी (अनर्स) कम्प्युटिङ सफ्टवेयर इन्जिनियरिङ, बीएस्सी (अनर्स) कम्प्युटिङ नेटवर्किङ, बीएस्सी. (अनर्स) वातावरण विज्ञानका साथै क्याम्ब्रिज विश्वविद्यालयअन्र्तगत ए लेवलका कक्षाहरू सञ्चालन गर्दै आइरहेको छ।

# बलात्कार न्यूनीकरणका लागि योजना बनाउन गृहमन्त्रीको आईजीपीलाई निर्देशन

काठमाडौं, (नेस)

गृहमन्त्री रामबहादुर थापा 'बादल' ले महिला हिंसा र बलात्कारका घटनाको न्यूनीकरण गर्नका लागि तत्कालै विशेष योजना बनाउन प्रहरीलाई निर्देशन दिनुभएको छ।

गृह मन्त्रालयमा नेपाल प्रहरीका महानिरीक्षक सर्वेन्द्र खनाललाई बोलाएर गृहमन्त्री थापाले पछिल्लो समय महिला हिंसा र बलात्कारका घटनाका समाचारले आफ्नो ध्यानाकर्षण भएको भन्दै त्यस्ता घृणित कार्य रोक्नका लागि विशेष योजना बनाउन आवश्यक रहेको बताउनुभयो।

बलात्कारका घटना न्यूनीकरणका लागि देशव्यापी रूपमा अभिभावकदेखि बालबालिकासम्मलाई सचेतनामूलक कार्यक्रम र जागरण अभियान सञ्चालन गर्नुपर्ने गृहले ठहर गरेको छ।

गृहमन्त्री थापाले यस्ता घटनामा मिलापत्र गराउन खोज्नु पनि अपराध भएको भन्दै काहीकतै त्यस्तो भएको भए उनीहरूलाई समेत कारबाहीको दायरामा ल्याउन प्रहरी महानिरीक्षकलाई निर्देशन दिनुभयो।

महिला हिंसा र बलात्कारका घटनाका उजुरीमा लापरबाही नगरी गम्भिरतापूवर्क कारबाही अघि बढाउनसमेत उहाँले प्रहरीलाई निर्देशन दिनुभयो।

गृहसचिव प्रेमकुमार राईसमेत सहभागी सो छलफलमा गृहमन्त्री थापाले कञ्चनपुरको बालिका मृत्यु घटनाको सत्यतथ्य बाहिर ल्याउनका लागि गठित छानविन समितिलाई सहयोग पुग्ने गरी सबैपक्षले काम गर्नुपर्ने बताउनुभयो।

अभियान शुरू गर्दै गृह

अनियन्त्रित मदिराको बिक्रीवितरण र लागूपदार्थको सेवनलगायतका कारणले बलत्कार र महिला हिंसाको घटना बढेको ठहर गर्दै यस बिरुद्ध गृह मन्त्रालयले अभियान शुरू गर्ने भएको छ।

गृहले केही दिनभित्रै देशव्यापी रूपमा 'लागू पदार्थ निषेध र मदिरा नियन्त्रण अभियान' सञ्चालन गर्ने भएको छ। मदिराको व्यवस्थित बिक्रीवितरण र सेवनसम्बन्धी प्रस्ताव गृहले मन्त्रीपरिषद्मा लैजानका लागि तयार पारेको छ।

सो प्रस्ताव पारित भएलगत्तै भदौको मसान्तभित्रै यो अभियान घोषणा गर्ने गृहको तयारी छ। इन्टरनेटमार्फत् अश्लिलता बढेका कारण पनि बलात्कारका घटना बढेकाले यसको नियमनका बारेमा समेत गृहले छलफल शुरु गरेको छ।

# सडककै दुरावस्थाले स्थानीयको अवस्था पनि बिजोग

**पुष्कर बुढाथोकी, भक्तपुर**

धेरै भयो भक्तपुर नगरकोट सडकको बेहाल उस्तै छ। ठूलाका आर्शीवाद पाएका ठेकेदारका कारण स्थानीयले सास्ती पाउनुपरेको गुनासो बढ्दो छ। दैनिक मोटरसाइकल दुर्घटना र सडकको दुरावस्थाले जनतालाई धेरै पिरोलेको छ तर जनप्रतिनिधि, सडक कार्यालय र ठेकेदारलाई पटक्कै नपिरोलेको बताउँछन् यहाँका बासिन्दा। 'वर्षौं भइसक्यो समस्या ज्यूँका त्यूँ छन्, खै के गर्नु र, ठेकेदारलाई सडक छिटो बनाउनुपर्‍यो भनेर फोन गरेर गुण्डाले धम्क्याउँछन्, हामी जनता जहिले पनि निरीह।' -नगरकोटका सन्तोष श्रेष्ठ गुनासो गर्छन्।

यसवर्षको वर्षा सकिन लागिसक्यो। तर वर्षा अगावै सिध्याउनुपर्ने सडक निर्माणका काम भने ज्यूँका त्यूँ नै छन्। जनप्रतिनिधि आएको वर्ष दिन बित्यो तर जनताले त्यसको अनुभव नजिकबाट गर्न पाएका छैनन्। आफ्नै वडाका जनप्रतिनिधि ओहोरदोहोर गर्ने सडकको कन्तबिजोग हेरेरै बसेका छन् जनप्रतिनिधि, त्यही सडक कुल्चेरै हिँडेका छन् जनप्रतिनिधि। ताथली जाने सडक, सुडाल जाने सडक, सिपाडोल जाने सडक, नैचाल जाने सडक, काँक्राबारी जाने सडक सबैको अवस्था उस्तै नै छ।

त्यसो त भक्तपुर नगरपालिकाभित्र रहेको लिवाली र कमलविनायक प्लानिङभित्रको सडक झनै कन्तबिजोग छ। नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेको घर जाने सडकबाहेक त्यस क्षेत्रका अधिकांश सडकको कन्तबिजोग छ तर बनाउने सुरसार कतै छैन। गुनासो लिएर डिभिजन सडक कार्यालय भक्तपुरमा पुगेका रामप्रसाद मचामासीले भने- 'गुनासो लिएर डिभिजन सडक कार्यालय गयो, कार्यालय प्रमुख कहिल्य भेटिदैनन्। कार्यालयका प्रमुख गुरुप्रसाद अधिकारीलाई जिल्लाका पत्रकारले त भेट्न सक्दैनन् रैछ, सर्वसाधारणले कसरी भेट्नु। फोन गर्‍यो, कि त फोन उठ्दैन, उठिहाल्यो भने कहिले मन्त्रालय, कहिले विभाग त कहिले फिल्डमा भन्ने जवाफ आउँछ, यसअघिका हामिकले पनि १० प्रतिशत त खाए कै थिए होलान् तर जनताको कुरा सुन्न कार्यालयमा त बस्थे नि कम्तीमा।"

सूर्यविनायक नगरपालिका वडा नं. २ बालकोट सडक अचेल हिँडिसक्नु छैन। वर्षाअगावै निर्माण सम्पन्न गर्नुपर्ने सडक स्थानीयले अवरोध गरेका कारण ढिलाइ भएको देखाउँदै ठकेदार पन्छिदै आउँदा असारको अन्तिम समयमा झम्झम् पानी पर्दा कही काम गरे पनि अरु सबै काम अलपत्र छ। अझैसम्म पनि बालकोट सिरुटार सडक पुरा निर्माण सम्पन्न नहुँदा स्थानीयले निकै सास्ती खेप्नुपरेको छ।

बीचबीचमा ठूला खाडलहरू छन्, दायाँबायाँ हिलो ग्राबेलको थुप्रो छ, ठेकेदारले त्यसको बेवास्ता गरिरहेको छ, जनप्रतिनिधिले ठेकेदारलाई दबाब होइन छुट दिइरहेका छन्। त्यसैले बालकोट सिरुटार सडकमा दैनिक मोटरसाकल दुर्घटना हुन्छ, साइड नपुगेर घण्टौं जाम हुन्छ, खाल्डो पुर्ने कामसमेत हुन सकेको छैन।


बालकोटमा सुरज सापकोटाले भने- 'बालकोट चोकदेखि सिरुटारको सिमानासम्म मोटरसाइकल डुब्ने खाल्डो छ, जनतालाई पिरोले पनि जनप्रतिनिधिलाई त्यो खाल्डोले पिरोलेको छैन?' यता मध्यपुरथिमिको बाहखा बजारबाट मूलपानी जाने सडक त्यस्तै कन्तबिजोग छ। दैनिक मोटरसाइकल चिप्लिएर लड्छ, तर त्यहाँका जनप्रतिनिधिलाई चासो छैन। 'नगरपालिकाको बजेट नभए पनि सडक डिभिजन कार्यालय र ठेकेदारलाई दबाब दिने काम त जनप्रतिनिधिले गर्न सक्छन् तर खै ?' -थिमिका रविन्द्र श्रेष्ठ गुनासो गर्छन्। स्थानीयको अबरोधका कारण देखाउँदै पन्छिएका छन् ठेकेदारहरू। ठेकेदारलाई साथ दिएको छ डिभिजन सडक कार्यालयले।

सडक डिभिजन कार्यालयका सडक निर्माणको ठेक्का लिएका ठेकेदार र डिभिजन सडक कार्यालयको मिलेमतो मै सडक निर्माणमा ढिलाइ हुने गरेको आरोप लाग्दै आएको छ। ठेकेदारले सडकको ठेक्का पारेको रकमको १० प्रतिशत डिभिजन सडक कार्यालयलाई बुझाउने गरेको एके ठेकेदारले बताए।


ती ठेकेदारले भने- 'बिलोमा ठेक्का पार्‍यो, त्यसमा पनि १० प्रतिशत सिधै सडकलाई बुझाउनुपर्छ, काम गर्ने ठाउँमा पैसा खान कै लागि विरोध गर्न आउनेहरूको पनि जमात छ, तिनीहरूलाई अलिअलि बुझायो, अनि समय मै कसरी हुन्छ काम। हामीले कमिसन दिएकै कारण समय मै काम नसकिए पनि म्याद थप गर्न कार्यालयले सिफारिस गर्छ नि।'

सूर्यविनायक नगरपालिकाको एक कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओली निवास बालकोटमा बस्दै आउनुभएको सञ्चारमन्त्री एवं सरकारका प्रवक्ता गोकुल बास्कोटाले समेत बालकोटको प्रधानमन्त्री निवासअगाडिको सडकको दुरावस्था व्यवस्थापन गर्न सडक बिभाग, खानेपानी तथा ढल निकास कार्यालयलगायत विभिन्न सरकारी निकायले एक अर्कालाई दोष लगाउने र काम पन्छाएर ढिलाइ गरेको गुनासो गर्नुभएको थियो। प्रधानमन्त्री निवासअघिको बाटो, त्यसमा पनि सञ्चारमन्त्री आफैंले पहल गर्दा त निर्माणमा त्यो झन्झटिलो अवस्था आइलाग्छ भने अरु ठाउँको विकासको झन् अवस्था कस्तो होला सहजै अनुमान गर्न सकिन्छ।

जनतालाई सहज र पहिलो आवश्यकता भनेको सडक नै हो। सडक राम्रो भए मात्रै अरु कुरामा सहज हुन्छ। सडक कै दुरावस्थाले आमनागरिकको अवस्था पनि बिजोग बनेको छ। यसतर्फ अब त सरोकारवालाले ध्यान दिनै पर्ला कि।




# प्रदेश-३



भदौ १ गतेबाट लागू कानुनमा अर्काको कुरा सुन्न र रेकर्ड गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमतिबिना कसैको तस्वीर खिच्न नपाइने जस्ता कानुनका बुँदा सच्याउन नेपाल पत्रकार महासंघले माग गरेको छ।



## नयाँ संहितापछि मुद्दा दर्ता घट्यो

# कानुन व्यवसायी अध्ययनमा व्यस्त

रोशन पराजुली, हेटौंडा

हेटौंडाका कानुन व्यवसायीहरूले दिनको समयमा स्वत: कानुनी अभ्यासका क्रममा नयाँ कानुन अध्ययन गर्ने गरे पनि त्यतिले नपुगेर बिहान-बेलुका घरमा समय निकालेर अध्ययन गर्ने गरेका छन्।

नयाँ कानुनमा नयाँ कार्यविधि लागू भएकाले हाल उनीहरूको कामले रफ्तार लिन सकेको छैन। 'हामी पहिलेको कानुनमा अभ्यस्त भइसकेका थियौं, कुन धारा, दफा, उपदफामा के छ सबै कण्ठै थिए', उनीहरू भन्छन्- 'हाल मुद्दा लेखनशैली फरक छ, त्यसैले हामीलाई काममा अभ्यस्त हुन केही समय लाग्छ।'

अधिवक्ताहरू थप्छन्- 'हाल प्रत्येक दफा नम्बर स्पष्टसँग नहेरी अघि बढ्न सकिँदैन। मुद्दालेखन प्रक्रिया शुरू भएदेखि हरेक चरणमा कहाँ के छ भनेर किताब पल्टाउनैपर्ने हुन्छ। हाल झोलामा कानुनका किताब अनिवार्य राखेर हिँड्ने गरेका छन् उनीहरू।' कहाँनेर कसले के सोधिरहेको हुन्छ वा कसलाई के कानुनी सल्लाह चाहिन्छ, त्यहीअनुसार किताब पल्टाएर अध्ययन गरी सेवाग्राहीको जिज्ञासा मेटाउने गरेको अधिवक्ताहरूले बताएका छन्।

यही कारण नयाँ मुलुकी (संहिता) लागू भएपछि मकवानपुरमा मुद्दा दर्ता घटेको देखिएको छ। भदौ १ गते नयाँ संहिता लागू भएपछि जिल्ला अदालतमा मुद्दा दर्ताको क्रम घटेको हो। हाल दिनमा करिब २ वटाको दरले मुद्दा दर्ता हुने गरेको छ, जबकि यसअघि दिनमा ५ वटाजति मुद्दा दर्ता हुने गरेको थियो।

नयाँ ऐन लागू भएसँगै मुद्दा दर्ता घटेको अदालतले जनाएको छ। नयाँ ढाँचाप्रतिको अन्योलतालगायत कारण शुरुआती समयमा केही जटिलता देखिएको छ। नयाँ कानुन कार्यान्वयनमा आउनुअघिको समयको तुलनामा मुद्दा दर्ताको चाप केही कम रहेको अदालतले जनाएको छ।

मुद्दा दर्ताका लागि आएका सेवाग्राहीको फिराद लेखनको ढाँचा नपुगेकाले अदालतले फर्काउने गरेको छ। नयाँ कानुनअनुसार दफा, फिरादको ढाँचा, मागदाबीको हक हेर्नुपर्ने भएकाले हाल पहिले जस्तो छिटो काम हुन सकेको छैन।

जिल्ला बार एसोसिएसन उपाध्यक्ष ऋषि केबीले नयाँ कानुन लागू भएसँगै केही अन्योलता रहेको बताउनुभयो। 'कानुन नयाँ भएका कारण फिरादको ढाँचा र कानुनका दफाबारे सबै कानुन व्यवसायी जानकार छैनन्। सबै हेर्नुपर्ने भएकाले एक/दुई दिन ढिला गरेर मुद्दा दर्ता गरिरहेका छौं।' -केबीले भने।

वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्लेका अनुसार नयाँ कानुनसम्बन्धी फरम्याट पाए पनि अध्ययन पूरा नहुँदा समस्या भएको छ। उहाँले भन्नुभयो- 'वर्षौंदेखि एउटै कानुनको अधिनमा रही मुद्दा लेखिएकोमा नयाँ कानुन आएपछि अलमल हुनु स्वभाविक हो।'

काफ्लेका अनुसार यसअघि अधिकांश व्यवस्थाबारे कानुन व्यवसायीलाई कण्ठस्थ हुने गरेको थियो। हालको कानुनी व्यवस्थाबारे पानापाना पल्टाउनुपर्ने भएकाले केही अलमल भएको उहाँले प्रस्ट्याउनुभयो।

नयाँ कानुन लागू भएपछि काफ्ले पहिले जस्तो सजिलै कसैको जिज्ञासा मेटाउन सक्ने अवस्थामा हुनुहुन्न। नयाँ कानुनबारे उहाँ अहिले आफैं अध्ययनमा व्यस्त हुनुहुन्छ। नयाँ कानुनमा नयाँ व्यवस्था रहेकाले काफ्ले हाल त्यही कानुनको अध्ययनमा व्यस्त रहनुभएको हो। काफ्लेले भन्नुभयो- 'परिवर्तित व्यवस्थाअनुसार आफू पनि परिवर्तन हुन सकिएन भने समस्या आउने रहेछ।'

कानुनको अभ्याससँगै नयाँ संहिताअनुसार १८ वर्षमुनिका दोषी देखिए सुधारगृह पठाउनुपर्ने व्यवस्था छ। तर, मकवानपुरमा सुधारगृह छैन। नयाँ कानुनले कसूर लागेकालाई खुला कारागार, रात्रिकालीन सप्ताहन्त, श्रमसेवा र सामुदायिक सेवा गरेर पनि कैद भुक्तान गर्न सकिने व्यवस्था गरेको छ।'

नयाँ कानुनअनुसार अभियुक्तलाई सुरक्षा, स्वास्थ्य र भौतिक समस्या रहेको अवस्थामा आफू बसेकै ठाउँबाट भिडियो कन्फरेन्समार्फत बयान दिन सकिने व्यवस्था छ। तर, कानुन लागू भइसक्दासमेत भिडियो कन्फरेन्सका लागि सम्बन्धित निकायमा आवश्यक पूर्वाधार विकास हुन सकेको छैन।

मकवानपुरका प्रहरी प्रमुख उपरीक्षक बुद्धिराज गरुङले जिल्लामा तीनवटै एकाइबाट मुद्दा चल्ने गरे पनि भिडियो कन्फरेन्सका लागि पूर्वाधार नभएको बताउनुभयो। 'कतै पनि भिडियो कन्फरेन्सबाट बयान दिन पूर्वाधार व्यवस्था छैन', एसपी गुरुङले भन्नुभयो- 'कानुन कार्यान्वयनमा आइसकेको अवस्थामा सरकारले यसका लागि सक्दो चाँडो व्यवस्थापन गर्नु आवश्यक देखिन्छ।'

नयाँ कानुनमा सुधारमूलक दण्ड व्यवस्थामा आधारित नवीन प्रणाली सूत्रपात हुने देखिएको छ। मुलुकी अपराधसंहिताले सबैजसो कसुरमा दण्ड/सजाय बढाएको छ। त्यसै गरी सबैजसो कसुरमा दण्ड/सजायलाई लचिलो पनि बनाएको छ।

त्यस अतिरिक्त प्यारोल, प्रोवेसन, निलम्बित सजाय, कैदीलाई सार्वजनिक काममा लगाउने, खुला कारागार, सामुदायिक सेवा जरिवाना दण्डको पनि व्यवस्था छ। यी सबै प्रणाली नेपालको दण्ड प्रणालीमा नौला हुन्। यस्ता नवीन व्यवस्थाले समग्र दण्ड प्रणालीलाई सुधारमूलक दण्ड व्यवस्थामा स्थापित गर्न खोजेको देखिने कानुन व्यवसायी बताउँछन्।

एक वर्षभन्दा बढी कैद सजाय पाएर कैद सजायको दुई तिहाइ अवधि भुक्तान गरिसकेको र राम्रो आचरण भएको कसुरदारलाई सम्बन्धित जिल्ला प्रोवेसन तथा प्यारोल बार्डको सिफारिसमा जिल्ला अदालतका न्यायाधीशले प्यारोलमा राख्ने आदेश दिन सक्नेछन्।

कसूरदारले आफूलाई तोकेको सजायको केही अवधि कैदखानामा भुक्तान गरिसकेपछि बाँकी सजाय असल आचरणमा रही स्वतन्त्र समाजमै बसेर पूरा गर्ने पद्धतिलाई प्यारोल भनिन्छ। प्यारोलमा छुटेको व्यक्ति पूर्णस्वतन्त्र भने हुँदैन।

प्यारोलमा छुटेपछि कैदीले आफैं काम खोजी काम गरी परिवारमा बसी खाने हुनाले उसलाई पाल्न राज्यलाई थप खर्च गरिरहनुपर्दैन। अत: यसबाट राज्यले दिने सिदा खर्चसमेत कटौती हुन्छ। राज्यलाई थप व्ययभार पर्दैन। एउटा प्यारोल अधिकारीको नियन्त्रणमा बढीमा ३० जनासम्म कैदी रहन सक्ने भएकाले राज्यको खर्चमा कटौती भएर उल्टै वचत हुन सक्ने देखिन्छ।

## प्रेसलाई स्वतन्त्र बनाउन माग

भदौ १ गतेबाट लागू भएको कानुन परिमार्जन गरी प्रेसलाई स्वतन्त्र बनाउन मकवानपुरका सञ्चारकर्मीले माग गरेका छन्।

नेपाल पत्रकार महासंघ प्रदेश-३ समिति र नेपाल पत्रकार महासंघ मकवानपुरको आयोजनामा मुलुकी (फौजदारी) संहिता, मुलुकी (देवानी) संहिता-२०७४ मा गोपनीयताको हकविरुद्ध कसूरसम्बन्धी प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामा संकुचनबारे भएको छलफलका सहभागीले प्रेस स्वतन्त्रता ग्यारेन्टी गर्न माग गरेका हुन्।

कार्यक्रममा नेपाल पत्रकार महासंघ प्रदेश-३ अध्यक्ष प्रताप विष्टले संविधानमा लेखिएको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्न नपाइने बताउनुभयो। पत्रकारका लागि पत्रकार आचार संहिता भएकाले प्रेसलाई कडाइ गर्ने कानुन सच्याउनुपर्ने उहाँले बताउनुभयो।

कानुन बनाउनुभन्दा पहिले पत्रकारसँग छलफल नगरिएकाले हाल समस्या आएको उहाँले दाबी गर्नुभयो। नेपाल पत्रकार महासंघ मकवानपुर अध्यक्ष हरि हुमागाईंले हाल पनि पत्रकार सेल्फ सेन्सरसिपबाट काम गर्न बाध्य भएकाले अर्को अधिकार खोसिने गरी कानुन आएकाले सच्याउन आग्रह गर्नुभयो।

भदौ १ गतेबाट लागू कानुनमा अर्काको कुरा सुन्न र रेकर्ड गर्न नहुने, गोप्य कुरा प्रकट गर्न नहुने, अनुमतिबिना कसैको तस्वीर खिच्न नपाइने जस्ता कानुनका बुँदा सच्याउन अध्यक्ष हुमागाईंले आग्रह गर्नुभयो।

पत्रकारका निम्ति पत्रकार आचार संहिता र प्रेस काउन्सिलले पत्रकारबाट भएका गल्ती र कमी-कमजोरीबारे सचेत गराउने भएकाले थप कानुनका कारण पत्रकारले नागरिकलाई सूचना दिन समस्या हुने उहाँले बताउनुभयो।

नेपाल पत्रकार महासंघ मकवानपुर पूर्वअध्यक्ष राममणि दाहालले पत्रकारलाई स्वनियमनमा चलन दिनुपर्ने बताउनुभयो। कार्यक्रममा प्रदेश पत्रकार महासंघ महासचिव कृष्ण सारूमगर, अधिवक्ता ध्रुवप्रसाद चौलागाईं, जिल्ला बार एसोसिएन मकवानपुर उपाध्यक्ष ऋषि केबी, पत्रकार महासंघ मकवानपुर उपाध्यक्ष कुमार अधिकारीलगायतले प्रेसलाई स्वतन्त्र बनाउनेतर्फ लाग्न आग्रह गर्नुभएको थियो।

## बाघको आक्रमणबाट मृत्यु भएको परिवारलाई १० लाख

हेटौंडा, (नेस)

बाघको आक्रमणबाट मृत्यु भएकी मकवानपुर मनहरी गाउँपालिका-७ की सरस्वती बर्तौलाको परिवारलाई राहतस्वरूप १० लाख रुपियाँ प्रदान गरिएको छ।

पर्सा राष्ट्रिय निकुञ्जले मनहरी-७ स्थित मध्यवर्ती उपभोक्ता समिति मनहरीको सभाहलमा मंगलबार मृतकका पति उत्तम बर्तौलालाई १० लाख रुपियाँको चेक हस्तान्तरण गरेको हो। गत चैत १२ गते बिहान मनहरी ड्यामछेउ घाँस काट्न गएको बेला पाटेबाघको आक्रमणमा परी ४१ वर्षीया सरस्वतीको घटनास्थलमा ज्यान गएको थियो। उनलाई आक्रमण गर्ने बाघलाई भोलिपल्ट साँझ नियन्त्रणमा लिएर चितवन राष्ट्रिय निकुञ्ज लगिएकोमा हाल चिडियाखाना पठाइएको बताइएको छ।

निकुञ्जले बाघको आक्रमणबाट घाइते भएका मनहरी-७ का लालबहादुर अर्याललाई ६२ हजार र मनहरी-५, डिल्लीपुरका रेशम भुजेललाई १८ हजार रुपियाँको चेक हस्तान्तरण गरेको छ। भुजेल गोहीको आक्रमणमा परी घाइते भएका हुन्। चेक हस्तान्तरण कार्यक्रममा पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत हरिभद्र आचार्यले मानिस र जनावरबीच द्वन्द्वलाई घटाएर लैजान सरकारी निकायले समुदायसँग साझेदारी गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो। उहाँले द्वन्द्वले कुनै न कुनै पक्षलाई क्षति पुग्ने बताउँदै दुवैतर्फ कम क्षति हुने गरी काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

## चरिकोट र मच्छेगाउँबीच मितेरी गाँसियो

चिरञ्जीवी मास्के, दोलखा

दोलखा सदरमुकाम चरिकोट र काठमाडौं चन्द्रागिरी नगरपालिका-९ मच्छेगाउँ बीच सांस्कृतिक (लाखेनाच) मितेरी गाँसिएको छ। बिहीबार लाखेनाच लिएर चरिकोट आएका मच्छेनारायण सांस्कृतिक समूह मच्छेगाउँका अध्यक्ष रमेश साहीले सार्वजनिक कार्यक्रममा चरिकोटसँग सांस्कृतिक मितेरीको उद्घोष गरेका हुन्।

भीमेश्वर नगरपालिकाको समन्वय तथा लालीगुराँस युवा क्लब र चरिकोट गुठीको आयोजनामा भएको लाखेनाच संस्कृति आदान-प्रदान कार्यक्रममा सहभागी हुन काठमाडौं चन्द्रागिरी नगरपालिका-९ मच्छेगाउँबाट पाँच वटा लाखे चरिकोट आएको छ। मच्छेनारायण सांस्कृतिक समूहका अध्यक्ष रमेश साही, समन्वयकर्ता विभिषण गोपाली र धनबहादुर गोपालीको विशेष पहलमा ल्याइएको लाखेनाच सदरमुकाम चरिकोटको विभिन्न ठाउँमा प्रदर्शन गरिएको छ। सँगै चरिकोटको लाखेनाच पनि प्रदर्शन गरिएको छ। मच्छेगाउँ र चरिकोटको लाखेनाच हेर्न चरिकोटमा सयौंको भीड लागेको थियो।


मच्छेगाउँ र चरिकोटको लाखेनाच प्रदर्शनबाट सांस्कृतिक परम्पराको आदान-प्रदान र जर्गेनामा टेवा पुग्ने लालीगुराँस युवा क्लब चरिकोटका अध्यक्ष विमल श्रेष्ठ बताउँछन्। लाखेनाच संस्कृति आदान-प्रदानले दुवै पक्षले नयाँ कुरा सिक्न सक्ने श्रेष्ठ बताउँछन्। ४१ जना संस्कृतिकर्मीको नेतृत्व गर्दै चरिकोट आएका मच्छेनारायण सांस्कृतिक समूहका अध्यक्ष रमेश साहीले चरिकोटको न्यानो आतिथ्यता र उत्साहजनक सहभागिताले आफूहरूलाई आनन्दित तुल्याएको र यो क्रमलाई हरेक वर्ष निरन्तरता दिनुपर्ने बताए।

अध्यक्ष साहीले गत वर्ष चरिकोटको लाखे मच्छेगाउँमा प्रदर्शन गरेर सांस्कृतिक आदान-प्रदानको शुरुआत भएको भन्दै लालीगुराँस युवा क्लब र चरिकोट गुठीको प्रशंसासमेत गरे। उनले मच्छेगाउँमा यो वर्ष भदौ २९ र ३० गते हुने लाखेनाच प्रदर्शनीमा सहभागिता जनाउन आग्रहसमेत गरे। अध्यक्ष साहीले चरिकोटसँग अन्य सांस्कृतिक एवं धार्मिक विषयवस्तुमा समेत जानकारी तथा मान्यताहरू आदान-प्रदान हुन सक्ने बताए। उनले यो अभियानले चरिकोट र मच्छेगाउँमा पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्न सक्ने बताए।

लाखेनाच संस्कृति आदान-प्रदान कार्यक्रमको उद्घाटन गर्दै जिल्ला समन्वय समिति दोलखाका प्रमुख डबल पाण्डेले दोलखाको पर्यटन प्रवर्द्धनमा लाखेनाच संस्कृति प्रमुखरूपमा रहने उल्लेख गर्दै दोलखामा पर्यटन आकर्षित गर्ने मुख्य कुरा धार्मिक, सांस्कृतिक एवं जातिगत विशेषता नै रहेको बताए। चरिकोट गुठीका अध्यक्ष रामदास श्रेष्ठको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा जिल्ला न्यायाधीश कमलराज विष्ट, प्रमुख जिल्ला अधिकारी सागरमणि पाठक, भीमेश्वर नगरपालिका-६ का वडा अध्यक्ष नवीन लामालगायतको सहभागिता रहेको थियो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष एकराज उप्रेतीले संरक्षणको काममा स्थानीय सरकार, समुदाय र सरोकारवाला एक भएर लाग्नुपर्ने बताउनुभयो। वन्यजन्तुका कारण मान्छेको मृत्यु हुनु दु:खद् रहेको भन्दै उप्रेतीले जनावरकै कारण मान्छेको अस्तित्व पनि रहेको बताउनुभयो।


## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेंलो पानीलाई शुद्ध र सफा गरिन्छ।

**मोटरसाइकल हरायो**

च्यासिस नं: MD2A92CY6HCA06545
इन्जिन नं: JEYCHA04105 [illegible]
नाम : इन्द्र प्रसाद साह
ठेगाना : बिजेश्वरी काठमाण्डौं

**वर्गीकृत डिस्प्ले**

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार रु. १००० ।
बुकिङ्ग
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९८८४

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्वनधी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू**

**काठमाडौं**: गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्रयाक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**: हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**: सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५, भदौ
शुक्रबार
१५

सहयोगीहरूबाट न्यूनतम् १० रुपियाँदेखि अधिकतम् ५ लाख ९९ हजार ९ सय ९९ राशीसम्म सहयोग भएको विद्यालयले जनाएको छ। यसरी संकलित रकम ५१ लाख ७६ हजार १ सय ५२ को अक्षयकोष स्थापना गरी विद्यालय सञ्चालन गर्ने निर्णय भएको बताइएको छ।




## बेपत्ताको पर्खाइ

# 'अझै घर फर्कने आशा मरेको छैन'

दिपेन्द्र शर्मा, सुर्खेत

नेपालमा तत्कालीन माओवादी सशस्त्र जनयुद्ध सकिएको लामो समय भइसकेको छ। राजनीतिक दल, सरकार, र नागरिक समाजबीच युद्ध अपराधको छानविन गर्ने बारे सहमति भएर बेपत्ता पारिएका व्यक्तिको छानविन गर्न आयोग गठन गरेर काम गरिरहेको छ।

बेपत्ता पारिएका व्यक्तिका तर्फबाट विभिन्न समयमा उजुरी दर्ताका लागि आह्वान गरेपछि पीडितहरूले उजुरी दर्ता गराए। बेपत्ताका आफन्तले अहिलेसम्म तथ्य बाहिर आउन नसक्दा आफ्नो आशा निरासामा परिणत हुन्छ कि भन्ने चिन्ता गर्न थालेका छन्। बेपत्ता पार्नेले एकिन खबर नदिइ गुम्राहमा पार्दा आफन्तले लामो समयसम्म सामाजिक संस्कारसमेत गर्न पाएका छैनन्।

तत्कालीन द्वन्द्वको समयमा बेपत्ता पारिएका छोरा गुमानसिंह रानाको स्थिति सार्वजनिक गर्न माग गर्दै भेरीनगरपालिका १ पिपेकी ६९ वर्षीय धनी रानाले डेढ दशकदेखि आवाज उठाउँदै आउनुभएको छ। उहाँका छोरा गुमानसिंहलाई २०५६ सालमा सुर्खेतको राकमबाट राज्य पक्षबाट बलपूर्वक बेपत्ता पारिएको थियो। अहिले सम्म न छोराको स्थिति सार्वजनिक भयो, न त बेपत्ता पार्ने व्यक्तिलाई कानुनी कारबाही नै भएको उहाँले गुनासो गर्नुभयो।

वर्षाको झरीसँगै छोरा फर्किएर आउने आशामा बसेको १९ वर्ष बितेको छ तर छोरा गुमानसिंहको अहिलेसम्म कुनै अत्तोपत्तोसमेत छैन्। छोराको न त सास न त लास नै पाइयो। कंगाल भए पनि चित्त बुझ्ने थियो आँशु झार्दै उहाँले आफ्नो पीडा पोख्नुभयो।

२०६३ मंसिर ५ गते विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र बेपत्ताको स्थिति सार्वजनिक गरिसक्ने उल्लेख गरिएको छ। शान्ति सम्झौताको लामो समयपछि सरकारले 'सत्यनिरूपण तथा मेलमिलाप आयोग' र 'बेपत्ता छानविन आयोग गठन गर्दा न्याय पाउने आशामा रहनुभएकी धनी बेपत्ता छोराका अत्तोपत्तो नहुँदा निराश हुनुभएको छ।

२०५६ सालमा राज्य पक्षयबाट बेपत्ता पारिएका खलंगा ९ रावतगाउँका खम्बे कामीको अवस्था पनि थाहा छैन। बेपत्ता पति आउने बाटो कुरेर बसेको पनि १९ वर्ष नै वित्यो, तर घर फर्कने आश मरेको छैन्, खम्बेकी श्रीमती दीपा कामीले भन्नुभयो। कुनै बेला आउलान् जस्तै लाग्छ, अहिलेसम्म न त लास न त सास नै फेला परेको छ, दीपाले भन्नुभयो।

घर व्यवहार धान्य कोही नहुँदा दीपाको ७ जनाको परिवारको विचल्ली भएको छ। छोराछोरीको लालनपालनमा समस्या छ, राज्यले ५ लाख दिएको छ, यसले के पुग्छ, राज्यले पतिलाई मृत घोषणा गरेको भए पनि आत्माशान्ति हुने थियो दीपाले भन्नुभयो।

धनी, दीपा त एक प्रतिनिधि पात्र मात्र हुनुहुन्छ। उहाँहरूजस्तै कर्णाली प्रदेशका बेपत्तापीडित परिवारको पीडा उस्तै छ। यहाँका बेपत्ता पीडित परिवार भने बेपत्ताको पर्खाइमा दिन गुजारिरहेका छन्।

छोराछोरीको लालनपालन, शिक्षा तथा रोजगारी, सामाजिक अबहेलना, सुरक्षा, अंश तथा राहतको तानातानलगायत क्रियाकलापका कारण मानसिक यातना खेप्न वाध्य भएको अधिकारकर्मी खिमबहादुर शाहीले बताउनुभयो। बेपत्ता पार्ने दुबै पक्षले सास र लाशको खबर गर्न नसक्दा पीडामा थप पीडा थपिएको शाहीको भनाइ छ ।

बेपत्ताका आमाबाबु, श्रीमती तथा छोराछोरीको शिक्षा, दीक्षा, उपचार, सुरक्षा, रोजगारलगायतको अवस्था बारे राज्यले बेवास्था गर्ने गरेको पीडितको गुनासो छ। अधिकारकर्मी शाहीका अनुसार पीडित परिवारका बालबालिकाहरूका लागि छात्रवृत्तिका नाममा कक्षा १२ सम्म मात्र छ। अंश तथा राहत अन्यको पनि हक लाग्ने भन्दै विवाद भएको छ। एउटाको राहत अर्कोले निकालेर लिएको छ। आफ्नै परिवार काका, बाजेबज्यैलगायतले राहतको दाबी गर्दा र समयमा अंशबण्डा नगर्दा झन् मानसिक तनाव बढ्ने गरेको शाहीले बताउनुभयो। यसले गर्दा वास्तविक पीडितलाई जीवन निर्वाह गर्न कठिनाइ भएको उहाँको भनाइ छ।

### ३ सय ३९ नागरिक बेपत्ता

कर्णाली प्रदेशको सबैभन्दा बढी बेपत्ता सुर्खेत, सल्यान, कालीकोट रहेका छन्। यस मध्येका हुम्ला र डोल्पामा सबैभन्दा कम रहेका छन्। कर्णाली प्रदेशका विभिन्न जिल्लाबाट सशस्त्र द्वन्द्वको समयमा २०५२ देखि २०६५ मंसिर ५ सम्म बेपत्तासम्बन्धी ३ सय ३९ वटा उजुरी दर्ता भएको बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको उजुरीको विस्तृत विवरणमा उल्लेख गरिएको छ।

आयोगको तथ्याङ्कमा उल्लेख भएअनुसार कर्णाली प्रदेशमा ३ सय ३९ जना नागरिक बेपत्ता भएको उजुरी दर्ता भएको उल्लेख छ। आयोगको तथ्याङ्कअनुसार सुर्खेतमा ६० जना, सल्यान ५९ जना, रुकुम ४६ जना, कालीकोट ४५ जना नागरिक बेपत्ता भएको उल्लेख छ। त्यस्तै जाजरकोट ३८ जना, दैलेख ३६ जना, मुगु २५ जना, जुम्ला २०, डोल्पा ६ जना र हुम्ला ४ जना बेपत्ता पारिएको उजुरी आयोगमा दर्ता भएको छ।

# योजना विवादले नगरसभा हुन सकेन

विनोद सिंह विष्ट, बैतडी



योजना विवादका कारण असारसम्म गरिसक्नुपर्ने नगरसभा हालसम्म पनि हुन सकेको छैन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा असारभित्र स्थानीय तहहरूले नगरसभा तथा गाउँसभा गरिसक्नुपर्ने व्यवस्था भएको भए पनि बैतडीको पाटन नगरपालिकाले अहिलेसम्म नगरसभा सम्पन्न गर्न सकेको छैन्।

गत असारमै नीति तथा कार्यक्रम पारित गरेको नगरपालिकाले नगरसभा भने अहिलेसम्म सम्पन्न नसकेको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन अधिकारीले जानकारी दिनुभयो। नगरपालिकाले पारित गर्ने बजेटका विषयमा जनप्रतिनिधिहरूबीच कुरा नमिलेपछि नगरसभा बस्न नसकेको हो। नगरसभाले बजेट पारित गर्नुपर्ने भए पनि अझै पनि नगरसभा सम्पन्न नभएकाले चालु आर्थिक वर्षमा कुनै काम अघि बढाउन नसकिएको प्रमुख प्रशासकीय अधिकृत अधिकारीले जानकारी दिए।

पाटन नगरपालिकाको मेयर तथा उपमेयरमा कांग्रेसबाट निर्वाचित प्रतिनिधि छन् भने कार्यपालिकामा नेकपाबाट निर्वाचित प्रतिनिधिहरूको बहुमत छ। जनप्रतिनिधिहरूबीच कुरा नमिलेकै कारण नगरसभा हुन नसकेको बताइएको छ। नगरपालिकामा जम्मा ७ करोड जति बजेट आएको तर सबै वडाको वडास्तरीय भेलाबाट १३ करोडसम्म हुने गरी योजना छनोट भएर आएकाले समस्या भएको पाटन नगरपालिकाका नगरप्रमुख केशवबहादुर चन्दले बताए। वडाबाट आएका योजना र डल्लोबजेट कुन-कुन क्षेत्रमा कसरी छुट्याउने भन्ने कुरा मिलेको छैन उनले भने- 'बजेट कसरी छुट्याउने भनेर कार्यविधि बनाउने तयारी गरेका छौं ' भदौ अन्तिम सातासम्म विवाद अन्त्य भई नगरसभा भइसक्नेसमेत नगरप्रमुख चन्दले बताए।

# सहयोग संकलनबाट ५१ लाखको अक्षयकोष

महेश न्यौपाने, रोल्पा



रोल्पाको एक विद्यालयले अभिभावक, समाजसेवी र दानवीरले सहयोग गरेको रकमबाट अक्षयकोष स्थापना गरेको छ। पूर्वी रोल्पाको सुनछहरी गाउँपालिका १ घुसवाङमा रहेको सरस्वती आधारभूत विद्यालयले सो सहयोग संकलनबाट ५१ लाख बढीको अक्षयकोष स्थापना गरेको हो।

सहयोगीहरूबाट न्यूनतम् १० रुपियाँदेखि अधिकतम् ५ लाख ९९ हजार ९ सय ९९ राशीसम्म सहयोग भएको विद्यालयले जनाएको छ। यसरी संकलित रकम ५१ लाख ७६ हजार १ सय ५२ को अक्षयकोष स्थापना गरी विद्यालय सञ्चालन गर्ने निर्णय भएको बताइएको छ।

२०१७ सालमा स्थापना भएको सो विद्यालयले २०३२ सालमा प्राथमिक तहको स्वीकृत पाएको थियो। हाल कक्षा ८ सम्म अध्यापन हुँदै आएको सो विद्यालय जिल्लाकै पुरानो विद्यालय मानिन्छ। राजनैतिक पहुँच नहुँदा जिल्लाकै पुरानो विद्यालय हुँदा पनि सरकारी स्वीकृती प्राप्त गर्न झण्डै १५ वर्ष पर्खनुपरेको बताइएको छ। खोलाको किनारामा छाप्रो बनाएर पढाइ सञ्चालन गरेको विद्यालयले हाल भने पर्याप्त भौतिक संरचनाको व्यवस्था गरेको जनाएको छ।

स्थापनाको लामो सयमसम्म विद्यालयको स्तर वृद्धि हुन नसकेका कारण सुधारका लागि स्थानीयबीच भएको अन्तरक्रियापछि सहयोग संकलन गरी अक्षयकोष स्थापना गर्ने निर्णय गर्‍यौं स्थानीय अभिभावक पुस्तमन घर्तीमगरले भने। 'देश विदेशमा रहेका पूर्वविद्यार्थी र समाजसेवीले मन फुकाएर सहयोग गरेका कारण यति ठूलो रकम संकलन गर्न सफल भएका हौं।' -घर्तीले भने। 'राजनीतिक पहुँच पुगेका सुगम ठाउँका विद्यालयमा मात्रै राज्यको दृष्टि पुगेको देखियो, दुर्गम ठाउँमा कसैको नजर नपुगेपछि अभिभावक स्वतःस्फूर्त कस्सिएर लागेका हौं' -अभिभावक घर्तीले भने। सामुदायिक विद्यालयमा राज्यको असमान व्यवहार हुँदा दुर्गमका विद्यालय मारमा परेको अभिभावकहरूले गुनासो गरेका छन्।

विद्यालय अक्षयकोषका लागि ३ जनाले ५ लाखभन्दा बढी रकम सहयोग गरेका छन्। यसै गरी १ लाख बढी सहयोग गर्नेको संख्या ४ जना रहेका छन्। विद्यालयलाई ७ सय १४ जनाले सहयोग गरेको विद्यालयले जनाएको छ। सहयोगीहरूको नाम नामेसी कुँदेर विद्यालयमा टाँस गरेको बताइएको छ। अक्षयकोषवाट प्राप्त व्याजले विद्यालय सुधारको काम गर्ने योजना रहेको विद्यालयले जानकारी दिएको छ।


## केराबारी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
१ नं. प्रदेश नेपाल

### शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५।०५।१५

यस केराबारी गाउँपालिकाको कार्यालय केराबारी द्वारा आ.व. २०७५/७६ को लागी आन्तरिक आय अन्तर्गत [illegible] वस्तुहरु बिक्री मूल्य तथा निकासी दस्तुर असुली गर्ने कार्य ठेक्का बन्दोबस्तको माध्यम द्वारा संकलन गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित मितिले ३० दिन भित्र कार्यालय समयमा [illegible] शर्त र बन्देजको अधिनमा रही बोलपत्र फाराम यस गाउँपालिकाको कार्यालयबाट खरिद गरि ३१ औं दिन, दिउँसो १२ बजे भित्र शिलबन्दी बोलपत्र दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशन गरिएको छ। साथै शिलबन्दी बोलपत्र ३१औं दिन दिउँसो २ बजे खोलिने सम्बन्धित सबैको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | ठेक्का नं. | विवरण | मू. अ.कर सहित सम्झौता भए पश्चातका लागी न्यूनतम ठेक्का अंक (रु.) | बोलपत्र मूल्य (रु.) |
|---|---|---|---|---|
| १ | [illegible] | यस गाउँपालिका क्षेत्र भित्र IEE भएका खोलानालाहरु मध्ये [illegible] अन्तर्गत IEE प्रतिवेदनका आधारमा बोलपत्रले उत्खनन गर्न अनुमति दिएको परिमाण सम्मका लागी ढुङ्गा, गिट्टी, रोडा, बालुवा तथा भरौट/माटोको बिक्री मूल्य असुली | [illegible] | [illegible] |
| २ | [illegible] | यस गाउँपालिका क्षेत्र भित्रका खोलानालाबाट IEE भई उत्खनन भएका तर यस गाउँपालिका क्षेत्र भित्र खपत नभई अन्य क्षेत्रमा निकासी हुने ढुङ्गा, रोडा, गिट्टी, बालुवा भरौट/माटोको निकासी दस्तुर संकलन | [illegible] | ३०००।०० |

शर्तहरु

१. बिक्री मूल्यको दररेट तथा निकासी दस्तुरको दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ।
२. बोलपत्र फारम खरिद र दाखिला गर्ने तोकिएको समय [illegible] खरिद गर्न र दाखिला गर्न सकिने छ।
३. [illegible]
४. [illegible]
५. बोलपत्रदाताले शिलबन्दी खामको बाहिर स्पष्टरुपमा बोलपत्रदाताको नाम र यस कार्यालयको नाम लेख्नु पर्नेछ।
६. [illegible]
७. [illegible]
८. [illegible]
९. [illegible]
१०. [illegible]
११. [illegible]
१२. [illegible]
१३. [illegible]
१४. [illegible]
१५. [illegible]
१६. [illegible]
१७. [illegible]
१८. [illegible]
१९. [illegible]
२०. [illegible]
२१. एक कम्पनी वा फर्मले खरिद गरेको बोलपत्र फाराम अर्को कम्पनी वा फर्मले प्रयोग गरी पेश गर्न पाइने छैन।
२२. निकासी शुल्क वा बिक्री मूल्य असुलीका लागी हाट प्रयोग गर्न पाइने छैन।
२३. [illegible]
२४. कार्यालयले आवश्यक ठानेमा कुनै कारण देखाइ वा नदेखाइ कुनै वा सबै बोलपत्र अस्वीकृत गर्न सक्ने छ।
२५. [illegible]
२६. [illegible]
२७. यस सूचनामा उल्लेख भएका कुराको हकमा सोही बमोजिम र नभएको हकमा प्रचलित कानुन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा [illegible] अनुसार हुनेछ।



## कीर्तिपुर नगरकार्यपालिकाको कार्यालयको
### सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७५/०५/१५)

[illegible]

१) [illegible]
२) [illegible]
३) [illegible]
४) [illegible]
५) [illegible]
६) [illegible]
७) [illegible]
८) [illegible]
९) [illegible]
१०) [illegible]

| सि. नं. | ठेक्का नं | कामको विवरण | लागत अनुमान (मु.अ.क. बाहेक) | बोलपत्र फाराम खरीद मूल्य (पछी फिर्ता नहुने) |
|---|---|---|---|---|
| १. | KRM 02 | [illegible] कीर्तिपुर [illegible] | [illegible] | [illegible] |

कीर्तिपुर नगरपालिका

# विश्व

## हिंसा

दक्षिण अफ्रिकाको सोवेटोमा विदेशी व्यापारीमाथि लक्षित हिंसामा तीन जनाको ज्यान गएको छ।



## भत्ता

बेलायतकी सिओभान म्याकलाग्लिन नामक अविवाहित महिलाले विधवा भत्ता पाएकी छिन्। उनले आफ्नो पार्टनरसँग कानुनी रूपमा विवाह गरेकी थिइन्।



2018, AUG
Friday
31

**विश्व २ मिनेट**

### मेक्सिको

## पत्रकारको हत्या

मेक्सिको सिटी, (एजेन्सी)

मेक्सिकोको कानकुन सहरमा एकजना टेलिभिजन पत्रकारको बुधबार गोली हानी हत्या गरिएको छ। सञ्चारमाध्यमका लागि कुख्यात मानिएको मेक्सिकोमा यस वर्षको शुरूयता कुल ८ जना पत्रकारको हत्या भइसकेको छ। मारिने जाभियर एनरिक रोड्रिगेज भाल्लाडेर क्यानल १० नामक टेलिभिजनमा क्यामेराम्यान र संवाददाताको रूपमा कार्यरत थिए। उक्त टेलिभिजन स्टसनले पत्रकार एनरिकको हत्या भएको पुष्टि गरेको छ। क्वीन्टाना राज्य सरकारले पत्रकार एनरिकसँगै अर्का एक व्यक्तिको पनि गोली हानी हत्या भएको जनाएको छ। तिनीहरुलाई सडकमा गोली प्रहार भएको थियो।

### अफगानिस्तान

## कमाण्डरसहित ४ जना मारिए

काबुल, (एजेन्सी)

तालिवान लडाकूमाथि अफगानिस्तानको उत्तरी प्रान्त बाघलानमा भएको एक सैन्य कारबाहीमा परी तालिवानका प्रमुख कमाण्डर कारी कयुमलगायत अन्य ४ जना लडाकू मारिएको सुरक्षा स्रोतले जनाएको छ। यस सुरक्षा अभियानमा अन्य ८ जना लडाकू घाइते भएको उक्त क्षेत्रका सैनिक प्रवक्ता मोहमद हनिफ रेजाइले बिहीबार जानकारी दिएका छन्। सन् २०१४ को डिसेम्बरमा अमेरिकाको नेतृत्वमा रहेको नेटो संयुक्त गठबन्धनका अधिकांश फौज अफगान युद्ध सकिएको घोषणा आ-आफ्नो देश फर्किएका थियो। बाँकी रहेका करिब १२ हजार फौज गैरयुद्ध कार्यमा संलग्न छन्।

### भारत

## सर्वोच्चको झट्का

नयाँ दिल्ली, (एजेन्सी)

भारतको भिमा कोरेगाउँ हिंसा मामिलामा देशभरि छापामारी कैयौं बुद्धिजीवी तथा सामाजिक कार्यकर्तालाई पक्राउ गर्ने महाराष्ट्र प्रहरीलाई सर्वोच्च अदालतले ठूलो झट्का दिएको छ। मुख्य न्यायाधीस दीपक मिश्रको बेन्चले यस प्रकारको कारबाहीले असहमति जनाउने प्रक्रिया प्रभावित हुने उल्लेख गर्दै भने असहमति त लोकतन्त्रका लागि सेफ्टी भल्व हो । बेन्चमा संलग्न न्यायधीस चन्द्रचुडले भने- 'यसले असहमति प्रभावित हुन्छ। असमति जनाउनु लोकतन्त्रका लागि सेफ्टी भल्व हो। यदि सेफ्टी भल्व नराख्ने हो भने प्रेसर कुकर बिस्फोट हुन्छ। यस मामिलामा बिहीबार सुनुवाइ भएको छ।

### चीन

## सेना तैनाथ नगर्ने

बेइजिङ, (एजेन्सी)

चीन बिहीबार अफगानिस्तानमा सैन्य तैनाथ गर्ने चिनियाँ योजनासम्बन्धी समाचार अस्वीकार गरेको छ। दुई छिमेकी सामान्य सैन्य तथा सुरक्षा सहयोगमा मात्र सीमित रहेको जनाएको छ। जनमुक्ति सेनाका सैयौं सैनिकलाई पूर्वी अफगानिस्तानस्थित एक सैन्य अड्डामा राखिएको भन्ने हङकङको साउथ चाइना मर्निङ पोस्ट र अन्य सञ्चारमाध्यममा आएको समाचार साँचो नभएको रक्षा मन्त्रालयका प्रवक्ता कर्नेल वु क्वियानले बताए। चीनले अन्य मुलुकहरुले जस्तै अफगानिस्तानको विशेष गरी आतंकवादविरुद्धको सुरक्षा क्षमता बढाउन सहयोग गरिरहेको वुले जानकारी दिए।

# म्यानमार नेतृ सुकीको राजिनामा माग

न्युयोर्क, (एजेन्सी)



पदमुक्त हुन लागेका संयुक्त राष्ट्रसंघको मानव अधिकार निकायका प्रमुख जेइद राद अल हुस्सेनले म्यानमारका शक्तिशाली प्रजातन्त्रवादी नेतृ आङ सान सुकीले गतवर्ष अल्पमत रोहिग्या मुस्लिम समुदायमाथि भएको सैनिक दमनको घटनालाई लिएर राजिनामा दिनुपर्ने विचार व्यक्त गरेका छन्।

हुस्सेनले शान्तिका लागि नोबेल पुरस्कार विजयी सुकीलाई सेनाको कुकृत्यलाई नजरअन्दाज गर्न दिनुभन्दा पुनः नजरबन्दीमा फर्काइनुपर्ने बिहीबार बीबीसीलाई जानकारी दिएका छन्।

म्यानमार सरकारले भने संयुक्त राष्ट्रसंघको रोहिग्यासम्बन्धी प्रतिवेदनलाई एकोहोरो भन्दै अस्वीकार गरेको छ। पहिलेदेखि नै बौद्धमार्गी बाहुल्य राष्ट्र म्यानमारका सेनाले आफूमाथि लगाइएको शृंखलाबद्ध जातीय सफायाको आरोप अस्वीकार गर्दै आएको छ।

सोमबार प्रकाशित संयुक्त राष्ट्रसंघको प्रतिवेदनमा सुकी रोहिग्याविरुद्ध भएको हिंसा रोक्न असफल भएको जनाइएको छ। हुस्सेनले सुकीले सेनाको पक्षमा प्रवक्ता शैलीमा बोलिरहनु आवश्यक नरहेको प्रतिक्रिया दिएका छन्।

सन् १९८९ देखि २०१० बीच सैनिक शासनकालमा ७३ वर्षीया सुकीले करिब १६ वर्ष नजरबन्दी जीवन बिताएकी थिइन्। बुधबार स्विडेनस्थित नोबेल पुरस्कार समितिले उनीबाट सन् १९९१ दिइएको नोबेल पुरस्कार फिर्ता लिइनुपर्ने जनाएको थियो।

यसैबीच बिहीबार म्यानमारको बागो क्षेत्रमा अत्यधिक वर्षाका कारण आएको बाढीबाट एक नदीको बाँधमाथिबाटै पानी बग्न थालेपछि त्यहाँका ६३ हजारभन्दा बढी स्थानीय बासिन्दालाई अन्यत्रै सुरक्षित गन्तव्यतर्फ सारिएको सरकारी अधिकारीहरुले बताएका छन्।

तिनीहरुलाई सो क्षेत्रबाट अन्यत्रै सारिएको र सम्भावित क्षति हुनबाट रोक्न ठूलो संख्यामा सुरक्षाकर्मी तथा उद्धारकर्मी परिचालन गरिएको छ। बागो क्षेत्रमा निर्मित उक्त नदीको बाँधलाई नाघेर पानीमाथिबाट बगेको छ। बाढी गाउँतर्फ पस्न सक्ने त्रासका कारण उद्धार शुरू गरिएको हो। उक्त बाँधका कारण झण्डै एकसय वटा गाउँ प्रभावित भएका छन्।

# अपहरणकारी, बलात्कारी र हत्याराको क्षमादान पाउने खेल

ब्रसेल्स, (एजेन्सी)



९० को दशकमा बेल्जियममा थुप्रै बालिकाहरुको अपहरण र बलात्कारपछि हत्या गरेको अभियोग लगाइएका एक कुख्यात अपराधीले पीडितका प्रश्नहरुको जवनफ पत्र मार्फत दिएपछि तिनीहरु थप आक्रोसित भएका छन्।

सन् १९९६ मा ती अभियोगमा थुनिएका मार्क डुट्रोक्सले लामो समयदेखि कारगार मुक्त हुने प्रयास गरिरहेका छन्। उनका वकिलले सम्बन्धित ६ वटा पीडित परिवारको पीडा कम पार्ने उद्देश्यले तिनीहरुलाई उनको पत्रहरु पठाएका छन्।

थुप्रै पीडित परिवारले उनको यो कार्य कैद मिनाह गराउने घृणित प्रयास भएको प्रतिक्रिया दिएका छन्। अहिले ६१ वर्षीय पुगेका डुट्रोक्सलाई सन् १९८६ मा अपहरण र बलात्कारको अभियोगमा प्रहरीले उनकी पत्नी मिचेल्ले मार्टिनसँगै पक्राउ गरेको थियो।

त्यसको ३ वर्षपछि उनलाई बाँकी कैद मिनाह गरी कारगारमुक्त गरिएको थियो। अपराध पिपासु यिनले १९९५ र १९९९५ बीच ६ जना बालिकालाई अपहरण गरे। उनले २ जना किशोरी एन मार्चल र एफी लाम्ब्रेक्सको हत्या गरे। अन्य २ जना ८ वर्षीया बालिका जुली लेजुने र मेलिस्सा रुस्सोलाई उनले भोकै राखेर मोरेका थिए।

तर उनको चुगुलबाट बच्न सफल अन्य २ जना १२ र १४ वर्षीया बालिकाले अदालतमा उनको अपराधको प्रमाण दिएका थिए। तीमध्ये साविने डार्डने नामक पीडित बालिकाले अदालतमा उनलाई आफूलाई किन नमारेको भनी प्रश्न गरेकी थिइन्। डेट्रोक्सले आफू यौन दुराचारी सञ्जालको सदस्य रहेको प्रहरीसमक्ष स्वीकारेका थिए।

उनको सो भनाइपछि गरिएको अनुसन्धानमा थुप्रै व्यक्ति प्रहरीको फन्दामा परेका थिए। सन् १९९८ मा १ जना प्रहरीको बन्दुक खोसेर केही समयका लागि उनी एक अदालतबाट फरार हुँदा २ जना मन्त्रीले राजिनामा दिनुपरेको थियो। उनकी पूर्वपत्नीलाई सन् २०१२ मा नै कारगारमुक्त गरिएको थियो।

बेल्जियन सञ्चारमाध्यमले क्षमादान पाउनका लागि उनले ५ वटा शर्त पूरा गर्नुपर्ने तथा तीमध्ये ३ वटा प्रत्यक्षरूपमा पीडित परिवारसँग सरोकार राख्ने जनाएको छ।

# उत्तर कोरिया मामिलामा प्रगति नहुनुमा चीन दोषी : ट्रम्प





वासिङ्टन, (एजेन्सी)

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चीनमाथि उत्तर कोरियासँग सुध्रिँदै गएको अमेरिकी सम्बन्धमा अवरोध सिर्जना गरिरहेको आरोप लगाएको छ। उनले पछिल्लो ट्विटमा कोरियाली निशस्त्रीकरणमा पर्याप्त प्रगति नहुनुमा चीन जिम्मेवार रहेको उल्लेख गरेको छ।

शृंखलाबद्ध ट्विटमा उत्तर कोरियाली किम जोङ उनलाई दिएको सन्देशमा दक्षिण कोरियासँग तत्काल सैन्य अभ्यास गर्न सकिने चेतावनी पनि दिएको छ। ट्रम्पले अबको अभ्यास 'अहिलेसम्मकै सबैभन्दा ठूलो' हुने पनि उल्लेख गरेको छ।

अमेरिकाले उत्तर कोरियाको परमाणु निशस्त्रीकरणलाई लिएर पर्याप्त दबाब दिइरहेकै बेला राष्ट्रपति ट्रम्पको उक्त बयान आएको हो। यसअघि ट्रम्पले लगातार कैयौं ट्विट गर्दै आफूले दक्षिण कोरियासँग साझा युद्ध अभ्यास जारी राख्ने कुनै कारण नदेखेको र यसले उत्तर कोरियामा आक्रोश मात्र बढाएको बताएका छन्।

ट्रम्पले यसै वर्ष जुनमा उत्तर कोरियाली सर्वोच्च नेता किम जोङ उनसँग सिंगापुरमा भएको ऐतिहासिक भेटवार्तापछि दक्षिण कोरियासँग हुन लागेको सैन्य अभ्यास रोकेका थिए। सिंगापुरमा अमेरिकासँग भएको शिखरवार्तापछि उत्तर कोरिया आफ्नो परमाणुस्थल र रकेट नष्ट गर्न तीव्रता देखाइरहेको बेला यो बहस बाहिर आएको विज्ञहरुले बताएका छन्।

ती ट्विटसमा ट्रम्प उत्तर कोरिया र चीनका नेताहरुसँग आफ्नो निजी सम्बन्धको प्रशंसा गरेका छन् तर कोरियाली प्रायद्वीपको समस्यामा दोष चीनमाथि पनि लगाएका छन्।

हाल अमेरिकामा किमसँग सिंगापुरमा भएको भेटवार्ताको नतिजालाई यथार्थमा उतार्न ट्रम्पमाथि दबाब बढिरहेको छ। यस दबाबको ठूलो कारण उक्त वार्तालगत्तै ट्रम्पले उत्तर कोरिया अब कुनै प्रकारको परमाणु खतरा नभएको घोषणा गरेका थिए।

ट्रम्पले चीनमाथि उत्तर कोरियालाई पर्याप्त मात्रामा मद्दत पुर्‍याइरहेको आरोप पनि लगाएका छन्। ट्रम्पले आफ्नो ट्विटमा लेखे- 'यसबाट कुनै मद्दत हुने छैन। यद्यपि ट्रम्पले उत्तर कोरियाली शासक किमसँगको उनको सम्बन्ध अत्यन्त राम्रो र जोशिलो भएको बताए र त्यसलै आफूले दक्षिण कोरियासँग 'वार गेम' अर्थात् सैन्य अभ्यास पुनः शुरू नगर्ने बताए।'

ट्रम्पले चीनसँग रहेको विवादलाई आफ्नो अत्यन्त राम्रो राष्ट्रपति सी जिन पिङसँग मिले सल्टाउने पनि बताए।

# राष्ट्रपति ट्रम्पद्धवारा गुगलको विरोध

वासिङ्टन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लोकप्रिय सर्च इन्जिन गुगलविरुद्ध आक्रोस पोखेका छन्। गुगलले सधैं आफूविरुद्धको समाचारलाई प्राथमिकतामा राख्ने गरेको र सुनियोजित ढंगले आफ्नो छविलाई नोक्सान पुर्‍याउने काम गरिरहेको ट्रम्पले बताए।

गुगलले राष्ट्रपति ट्रम्पको आरोपको जवाफमा त्यस प्रकारको कुनै प्राविधिक व्यवस्था नगरिएको जनाएको छ।

ट्रम्पले यसअघि मूलधारमा रहेका सञ्चारमाध्यममाथि यस मुद्दामा निसाना बनाउँदै आइरहेका थिए। ट्रम्पले ट्विटमा लेखेका छन्- गुगल सर्च नतिजामा ट्रम्प न्युजमा झुठा समाचारमाध्यमका विचार र रिपोर्टिङ मात्र देखिन्छ। यदि अर्को शब्दमा भन्ने हो भने यिनीहरु म र अन्य केही व्यक्तिका लागि पुरै कट्टर बनेका छन्। त्यसैले हाम्रोविरुद्ध सबै समाचार आमरूपमा नराम्रो नै हुने गरेको छ। झुठो समाचारका लागि सीएनएन सबैभन्दा अब्बल हो। रिपब्लिकन र कन्जरभेटिव सञ्चारमाध्यम र निष्पक्ष सञ्चारमाध्यमलाई बन्द पार्न चाहन्छ। गैरकानुनी? ९६ प्रतिशत परिणाम ट्रम्प न्युज सधैं नेसनल लेफ्टविङ सञ्चारमाध्यम, अत्यन्त खतरनाक।

गुगलले अन्य अनुदारवादीको आवाज दबाउनका लागि काम गरिरहेको पनि अमेरिकाका राष्ट्रपतिले उल्लेख गरेका छन्। 'यिनीहरु राम्रो समाचार पाठकसम्म पुग्न नै दिँदैन। यिनीहरुले यसमा पनि नियन्त्रण राखेका छन् कि हामीले के हेर्ने र पढ्ने र के नहेर्ने।'

उनले लेखेका छन्- चेतावनीअगाडि यो अत्यन्त खतरनाक स्थिति हो र यसमा केही गर्न आवश्यक छ।

अमेरिकाका राष्ट्रपतिले सञ्चारमाध्यम र गुगललाई लिएर दिएको उक्त बयानमा सोसल सञ्चारमाध्यममा आलोचना पनि भइरहेको छ। अभिव्यक्तिको स्वतन्त्रताका समर्थकले यस राष्ट्रपतिको आलोचना गर्दै गुगल सर्च इन्जिन धेरै कुरामा निर्भर हुने गरेको र त्यसमा राष्ट्रपतिको ब्राउजिङ हिस्ट्रि पनि पर्ने उल्लेख गरेका छन्।




२०७५, भदौ
शुक्रबार
१५

सनाखत भए मृत्युको कारण खोज्न सकिन्थ्यो। दुर्घटना वा अन्य कारण पत्ता नलाग्दा बेवारिसे लास बढ्न सक्छन। कतिपय बेवारिसे फेला परेका लास अन्त्येष्टि गरिसकेपछि आफन्त आउँछन्।

# भट्टलाई निलम्बन गर्ने निर्णय कार्यान्वयन नगर्न सर्वोच्चको आदेश

नेपाल समाचारत्र

काठमाडौं

सर्वोच्च अदालतले समाज कल्याण परिषद्का सदस्य सचिव डिल्लीप्रसाद भट्टलाई निलम्बन गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न/नगराउन आदेश दिएको छ।

समाज कल्याण परिषद्तर्फबाट परिषद्का कर्मचारी मिठाराम सिलवाल पक्ष र निलम्बित सदस्य सचिव डिल्लीप्रसाद भट्ट विपक्षी रहेको रिटमाथि न्यायाधीशद्वय हरिकृष्ण कार्की र आनन्दमोहन भट्टराईको इजलासले छानबिन गर्ने सरकारको निर्णय मगाएको हो।

परिषद्मा भ्रष्टाचार भएको बारे छानबिन गर्न साउन १८ गते बसेको मन्त्रिपरिषद् बैठकले विशेष अदालतका पूर्वन्यायाधीश मोहनरमण भट्टराईको अध्यक्षतामा ५ सदस्यीय छानबिन आयोग बनाएको थियो।

भ्रष्टाचारको आरोपमा महिला, बालबालिका तथा समाजकल्याण परिषद्ले गत साउन २३ गते भट्टलाई निलम्बन गरेर सदस्य सचिवको जिम्मेवारी वीरबहादुर राईलाई जिम्मेवारी दिएको थियो।

भट्टमाथि दातृ निकायसँग रकम माग्ने गरेको, परिषद्का लागि गाडी खरिद गर्दा लाखौं कमिसन लिने गरेको, परिषद्का कम्प्युटर, फ्रिजजस्ता सामान आफ्नो घर लैजाने गरेको, भृकुटीमण्डपस्थित फनपार्क मेला सञ्चालकसँग मिलेमतो गरी मासिक रकम असुल्ने गरेको, परिषद्को बैठकका निर्णय सच्याउने गरेको लगायतका उजुरी मन्त्रालयमा परेको थियो।

महिला बालबालिका तथा समाज कल्याणमन्त्री थममाया थापाले सदस्यसचिव भट्टलाई कारबाही गरेपछि पहिलोपटक भट्ट साउन २७ गते सर्वोच्च धाउनुभएको थियो। भट्टले परिषद्मा करोडौं रकम हिनामिना गरेको आरोपमा छानबिन समिति गठन भएकाले महिला तथा बालबालिका मन्त्रालयमा काजमा खटाउने निर्णय गरेको सरकारको ठहर छ।

न्यायाधीश केदारप्रसाद चालिसेको एकल इजलासले भट्टलाई मन्त्रालय हाजिर गराउने निर्णय तत्काल कार्यान्वयन नगर्न आदेश गरेको थियो। भट्टले दायर गरेको रिटमा सर्वोच्चको एकल इजलासले अन्तरिम आदेश जारी गरेपछि त्यसविरुद्ध सरकार र परिषद्ले पनि भ्याकेटको निवेदन लिएर भदौ ५ गते सर्वोच्च पुगेको थियो।

२०७५ साउन २१ गते बसेको मन्त्रिपरिषद्को वैठकले निलम्बित सदस्य सचिव भट्टलाई मन्त्रालय हाजिर गराउने निर्णय गरेको थियो। सो निर्णयलाई चुनौती दिँदै भट्टले साउन २८ गते सर्वोच्चमा रिट निवेदन दर्ता गराउनुभएको थियो।

# बेवारिसे शव भेटिन्छन्, पहिचान खुल्दैन

नेपाल समाचारपत्र

पर्वत

फलेवासमा गत असार २९ मा १ जनाको शव फेला पर्‍यो। अन्दाजी ४५ वर्षीय पुरुषको फलेवास-६ देवीस्थानमा फेला परेको शवको अनुहार र शरीर फुलेको र कपाल झरिसकेको अवस्थामा थियो। प्रहरीले जिल्ला अस्पतालमा पठाएर पोस्टमार्टम गर्न लगायो। सनाखतका लागि कोही आउँछन् कि भनेर केही दिन शव अस्पतालमै राखियो।

कोही नआएपछि फलेवास नगरपालिकाले शवको अन्तिम संस्कार गरायो। उनको अझैसम्म पहिचान खुलेको छैन। गत जेठ २५ मा मोदी गाउँपालिका-६ गिज्यानमा पनि एउटा लास फेला परेको थियो। केही दिनदेखि गाउँ वरपर डुल्दै गरेको देखिएका राजकुमार बस्नेत नाम र ठेगाना सोलुखुम्बुको सल्लेरी बताउने अन्दाजी ४० वर्षीय उनको पनि शव लिन कोही आएनन्। मृतकको ठेगानाका आधारमा पर्वत प्रहरीले सोलुखुम्बुको सम्बन्धित ठेगानामा खबर गरे पनि लासको दाबी गर्न आफन्त नआएपछि करिब दुई सातापछि मोदी गाउँपालिकाले दाहसंस्कार गर्‍यो।

यस्ता प्रकृतिका बेवारिसे लास फेला परे पनि लामो समयसम्म आफन्तले दाबी गर्न नआउँदा पर्वत प्रहरी र स्थानीय तहलाई टाउको दुखाइ बन्ने गरेको छ। भेटिएका लास व्यवस्थित गरी राख्ने प्रविधि र स्थानको अभाव, आफन्तको बेवास्तालगायतका कारणले प्रहरीलाई यस्ता लासका कारण हैरानी छ। प्रहरीका अनुसार गएको २ वर्षमा विभिन्न प्रकृतिका बेवारिसे लासको संख्या ११ पुगेको छ। तीमध्ये ६ पुरुष र ३ महिला थिए। २ वटा लिंग पहिचान हुनै नसक्ने अवस्थामा भेटिएका थिए।

लासको सनाखत नहुँदा मृत्युको कारणबारे बुझ्न पनि प्रहरीलाई समस्या पर्ने गरेको छ। 'सबै मृत्यु कालगतिले नहुन पनि सक्छ', प्रहरी नायब उपरीक्षक भुवनेश्वर तिवारीले भने- 'सनाखत भए मृत्युको कारण खोज्न सकिन्थ्यो। दुर्घटना वा अन्य कारण पत्ता नलाग्दा बेवारिसे लास बढ्न सक्छन। कतिपय बेवारिसे फेला परेका लास अन्त्येष्टि गरिसकेपछि आफन्त आउँछन्।'

आफन्त दाबी गर्दै आउनेहरू प्रहरीको मुचुल्काबाहेक अरू केही लिन सक्ने अवस्था नभएको तिवारीले बताए। 'अन्त्येष्टिपछि आउनेले लासको कुनै वस्तु नपाउने अवस्था छ', उनले भने- 'त्यो समस्याबाट मुक्त हुन समाधिस्थल बनाएर सुरक्षित राख्ने योजनामा छौं। स्थानीय तहसँग समन्वय भइरहेको छ।' लासको दाबी गर्न आफन्त नआए मृतक फेला परेको सम्बन्धित स्थानीय तहले नै अन्त्येष्टि गर्नुपर्ने कानुनी प्रावधान छ। कालीगण्डकी र मोदी किनारमा धेरैजसो यस्ता लास फेला परेको प्रहरीले जनाएको छ।

स्थानीय तहले भने समाधिस्थल बनाउन कानुनी प्रावधान भए पनि उचित स्थानको अभावले तत्काल सम्भव नभएको जनाएका छन्। 'कानुनतः हाम्रो सीमाभित्रका बेवारिसे लासको जिम्मेवारी हामीले लिनुपर्छ', मोदी गाउँपालिकाका अध्यक्ष प्रेम पौडेलले भने- 'समाधिस्थल बनाउनेबारे बहस चलाइएकै छैन। बनाउनै पर्ने भए ठाउँ खोज्नुपर्छ।' बेवारिसे धेरै लास भेटिने कुश्मा नगरपालिकाले पनि छुट्टै समाधिस्थलबारे सोच बनाएको छैन। कुश्मा-५ अन्तर्गत पर्ने मोदीवेणी र गोपाङघाट पुरानो समयदेखि अन्त्येष्टिका घाट भएकाले अरू विकल्प नखोजिएको कुश्माका नगरप्रमुख रामचन्द्र जोशीले बताए। प्रहरीले बेवारिसे फेला परेका लासबारे ठेगाना खुलेसम्म सोही ठेगानामा खबर गर्दै आएको छ।

# आत्मसम्मानसहितको परिपूरणको व्यवस्था गर्न माग

नेपाल समाचारपत्र

बर्दिया

बलपूर्वक वेपत्ता बनाउने कार्यविरुद्धको ३५औं अन्तर्राष्ट्रिय बेपत्ता दिवसमा बेपत्ता पीडितहरूले आत्मसम्मानसहितको परिपूरणको व्यवस्था गर्न माग गरेका छन्। आज बर्दिया जिल्लाको गुलरियामा भएको संक्रमणकालीन न्याय र वर्तमान बेपत्ता विधेयक विषयक अन्तरक्रिया कार्यक्रममा पीडितहरूले बेपत्तासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुमोदन गर्न, बेपत्ता व्यक्तिहरूको अवस्था सार्वजनिकीकरण गर्न माग गरेका हुन्।

द्वन्द्वपीडितहरूको क्षेत्रमा कार्यरत ७ वटा संस्थाको संयुक्त आयोजनामा भएको अन्तरक्रियामा बेपत्ता पारिएका तथा द्वन्द्वपीडितका परिवारले न्यायको अनुभूत हुने खालका कार्य कतैबाट हुन नसेको गुनासो गरेको छन्। न्यायका लागि हिँड्दाहिँड्दै झन पीडितमाथि पीडा थपिएको महसुस भएको दुखेसो गरेका छन्। पीडितहरूको सत्य, न्याय र परिपूरणका लागि बेपत्तासम्बन्धी बनेको सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता आयोगले पनि काम गर्न नसकेको बताएका छन्।

उक्त कार्यक्रममा बर्दिया जिल्ला अदालत बार एसोसिएसन इकाईका अध्यक्ष देवीदत्त देवकोटाले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। प्रस्तुत कार्यपत्रमा विगतको माओवादी विद्रोहीद्वारा घोषित सशस्त्र द्वन्द्वको घोषणापश्चात १ हजार ३ सय ४७ जना व्यक्ति बेपत्ता परिएको र बर्दिया जिल्लामा २ सय ६६ जना व्यक्ति बेपत्ता भएको जसमध्ये २ सय ५५ जनाले राहत पाइसकेको कुरा उल्लेख गरिएको छ।

बेपत्ता भएका पीडितको परिवारको पीडाको चर्चा गर्दै शारीरिक अवस्था जिउँदो, मरेको सत्यतथ्य पाउन नसक्नु, बेपत्ता भएको व्यक्तिको नाममा भएको सम्पत्ति नामसारी गर्ने, भोगचलन गर्ने, व्यवहार मिलाउन, बिक्री वितरण गर्ने कार्यमा समस्या रहेको छ। तसर्थ पीडितको सत्य, न्याय र परिपूरणका लागि आयोगको भूमिका अन्तर्राष्ट्रिय मापदण्डअनुसारको कानुनी व्यवस्था हुनुपर्ने रहेको छ।

नेपाल रेडक्रस सोसाइटी बर्दिया शाखाका उपसभापति रामचन्द्र थापाको सभापतित्वमा भएको कार्यक्रममा गैरसरकारी संस्था महासंघका अध्यक्ष विष्णु तिमिल्सिना, पत्रकार महासंघका अध्यक्ष राजेन्द्र धिताल, वरिष्ठ अधिवक्ता नरेन्द्र शर्मा, जिल्ला प्रशासन कार्यालयका अर्जुन सुवेदीले मन्तव्य व्यक्त गर्नुहुँदै पीडितहरूको समस्याप्रति ऐक्यबद्धता जनाउनुभएको थियो।

# लागूऔषधसहित चार पक्राउ

भद्रपुर, (नेस)

लागूऔषध ओसारपसार गरेको आरोपमा ४ जनालाई जिल्ला प्रहरी कार्यालय झापाले पक्राउ गरेको छ। पक्राउ पर्नेमा झापाको मेची नगरपालिका-१२ का २५ वर्षीय सन्तोष साम्सोहाङ लिम्बु र अर्जुनधारा नगरपालिका-९ का २० वर्षीय रामप्रसाद भारती रहेका छन्।

बुद्धशान्ति गाउँपालिका-४ कालीखोला चोकमा प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा शंका लागी मे७प ७८२८ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा उनीहरूको साथबाट ७ पोकामा रहेको अन्दाजी ३ ग्राम ब्राउन सुगर र २२ हजार २ सय ८० नगद बरामद गरिएको प्रहरीले जनाएको छ। बरामद सामग्रीको अन्दाजी १२ हजार रूपियाँ मूल्य रहेको जिल्लाका डीएसपी तथा प्रहरी प्रवक्ता जितेन्द्रकुमार बस्नेतले जनाए।

त्यसै गरी प्रहरीले मेचीनगर नगरपालिका-६ बर्मेली टोलका २७ वर्षीय कुशल धिमाल र २२ वर्षीय भरत आचार्यलाइ पक्राउ गरेको छ।

# कञ्चनपुरमा कर्फ्यु हट्यो

काठमाडौं, (नेस)

एक सातादेखि कञ्चनपुरमा लगाइएको कर्फ्यु पूर्ण रूपमा हटाइएको छ। गत शुक्रबारदेखि कञ्चनपुरको भीमदत्त नगरपालिकामा लगाइँदै आएको कर्फ्यु जिल्ला सुरक्षा समितिको बैठकले हटाएको हो।

प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारीले जनजीवन सामान्य बन्दै गएकाले कर्फ्यु पूर्ण रूपमा हटाइएको जानकारी दिनुभयो।

# छतबाट खसेर महिलाको मृत्यु

नुवाकोट, (नेस)

नुवाकोटको सदरमुकाम विदुर नगरपालिका वडा नं १ ढुङ्गेमा फोहोर फाल्न घरको छतमा गएकी एक महिलाको छतबाट घसेर मृत्यु भएको छ।

मृत्यु हुनेमा २९ वर्षीया सिर्जना ढुंगाना रहेको जिल्ला प्रहरी कार्यलय नुवाकोटले बताएको छ। फोहोर फाल्नका लागि घरको छतमा पुगेकी ढुंगाना एक्कासी खसेर घर अधिको सडकमा पुगेकी थिइन। छतबाट खसेर सक्त घाइते भएकी ढुङ्गानाको उपचारको लागि तत्काल नुवाकोटको त्रिशूली लगिएको थियो।

तर उनलाई अस्पताल लग्ने बित्तिकै चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। मृतक ढुंगाना जिल्ला अदालत नुवाकोटमा तामिलदार पदमा कार्यरत रहेको अदालतका श्रेस्तेदार शिवप्रसाद वन्जाराले बताए।

# स्थानीय तहमा मनपरी मन नपरेको कर्मचारी आउट

बाँके, (नेस)

बाँकेको राप्तीसोनारी गाउँपालिका यतिबेला प्राविधिक कर्मचारीविहीन रहेको छ। अध्यक्ष लाहुराम थारुले इन्जिनियरसहित ६ जना प्राविधिक कर्मचारीलाई फिर्ता र हटाइदिएपछि गाउँपालिका प्राविधिक कर्मचारीविहीन भएको हो।

इन्जिनियर शरद अधिकारी, असिस्टेन्ट सब इन्जिनियर दीपक शाहीलाई जहाँबाट गएको हो, त्यही फिर्ता गरिएको छ। इन्जिनियर अधिकारीलाई अध्यक्ष थारुले नै 'नाम तोकेर माग गरेपछि' मंसिरमा प्राविधिक कार्यालयले गाउँपालिकामा पठाएको थियो। दीपक जिल्ला समन्वय समितिबाट त्यहाँ गएका थिए। यीसँगै सब इन्जिनियर विशेष बुढा, हरि काफ्ले र भूपेन्द्र वली तथा असिस्टेन्ट सब इन्जिनियर होमसूर्य केसीको करार तोडिएको छ।

अध्यक्ष थारुको विशेष पहलमा भदौ ३ गते बसेको बोर्ड बैठकले प्राविधिकहरूलाई फिर्ता गर्ने र हटाउने निर्णय गरेको थियो। यो निर्णयविरुद्ध २, ५, ६ र ७ नम्बर वडाका अध्यक्षले आवाज उठाएका थिए। त्यसका बाबजुद बहुमतले निर्णय भएको थियो। अध्यक्ष थारुले नै हस्ताक्षर गरेर भदौ ८ गतेको मितिमा इन्जिनियरलाई फिर्ता गरिएको पत्र थमाइएको छ। जिल्ला प्राविधिक कार्यालयमा भदौ १३ गतेको हस्ताक्षरको पत्र आइपुगेको छ। सबै प्राविधिक कर्मचारीलाई फिर्ता र हटाउने निर्णयको पत्रमा प्रशासकीय अधिकृतले हस्ताक्षर गर्न नमानेपछि अध्यक्ष थारु आफैले हस्ताक्षर गरेका छन्।

'काममा ढिलाइ र नजानेको भन्दै अध्यक्ष सबैलाई फिर्ता र हटाउने निर्णय गर्नुभएको छ। वडा नम्बर ७ का अध्यक्ष लखन थारुले भन्नुभयो- 'यो गलत हो भनेर हामीले आवाज उठायौं तर सुनुवाइ भएन।' उहाँले गाउँपालिका आफैले राखेका ४ जना करारका प्राविधिकले नजान्ने थिए भने पहिला किन राखेको भन्ने प्रश्न गर्नुभयो।

फेरि सूचना निकालेर करारमा कर्मचारी राख्दा आर्थिक चलखेल हुने भएकाले यस्तो खेल खेलिएको एकथरिको भनाइ छ। आर्थिक वर्ष सम्पन्न हुने बेलासम्ममा मज्जाले काम गरेका प्राविधिकहरू अहिले आएर किन अयोग्य भए, प्रश्न उब्जिएको छ।

कर्मचारीलाई काज फिर्ता गर्ने र हटाउने लाहुराम एक्ला होइनन्। नेपालगञ्ज उपमहानगरपालिकाका मेयर धवल शमशेर राणा, कोहलपुर नगरपालिकाका मेयर लुटबहादुर रावतदेखि डुडुवा गाउँपालिकाका अध्यक्ष नरेन्द्र चौधरीसम्म छन्। आफूले भनेको नमान्नेबित्तिकै मेयर/अध्यक्षले कर्मचारीलाई पाखा लगाउने गरेका छन्। नेपालगञ्जका मेयर राणाले लेखामा आएका उपसचिव रामबहादुर केसीलाई हाजिर हुन नदिएर फिर्ता गरे। महाशाखा गठन गर्न दिएनन्। प्राविधिक कार्यालयबाट गएका जयबहादुर कार्कीलाई पत्र नै दिएर फिर्ता गरे। प्राविधिक कार्यालयबाट गएका अरू त हाजिर यतै गर्थे, काम गरिसकेपछि फर्किए।

कोहलपुरका मेयर रावतले पनि इन्जिनियर आरती पौडेल, अजयबहादुर अधिकारी, सब इन्जिनियर जनक न्यौपाने, निशान अधिकारीलाई पाखा लगाए। करारमा नियुक्ति गरिसकेपछि केही जान्ने भइसकेका कर्मचारीलाई पाखा लगाएर नयाँलाई ल्याउने दाउ हेर्नु कुनै न कुनै फाइदाले काम गरेको हुन सक्ने सम्बद्धहरू बताउँछन्।

डुडुवाका अध्यक्ष चौधरीले शिक्षा समितिमा आफूले भनेको मान्छे राख्न पाउनुपर्ने भनाइलाई नकारेको भन्दै शिक्षा शाखाका प्रमुख खगेन्द्र मल्ललाई बेइज्जतपूर्ण पत्र थमाएर फिर्ता गरेका थिए। त्यहाँबाट अरू कर्मचारी पनि फिर्ता भए। अरू गाउँपालिकाको पनि अवस्था उस्तै रहेको छ।

## छुवाछुत...

जातजातिका आधारमा हुने सामाजिक विभेदलाई न्यायोचित ठहऱ्याउने वा जातीय सर्वोच्चता वा घृणामा आधारित विचारको प्रचारप्रसार गर्ने कामलाई पनि विधेयकले जातीय विभेद भएको दर्शाएको छ। अपमानजनक शब्दको प्रयोग गर्ने वा आचरण, हाउभाउ वा व्यवहारबाट त्यस्तो संकेत गर्ने वा जातीय विभेदलाई कुनै किसिमले अभिवृद्धि गर्ने किसिमबाट उक्साउन वा दुरूपयोग गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था विधेयकमा गरिएको छ।

अहिले चलिरहेको व्यवस्थामा भएको शब्द कसैले पछि 'कुनै पनि व्यक्ति वा समुदायलाई' भन्ने थप गरिएको छ र केही शब्द छोट्याइएका छन्। ऐनबमोजिम कसूर गरे अदालतले पीडितलाई २ लाख रुपैँयासम्म क्षतिपूर्ति भराइदिन सक्ने व्यवस्था गरिएको छ।

कसूरदारले पीडितलाई कुनै शारीरिक हानी नोक्सानी पुऱ्याएको रहेछ भने अदालतले सोको प्रकृतिको आधारमा उपचार खर्च वा थप हानी नोक्सानीबापत कसूरदारबाट पीडितलाई मनासिब रकम भराउने आदेश दिन सक्ने पनि ऐनमा उल्लेख गरिएको छ। मूल ऐनमा रहेको जातीय, भेदभाव तथा छुवाछुतको साटो 'जातीय एवं अन्य सामाजिक भेदभाव तथा छुवाछुत' थप गरिएको छ।

मन्त्री लालबाबु पण्डितले हस्ताक्षर गर्नुभएको विधेयकमा नेपालको संविधान अनुकूल हुने गरी संशोधन गर्नुपर्ने भएकाले केही व्यवस्था थपघट गरिएको उल्लेख गरिएको छ।

मुलुकमा पछिल्लो समय जातीय भेदभावका घटनामा वृद्धि हुँदै गएकाले सरकारले यो विधेयक ल्याएको जनाएको छ। जातीय विभेदका नाममा कतिपयको ज्यानसमेत गएका घटना बेलाबेलामा सार्वजनिक हुने गरेको छ। कुवामा पानी लिन गएकामाथि आक्रमण भएका घटना हुन् वा मठमन्दिर प्रवेश गर्दा उत्पन्न समस्यालाई नयाँ ऐनले सम्बोधन गर्ने अपेक्षा गरिएको छ।

नेपाली कांग्रेसकी सांसद लक्ष्मी परियारले सरकार र अन्य निकायले दिने राहत रकम जातीय हिसाबमा फरकफरक भएकामा सरकारको ध्यानाकर्षण गराउनुभयो। बझाङबाट प्रतिनिधित्व गर्ने नेपाल कम्युनिस्ट पार्टीकी सांसद आशाकुमारी विकले राजनीतिक दलका नेता र कर्मचारीलाई कारबाही गर्ने व्यवस्थाको सुरुआत नभएकाले विभेद अन्त्य हुन नसकेको दाबी गर्नुभयो।

स्थानीय तह, राष्ट्रियसभा र प्रतिनिधिसभामा दलित समुदायका लागि आरक्षणको व्यवस्था गरिएको थियो। स्थानीय तहका प्रत्येक वडामा १ महिला अनिवार्य रूपमा सदस्य निर्वाचित भएर आएका छन्।

राष्ट्रियसभामा प्रत्येक प्रदेशमा १ जना दलित उम्मेद्वार अनिवार्य हुनुपर्ने व्यवस्थाअनुसार राष्ट्रियसभा गठन भएको छ। प्रतिनिधिसभामा समानुपातिकतर्फ दलितको कोटा सुनिश्चित गरिएको छ।

## भारतको...

बुद्धिस्ट सर्किटलाई बिमस्टेक सम्मेलनको महत्त्वपूर्ण एजेन्डा बनाएर कार्यान्वयन शुरू गर्नुपर्ने परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले जोड दिनुभयो। नेपालले नै सदस्य राष्ट्रबीच बुद्धिस्ट सर्किटको प्रस्ताव गर्न सक्ने उल्लेख गर्दै उहाँले त्यसबाट पर्यटन क्षेत्रमा ठूलो लाभ पुग्ने बताउनुभयो। 'यसपटक बुद्धिस्ट सर्किटको अवधारणालाई कार्यान्वयन गर्न नेपालले अग्रसरता लिनुपर्दछ' -उहाँले भन्नुभयो।

## बुद्धिस्ट...

'प्रचण्ड' पहिलोपटक प्रधानमन्त्री हुँदा गठित बृहत्तर लुम्बिनी विकास समितिमा रहनुभएका भिक्षु कौण्डन्यले भन्नुभयो- 'पटकपटकको चर्चाले पनि बुद्धिस्ट सर्किटको योजनालाई नेपालले पनि ठोस, मूर्तीकरण गर्न सकिरहेको छैन।'

बुद्धिस्ट सर्किटमा लुम्बिनीलाई मात्र नभई कपिलवस्तु, देवदह, रामग्राम पनि जोड्नुपर्ने विषय उठिरहेको बताउँदै भिक्षु कौण्डन्यले नेपालले यसबाट के-कस्तो र कसरी लाभ पाउन सकिन्छ सम्मेलनमा त्यसबारे विस्तृत चर्चा हुनुपर्नेमा जोड दिनुभयो।

## छाउले...

छाउ भएको बेला खुला ठाँउमा दिशापिसाब गर्न निकै असजिलो हुने र कसैले देखिहाल्ने डरले ढुक्कले दिशापिसाबसमेत गर्न नसकिने ढकारी गाउँपालिका-२ की जानकी रोकाया साउदले बताउनुभयो।

'छाउ भएको बेलामा राम्रोसँग सुत्नसमेत पाउँदैनौ' -गाउँमा जाड खाएर रातभरि हल्ला गर्ने मान्छे कतै आफू बसेको छाउगोठमा आउने डरले अनिदो हुनुपरेको ढकारी गाँउपालिका-२ की अमृता बुढाले बताउनुभयो। पोसिलो खानेकुरा खान नपाउँदा महिलाहरूको स्वास्थ्य कमजोर हुने र विभिन्न रोगहरूको संक्रमण हुने ढकारी स्वास्थ्य चौकीकी अनमी दिक्षा बिसीले बताउनुभयो।

ढकारी गाउँपालिका-१ की पार्वती बुढाले गाउँबाट दूध, दही किनेर खाँदा कसैका वस्तुभाउ नमरेका तर घरको खाँदा मर्ने अन्धविश्वास रहेकाले यो कुप्रथाको अन्त्य हुनुपर्ने बताउनुभयो।

सुदूरपश्चिमका पहाडी जिल्लामा छाउपडी प्रथा अझै विकराल रूपमा रहेको छ। अछाम जिल्लामा अहिलेसम्म छाउगोठमै धेरै जना महिलाले ज्यान गुमाइसकेका छन्।

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
सस्पेन्सन पुल डिभिजन
पुल्चोक, ललितपुर

आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सूचना

प्रकाशित मिति : २०७५/५/१५

यस डिभिजनको मिति २०७५/३/३२ मा https://bolpatra.gov.np/egp/ मा प्रकाशित सूचना अनुसार NCB-17-21/074/75 का लागि [illegible] भएका बोलपत्रहरूमध्ये तपसिलका प्याकेजका लागि तपसिल बमोजिमका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्याङ्कन पश्चात सारभूत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन २०७३ समेत) को नियम [illegible] अनुसार मिति २०७५/५/३२ गते दिनको १:०० बजे आर्थिक प्रस्ताव खोलिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसील

| ठेक्का नं. | फो.पु. हरु को नाम र जिल्ला | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताहरु |
|---|---|---|
| CTP-17/074/75 | [illegible] | १. निलगिरी / [illegible] जे.भी., काठमाडौं<br>२. इगिहरी / [illegible] जे.भी., काठमाडौं<br>३. [illegible] जे.भी., काठमाडौं<br>४. [illegible] / हिमशिखर जे.भी., काठमाडौं<br>५. आम्पाने / स्वीना जे.भी., काठमाडौं |
| CTP-18/074/75 | [illegible] | १. अधिकारी निर्माण सेवा, गोरखा<br>२. निलगिरी / अन्नपूर्ण जे.भी., काठमाडौं<br>३. आम्पाने / स्वीना जे.भी., काठमाडौं<br>४. [illegible] / हिमशिखर जे.भी., काठमाडौं |
| CTP-19/074/75 | [illegible] | १. [illegible] निर्माण सेवा प्रा.लि., काठमाडौं<br>२. अधिकारी / [illegible] जे.भी., काठमाडौं<br>३. [illegible] / हिमशिखर जे.भी., काठमाडौं<br>४. [illegible] जे.भी., काठमाडौं<br>५. इगिहरी / [illegible] जे.भी., काठमाडौं<br>६. श्रीगीता कन्स्ट्रक्सन, स्याङ्जा<br>७. निलगिरी / अन्नपूर्ण जे.भी., काठमाडौं |
| CTP-20/074/75 | [illegible] कैलाली | १. निलगिरी निर्माण सेवा प्रा.लि., काठमाडौं<br>२. श्रीगीता कन्स्ट्रक्सन, स्याङ्जा<br>३. [illegible] निर्माण सेवा, काठमाडौं<br>४. आम्पाने / स्वीना जे.भी., काठमाडौं<br>५. [illegible] जे.भी., कञ्चनपुर<br>६. [illegible] जे.भी., काठमाडौं |
| CTP-21/074/75 | [illegible] | १. [illegible] कन्स्ट्रक्सन कम्पनी प्रा.लि., बाँके<br>२. [illegible] निर्माण सेवा, काठमाडौं<br>३. [illegible] कन्स्ट्रक्सन, बाँके<br>४. श्रीगीता कन्स्ट्रक्सन, स्याङ्जा<br>५. निलगिरी निर्माण सेवा प्रा.लि., काठमाडौं<br>६. आम्पाने / स्वीना जे.भी., काठमाडौं<br>७. [illegible] जे.भी., कञ्चनपुर |

योजना प्रमुख


# अर्थ

2018, AUG
Friday
31

गत आर्थिक वर्षको साउन महिनामा मात्र ७० अर्ब २ करोड ८२ लाख रुपियाँ बराबरको व्यापारघाटा व्यहोरेको मुलुकले चालू आर्थिक वर्षको सोही अवधिमा १ खर्ब १३ अर्ब ६८ करोड ८६ लाख रुपियाँ बराबर व्यापारघाटा व्यहोरेको छ। गत आर्थिक वर्षको तुलनामा व्यापारघाटा ६२ दशमलव ३५ प्रतिशतले बढेको छ।















## एनआईसी एसिया बैंकको बन्दीपुरमा नयाँ शाखा



काठमाडौं, (नेस)

एनआईसी एसिया बैंकको नयाँ शाखा तनहुँको बन्दीपुर गाउँपालिका- १, डुम्रेमा खुलेको छ। उक्त शाखा एनआईसी एसिया बैंकका सञ्चालक राजेन्द्रप्रसाद अर्यालले उद्घाटन गर्नुभयो।

बैंकले २४१ शाखा, २३८ एटीएम, १४ वटा एक्सटेन्सन काउन्टर एवम् १८ वटा शाखारहित बैंकिङ इकाईमार्फत बैंकिङ सेवा प्रदान गर्दै आएको छ। बैंकको वासलातको आकार १८३ अर्बभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १५५ अर्ब तथा कर्जा १२७ अर्ब रुपियाँ रहेको छ। हालसम्म बैंकको ग्राहक संख्या करिब १२ लाख १९ हजार रहेको बैंके जनाएको छ।

## ओपो एफ नाइन बजारमा




काठमाडौं, (नेस)

ओपो मोबाइलको एफ सिरिजअन्तर्गत नयाँ उत्पादन ओपो एफ नाइन नेपाली बजारमा आएको छ। ५ मिनेट चार्ज गर्दा २ घण्टाको टक टाइम दिने, भोक फ्ल्यास चार्जिङ र उद्योगकै पहिलो ग्राडियन्ट कलर डिजाइनसहित एफ नाइन आएको कम्पनीले जनाएको छ।

सनराइज रेड, ट्वाइलाइट ब्ल्यु र स्टारी पर्पल गरी तीन भिन्न ग्राडियन्ट कलर एफ नाइन उपलब्ध रहेको कम्पनीले जानकारी दिएको छ। कम्पनीका अनुसार सनराइज रेड र ट्वाइलाइट ब्ल्यु देशभरका अफलाइन स्टोरमार्फत भदौ १४ गतेदेखि बिक्री भएको छ भने स्टारी पर्पलका लागि केही समय लाग्ने छ।

ओपो एफ नाइन ४ जीबी को मूल्य ४१ हजार ५९० र ६ जीबी को मूल्य ४५ हजार ५९० रुपियाँ रहेको कम्पनीले जनाएको छ।

६.३ इन्च 'वाटरड्रप स्क्रिन' डिजाइन, ९० दशमलव ८ प्रतिशत स्क्रिन टु बडी रेसिया पृथक ग्राडियन्ट कलर र ३५०० एमएएच ब्याट्री रहेको छ। 'उपभोक्ताका समस्याको उत्कृष्ट समाधान उपलब्ध गराउनु ओपोमा हाम्रा लागि प्रमुख प्राथमिकताको विषय हो। ५ मिनेटको मात्रै चार्जमा २ घण्टाको टक टाइम उपलब्ध गराउने क्षमतासहितको भोक फ्ल्यास चार्जमार्फत ब्याट्रीसम्बन्धी उपभोक्ताको चिन्ता निवारणमा सफल हुनेमा हामी आशावादी छौं ,' नयाँ फोनका बारेमा ओपो नेपालका प्रमुख कार्यकारी अधिकृत बबी ट्राओले भने।

## मुक्तिनाथ विकास बैंकको बरदान मुद्दति योजना

काठमाडौं, (नेस)

मुक्तिनाथ विकास बैंकले मुक्तिनाथ बरदान मुद्दति योजना ल्याएको छ।

यस योजनाअन्तर्गत ग्राहकले एक वर्षको अवधिमा न्यूनतम ५ लाखदेखि निक्षेप राख्न सक्ने छन्। बैंकले यस योजनाअन्तर्गत राख्ने निक्षेपमा वार्षिक ११ दशमलव ५० प्रतिशत ब्याजदर प्रदान गर्ने छन्।

यस योजना बैंकको ९५ वटै शाखाबाट उपलब्ध हुने बैंकले जनाएको छ। बैंकले आफ्ना ग्राहकलाई विभिन्न निक्षेप तथा कर्जा सुविधा, रेमिट्यान्स सेवा, बैंकास्योरेन्स, आस्बा, भिसा डेबिट कार्ड सेवा, साथै कुनै पनि शाखाबाट रकम झिक्न र राख्न सकिने जस्ता सुविधाहरु पनि उपलब्ध गराउँदै आएको छ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ १५, अगस्ट ३१, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | ११२।८९ | ११३।४९ |
| युरो १ को रू. | १३१।९८ | १३२।६८ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४६।९२ | १४७।७० |
| स्विस फ्रन्क १ को रू. | ११६।३४ | ११६।९५ |
| अस्ट्रेलियन डलर १ को रू. | ८२।३९ | ८२।८३ |
| क्यानाडियन डलर १ को रू. | ८७।३० | ८७।७७ |
| सिङ्गापुर डलर १ को रू. | ८२।६३ | ८३।०७ |
| जापानी यन १० को रू. | १०।१२ | १०।१८ |
| चिनियाँ युआन १ को रू. | १६।५२ | १६।६१ |
| साउदी अरब रियाल १ को रू. | ३०।१० | ३०।२६ |
| कतारी रियाल १ को रू. | ३१।०० | ३१।१६ |
| थाई भाट १ को रू. | ३।४५ | ३।४७ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।७३ | ३०।९० |
| मलसियन रिङ्गिट १ को रू. | २७।४७ | २७।६२ |
| दक्षिण कारियन वन १०० को रू. | १०।१८ | १०।२३ |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।३८ |
| डेनिस क्रानर १ का रू. | १७।७० |
| हङकङ डलर १ का रू. | १४।३८ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

30 AUGUST THURSDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 9985.00 | 335.00 | 331.00 | 334.00 | 3.00 |
| 2 | Api Power Company Ltd. | 4205.00 | 255.00 | 250.00 | 253.00 | 1.00 |
| 3 | Arambha Microfinance Bittiya Sanstha Ltd. | 700.00 | 861.00 | 806.00 | 861.00 | 41.00 |
| 4 | Arun Kabeli Power Ltd. | 102.00 | 242.00 | 235.00 | 242.00 | 4.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 3872.00 | 132.00 | 129.00 | 130.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 20.00 | 595.00 | 595.00 | 595.00 | 4.00 |
| 7 | Bank of Kathmandu Ltd. | 8941.00 | 291.00 | 287.00 | 289.00 | 0.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 72.00 | 132.00 | 130.00 | 132.00 | 2.00 |
| 9 | Best Finance Company Ltd. | 60.00 | 98.00 | 98.00 | 98.00 | -2.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 1280.00 | 122.00 | 120.00 | 120.00 | -3.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 60.00 | 6211.00 | 6210.00 | 6211.00 | 121.00 |
| 12 | Butwal Power Company Limited | 1845.00 | 440.00 | 430.00 | 434.00 | 2.00 |
| 13 | Central Finance Co. Ltd. | 682.00 | 117.00 | 116.00 | 117.00 | 3.00 |
| 14 | Century Commercial Bank Ltd. | 9846.00 | 170.00 | 168.00 | 169.00 | 1.00 |
| 15 | Century Commercial Bank Ltd. Pro. Share | 9275.00 | 164.00 | 164.00 | 164.00 | -3.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 3137.00 | 901.00 | 890.00 | 890.00 | 0.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 148.00 | 121.00 | 117.00 | 120.00 | -3.00 |
| 18 | Chilime Hydropower Company Limited | 2448.00 | 715.00 | 708.00 | 711.00 | 1.00 |
| 19 | Citizen Bank International Limited | 7581.00 | 235.00 | 231.00 | 235.00 | 2.00 |
| 20 | Citizen Investment Trust | 572.00 | 2400.00 | 2386.00 | 2400.00 | 5.00 |
| 21 | Citizens Mutual Fund -1 | 1000.00 | 8.95 | 8.95 | 8.95 | 0.00 |
| 22 | City Express Finance Co. Limited | 10.00 | 110.00 | 110.00 | 110.00 | 2.00 |
| 23 | Civil Bank Ltd | 13077.00 | 148.00 | 146.00 | 148.00 | 0.00 |
| 24 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 179.00 | 657.00 | 640.00 | 652.00 | 7.00 |
| 25 | Deprosc Laghubitta Bittiya San. Limited | 2054.00 | 650.00 | 640.00 | 644.00 | 2.00 |
| 26 | Deva Bikas Bank Limited | 4003.00 | 128.00 | 127.00 | 127.00 | 0.00 |
| 27 | Dibyashwori Hydropower Ltd. | 30.00 | 102.00 | 102.00 | 102.00 | 0.00 |
| 28 | Everest Bank Limited | 4376.00 | 661.00 | 642.00 | 658.00 | 4.00 |
| 29 | Everest Bank Limited Con. Pref. | 40.00 | 580.00 | 569.00 | 580.00 | 0.00 |
| 30 | Everest Insurance Co. Ltd. | 471.00 | 1239.00 | 1213.00 | 1230.00 | 13.00 |
| 31 | Excel Development Bank Ltd. | 2120.00 | 311.00 | 305.00 | 307.00 | 3.00 |
| 32 | First Micro Finance Lag. Bit. San. Ltd. | 1025.00 | 408.00 | 400.00 | 406.00 | 6.00 |
| 33 | Forward Community Mic. Bittiya San. Ltd. | 126.00 | 2075.00 | 2038.00 | 2060.00 | 33.00 |
| 34 | Gandaki Bikas Bank Limited | 1623.00 | 192.00 | 189.00 | 190.00 | 0.00 |
| 35 | Garima Bikas Bank Limited | 3059.00 | 188.00 | 184.00 | 187.00 | 1.00 |
| 36 | Global IME Bank Limited | 3421.00 | 299.00 | 291.00 | 296.00 | 3.00 |
| 37 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 19.00 | 1010.00 | 1010.00 | 1010.00 | -20.00 |
| 38 | Global IME Samunnat Scheme-1 | 3000.00 | 8.61 | 8.44 | 8.44 | 0.00 |
| 39 | Goodwill Finance Co. Ltd. | 200.00 | 122.00 | 122.00 | 122.00 | 0.00 |
| 40 | Grameen Bikas Lag. Bit. Sanstha Ltd. | 7918.00 | 560.00 | 539.00 | 540.00 | -7.00 |
| 41 | Green Development Bank Ltd. | 105.00 | 129.00 | 128.00 | 128.00 | 1.00 |
| 42 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 200.00 | 133.00 | 133.00 | 133.00 | -2.00 |
| 43 | Gurans Life Insurance Company Ltd. | 853.00 | 795.00 | 780.00 | 795.00 | 11.00 |
| 44 | Gurkhas Finance Ltd. | 2275.00 | 114.00 | 112.00 | 112.00 | 2.00 |
| 45 | Hathway Finance Company Limited | 420.00 | 118.00 | 114.00 | 118.00 | 2.00 |
| 46 | Himalayan Bank Limited | 771.00 | 535.00 | 530.00 | 533.00 | 3.00 |
| 47 | Himalayan General Insurance Co. Ltd | 1920.00 | 415.00 | 408.00 | 411.00 | 1.00 |
| 48 | Himalayan Power Partner Ltd. | 390.00 | 250.00 | 245.00 | 245.00 | -1.00 |
| 49 | ICFC Finance Limited | 598.00 | 159.00 | 155.00 | 159.00 | 4.00 |
| 50 | IME General Insurance Ltd. | 60.00 | 775.00 | 774.00 | 774.00 | 14.00 |
| 51 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 1992.00 | 161.00 | 158.00 | 161.00 | 2.00 |
| 52 | Janata Bank Nepal Ltd. | 19913.00 | 153.00 | 151.00 | 153.00 | 1.00 |
| 53 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 64.00 | 2800.00 | 2750.00 | 2800.00 | 89.00 |
| 54 | Jyoti Bikas Bank Limited | 1223.00 | 140.00 | 139.00 | 140.00 | 0.00 |
| 55 | Kabeli Bikas Bank Limited | 1347.00 | 199.00 | 190.00 | 199.00 | 3.00 |
| 56 | Kailash Bikas Bank Ltd. | 1828.00 | 231.00 | 229.00 | 229.00 | -3.00 |
| 57 | Kalika Microcredit Dev. Bank Ltd. | 497.00 | 1240.00 | 1199.00 | 1215.00 | 39.00 |
| 58 | Kamana Sewa Bikas Bank Limited | 3228.00 | 142.00 | 140.00 | 140.00 | 0.00 |
| 59 | Kankai Bikas Bank Ltd. | 332.00 | 120.00 | 118.00 | 118.00 | -2.00 |
| 60 | Karnali Development Bank Limited | 3670.00 | 103.00 | 101.00 | 102.00 | 1.00 |
| 61 | Khanikhola Hydropower Co. Ltd. | 106.00 | 105.00 | 102.00 | 105.00 | -1.00 |
| 62 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 68.00 | 1520.00 | 1520.00 | 1520.00 | 11.00 |
| 63 | Kumari Bank Limited | 7538.00 | 206.00 | 203.00 | 204.00 | -3.00 |
| 64 | Laxmi Bank Limited | 5309.00 | 233.00 | 224.00 | 233.00 | 7.00 |
| 65 | Laxmi Equity Fund | 6500.00 | 8.05 | 7.95 | 7.95 | 0.00 |
| 66 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 544.00 | 950.00 | 942.00 | 942.00 | 12.00 |
| 67 | Laxmi Value Fund-1 | 18661.00 | 10.20 | 10.10 | 10.10 | -0.11 |
| 68 | Life Insurance Co. Nepal | 267.00 | 1560.00 | 1550.00 | 1555.00 | 7.00 |
| 69 | Lumbini Bikas Bank Ltd. | 4106.00 | 150.00 | 148.00 | 149.00 | 2.00 |
| 70 | Lumbini General Insurance Co. Ltd. | 1236.00 | 515.00 | 506.00 | 510.00 | 2.00 |
| 71 | Machhapuchhre Bank Limited | 9857.00 | 204.00 | 201.00 | 204.00 | 2.00 |
| 72 | Mahalaxmi Bikas Bank Ltd. | 7807.00 | 192.00 | 190.00 | 191.00 | 0.00 |
| 73 | Mahila Sahayatra Mic. Bittiya Sanstha Ltd. | 539.00 | 626.00 | 611.00 | 613.00 | -1.00 |
| 74 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 50.00 | 2360.00 | 2335.00 | 2350.00 | 0.00 |
| 75 | Manjushree Finance Ltd. | 200.00 | 121.00 | 120.00 | 121.00 | 1.00 |
| 76 | Mega Bank Nepal Ltd. | 21448.00 | 164.00 | 161.00 | 161.00 | 1.00 |
| 77 | Mega Bank Nepal Ltd. Promoter Share | 76200.00 | 110.00 | 110.00 | 110.00 | 0.00 |
| 78 | Mero Microfinance Bittiya Sanstha Ltd. | 703.00 | 1017.00 | 995.00 | 1010.00 | 10.00 |
| 79 | Mission Development Bank Ltd. | 805.00 | 172.00 | 170.00 | 172.00 | -1.00 |
| 80 | Miteri Development Bank Limited | 700.00 | 267.00 | 267.00 | 267.00 | 5.00 |
| 81 | Muktinath Bikas Bank Ltd. | 2501.00 | 379.00 | 369.00 | 379.00 | 3.00 |
| 82 | Nabil Bank Limited | 5231.00 | 952.00 | 945.00 | 947.00 | 0.00 |
| 83 | NABIL Bank Limited Promotor Share | 4085.00 | 731.00 | 726.00 | 730.00 | 2.00 |
| 84 | Nabil Equity Fund | 3461.00 | 8.59 | 8.42 | 8.50 | 0.25 |
| 85 | Nadep Laghubitta Bittiya Sanstha Ltd. | 30.00 | 650.00 | 626.00 | 650.00 | 53.00 |
| 86 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 830.00 | 1009.00 | 990.00 | 990.00 | 15.00 |
| 87 | National Hydro Power Company Limited | 6050.00 | 78.00 | 76.00 | 78.00 | 2.00 |
| 88 | National Life Insurance Co. Ltd. | 2269.00 | 700.00 | 690.00 | 696.00 | 6.00 |
| 89 | National Microfinance Bittiya Sanstha Ltd. | 66.00 | 2083.00 | 2050.00 | 2060.00 | 17.00 |
| 90 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 162.00 | 668.00 | 631.00 | 668.00 | 28.00 |
| 91 | Neco Insurance Co. Ltd. | 214.00 | 513.00 | 505.00 | 507.00 | 4.00 |
| 92 | Nepal Bangladesh Bank Limited | 8836.00 | 199.00 | 197.00 | 199.00 | 2.00 |
| 93 | Nepal Bank Limited | 19325.00 | 287.00 | 283.00 | 286.00 | 4.00 |
| 94 | Nepal Credit And Com. Bank Limited | 25663.00 | 181.00 | 176.00 | 180.00 | 0.00 |
| 95 | Nepal Doorsanchar Comapany Limited | 5420.00 | 734.00 | 722.00 | 734.00 | 7.00 |
| 96 | Nepal Hydro Developers Ltd. | 50.00 | 160.00 | 155.00 | 160.00 | 5.00 |
| 97 | Nepal Insurance Co. Ltd. | 5325.00 | 515.00 | 496.00 | 514.00 | 14.00 |
| 98 | Nepal Investment Bank Limited | 6009.00 | 634.00 | 628.00 | 631.00 | 3.00 |
| 99 | Nepal Investment Bank Ltd. Pro. Share | 26199.00 | 572.00 | 568.00 | 570.00 | 1.00 |
| 100 | Nepal Life Insurance Co. Ltd. | 18482.00 | 915.00 | 894.00 | 906.00 | 4.00 |
| 101 | Nepal SBI Bank Limited | 2756.00 | 496.00 | 489.00 | 493.00 | -4.00 |
| 102 | Nepal Seva Laghubitta Bittiya San. Ltd. | 10.00 | 422.00 | 422.00 | 422.00 | 20.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 784.00 | 535.00 | 534.00 | 535.00 | 10.00 |
| 104 | Ngadi Group Power Ltd. | 10.00 | 179.00 | 179.00 | 179.00 | 3.00 |
| 105 | NIBL Pragati Fund | 505.00 | 7.90 | 7.90 | 7.90 | -0.10 |
| 106 | NIBL Samriddhi Fund 1 | 6500.00 | 11.45 | 11.40 | 11.45 | 0.20 |
| 107 | NIC Asia Bank Ltd. | 62781.00 | 342.00 | 322.00 | 340.00 | 15.00 |
| 108 | NIC Asia Growth Fund | 1000.00 | 8.74 | 8.74 | 8.74 | 0.17 |
| 109 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd | 275.00 | 949.00 | 940.00 | 942.00 | 0.00 |
| 110 | NLG Insurance Company Ltd. | 11785.00 | 821.00 | 793.00 | 817.00 | 13.00 |
| 111 | NMB Microfinance Bittiya Sanstha Ltd. | 50.00 | 1490.00 | 1488.00 | 1490.00 | 8.00 |
| 112 | NMB Bank Limited | 31183.00 | 316.00 | 310.00 | 316.00 | 5.00 |
| 113 | NMB Hybrid Fund L-1 | 5408.00 | 9.15 | 9.00 | 9.15 | 0.33 |
| 114 | NMB Sulav Investment Fund-1 | 22000.00 | 12.50 | 12.44 | 12.50 | 0.00 |
| 115 | Oriental Hotels Limited | 4419.00 | 510.00 | 503.00 | 510.00 | 7.00 |
| 116 | Pokhara Finance Ltd. | 70.00 | 144.00 | 142.00 | 142.00 | -2.00 |
| 117 | Prabhu Bank Limited | 10436.00 | 181.00 | 177.00 | 180.00 | 2.00 |
| 118 | Prabhu Insurance Ltd. | 1971.00 | 480.00 | 469.00 | 474.00 | 3.00 |
| 119 | Premier Insurance Co. Ltd. | 1158.00 | 1040.00 | 1025.00 | 1030.00 | 4.00 |
| 120 | Prime Commercial Bank Ltd. | 11478.00 | 296.00 | 287.00 | 295.00 | 8.00 |
| 121 | Prime Life Insurance Company Limited | 1886.00 | 506.00 | 496.00 | 496.00 | -1.00 |
| 122 | Prudential Insurance Co. Ltd. | 179.00 | 731.00 | 705.00 | 725.00 | 22.00 |
| 123 | Purnima Bikas Bank Ltd. | 339.00 | 158.00 | 153.00 | 158.00 | 8.00 |
| 124 | Radhi Bidyut Company Ltd | 240.00 | 221.00 | 217.00 | 217.00 | -3.00 |
| 125 | Rairang Hydropower Dev. Co. Ltd. | 190.00 | 146.00 | 141.00 | 146.00 | 4.00 |
| 126 | Rastriya Beema Company Limited | 80.00 | 10600.00 | 10500.00 | 10500.00 | 100.00 |
| 127 | Rastriya Beema Co. Limited Pro. Share | 120.00 | 9700.00 | 9556.00 | 9556.00 | -134.00 |
| 128 | Reliance Finance Ltd. | 432.00 | 120.00 | 118.00 | 120.00 | 1.00 |
| 129 | Ridi Hydropower Dev. Company Ltd. | 415.00 | 116.00 | 115.00 | 115.00 | 0.00 |
| 130 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 254.00 | 648.00 | 634.00 | 648.00 | 14.00 |
| 131 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 254.00 | 488.00 | 482.00 | 485.00 | 5.00 |
| 132 | Sagarmatha Insurance Co. Ltd. | 677.00 | 1369.00 | 1342.00 | 1364.00 | 19.00 |
| 133 | Sahayogi Bikas Bank Limited | 2000.00 | 201.00 | 199.00 | 199.00 | 1.00 |
| 134 | Samata Microfinance Bittiya Sanstha Ltd. | 10.00 | 1135.00 | 1135.00 | 1135.00 | 5.00 |
| 135 | Sana Kisan Bikas Bank Ltd | 1450.00 | 1115.00 | 1096.00 | 1100.00 | 6.00 |
| 136 | Sanima Bank Limited | 7414.00 | 320.00 | 314.00 | 320.00 | 6.00 |
| 137 | Sanima Equity Fund | 1000.00 | 8.95 | 8.95 | 8.95 | 0.07 |
| 138 | Sanima Mai Hydropower Ltd. | 1650.00 | 296.00 | 288.00 | 294.00 | 1.00 |
| 139 | Saptakoshi Development Bank Ltd. | 193.00 | 115.00 | 113.00 | 113.00 | -4.00 |
| 140 | Shangrila Development Bank Ltd. | 1807.00 | 147.00 | 144.00 | 147.00 | 4.00 |
| 141 | Shikhar Insurance Co. Ltd. | 2396.00 | 905.00 | 900.00 | 904.00 | 6.00 |
| 142 | Shine Resunga Development Bank Ltd. | 9496.00 | 285.00 | 275.00 | 281.00 | 11.00 |

Total Amount Rs. 214,778,804 Total Quantity 706,211 Total No of Transactions 3,010

निर्यातमा आधारित अर्थतन्त्र भएका मुलुकमा डलरसँगको विनिमयदर घट्दा फाइदा पुग्ने भए पनि नेपालले अन्य मुलुकबाट आयात गर्ने भएका कारण मुद्रा अवमूल्यनको असर सबैभन्दा पहिले व्यापार घाटामा देखिने गर्छ।



# आयात दोब्बरले बढ्यो

## एक महिनामै १ खर्ब १४ अर्ब व्यापारघाटा

हेमन्त जोशी, काठमाडौं

गत आर्थिक वर्षको साउन महिनाको तुलनामा चालू आर्थिक वर्षको सोही अवधिमा मुलुकले गरेको कुल वैदेशिक व्यापारमा आयातको अनुपात झण्डै दोब्बरले बढेको छ। सो अवधिमा भएको उच्च आयातका तुलनामा निर्यात निकै कम देखिएपछि व्यापारघाटा चुलिएको देखिएको छ।

भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको साउन महिनामा मात्र १ खर्ब २० अर्ब ७१ करोड १ लाख ५३ हजार रुपियाँ बराबरको आयात भएको छ। यस अवधिमा ६ अर्ब ९२ करोड १५ लाख ६ हजार रुपियाँ बराबरको निर्यात भएको छ। गत आर्थिक वर्ष २०७४/७५ को सोही अवधिमा कुल आयात ७६ अर्ब ७३ करोड ६० लाख ७३ हजार रुपियाँ बराबर र कुल निर्यात ६ अर्ब ७० करोड ७७ लाख ९५ हजार रुपियाँ बराबरको भएको थियो।

गत आर्थिक वर्षको तुलनामा चालू आर्थिक वर्षको पहिलो एक महिनामा आयात ५७ दशमलव १८ प्रतिशतले बढेको छ भने निर्यात ३ दशमलव १९ प्रतिशतले बढेको छ।

गत आर्थिक वर्षको साउन महिनामा मात्र ७० अर्ब २ करोड ८२ लाख रुपियाँ बराबरको व्यापारघाटा व्यहोरेको मुलुकले चालू आर्थिक वर्षको सोही अवधिमा १ खर्ब १३ अर्ब ६८ करोड ८६ लाख रुपियाँ बराबर व्यापारघाटा व्यहोरेको छ। गत आर्थिक वर्षको तुलनामा व्यापारघाटा ६२ दशमलव ३५ प्रतिशतले बढेको छ।

अघिल्लो वर्षको साउन महिनामा बाढी तथा डुवानका कारण तराईका जिल्लामा रहेका केही भन्सार बिन्दूहरुमा आयात, निर्यात प्रभावित भएकाले गत वर्ष प्रत्येक महिना औसतमा करिब १ खर्ब रुपियाँ बराबरकाको आयात हुँदा साउन महिनामा जम्मा ७६ अर्ब रुपियाँ बराबरको आयात भएको थियो। जसले गर्दा यो महिनाको आयातको वृद्धिदर समग्रमा उच्च देखिएको भन्सार विभागले जनाएको छ।

विभागको तथ्यांकअनुसार साउन महिनाभर कुल १ खर्ब २७ अर्ब ५३ करोड १६ लाख ६० हजार रुपियाँ बराबरको वैदेशिक व्यापारमा आयातको अनुपात ९४ दशमलव ६ प्रतिशत र निर्यातको अनुपात ५ दशमलव ४ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा आयात निर्यातको अनुपात क्रमशः ९२ प्रतिशत र ८ प्रतिशत रहेको थियो। समग्र गत वर्षको तुलनामा समीक्षा अवधिमा कुल वैदेशिक व्यापारमा निर्यातको अनुपात ३२ दशमलव ४५ अंकले घटेको छ भने कुल निर्यातको अनुपात २ दशमलव ८४ प्रतिशतले बढेको छ।

> भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको साउन महिनामा मात्र १ खर्ब २० अर्ब ७१ करोड १ लाख ५३ हजार रुपियाँ बराबरको आयात भएको छ। यस अवधिमा ६ अर्ब ९२ करोड १५ लाख ६ हजार रुपियाँ बराबरको निर्यात भएको छ। गत आर्थिक वर्ष २०७४/७५ को सोही अवधिमा कुल आयात ७६ अर्ब ७३ करोड ६० लाख ७३ हजार रुपियाँ बराबर र कुल निर्यात ६ अर्ब ७० करोड ७७ लाख ९५ हजार रुपियाँ बराबरको भएको थियो।

गत आीर्थक वर्षको साउन महिनामा हवाईजहाज तथा पाटपूर्जा १ अर्ब ४४ करोड रुपियाँ बराबरको आयात भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा १३ अर्ब ३० करोड रुपियाँ बराबरको आयात भएको।

त्यसैगरी गत आर्थिक वर्षको पहिलो एक महिना अवधिमा मात्र सबै प्रकारका पेट्रोलियम इन्धन ९ अर्ब ६९ करोड रुपियाँ बराबरको आयात भएकोमा उक्त वस्तुको आयात चालू आर्थिक वर्षको सोही अवधिमा करिव ८७ प्रतिशतले बढेर १८ अर्ब १० करोड रुपियाँ बराबर पुगेको छ।

फलाम तथा स्टीलका वस्तुको आयात गत आर्थिक वर्षको साउन महिनामा ८ अर्ब ६३ करोड रुपियाँ बराबर भएकोमा चालू आर्थिक वर्षको सोही अवधिमा करिव ६९ प्रतिशतले बढेर १४ अर्ब ६२ करोड रुपियाँ पुगेको छ।

भन्सार विभागका अनुसार हवाईजहाज तथा त्यसका पाटपुर्जा, पेट्रोलियम पदार्थ र फलाम तथा स्टीलको आयात उच्च हुँदा समग्रमा आयातको वृद्धिदर उच्च रहन गएको हो।

उक्त वस्तुबाहेकको आयात गत साउन महिनामा करिव ७५ अर्ब रुपियाँ बराबरको भएको छ। जुन तथ्यांक अघिल्लो वर्षको सोही अवधिमा करिब ५७ अर्ब रुपियाँ बराबर थियो। जसको वृद्धिद तुलनामा करिब ३२ प्रतिशत हुन आउँछ।

यस अवधिमा भएको कुल वैदेशिक व्यापारमा कुल आयातको ५९ प्रतिशत र कुल निर्यातको ५७ दशमलव ६ प्रतिशत छिमेकी मुलुक भारतसँग मात्र भएको छ। कुल आयातमा ५९ प्रतिशत भारतबाट, १२ दशमलव ४ प्रतिशत तीनबाट, १० दशमलव ६ प्रतिशत फ्रान्सबाट, १ दशमलव ८ प्रतिशत संयुक्त अरब इमिरेट्स र बाँकी १६ दशमलव २ प्रतिशत अन्य मुलुकबाट भएको छ।

कुल निर्यातमा ५७ दशलमव ६ प्रतिशत भारतमा, १३ दशलमव २ प्रतिशत संयुक्त राज्य अमेरिकामा, ४ दशमलव ३ प्रतिशत बेलायतमा, ४ प्रतिशत जर्मनीमा बाँकी २१ प्रतिशत अन्य मुलुकमा निर्यात भएको छ।

# नेपाली मुद्राको अवमूल्यन हालसम्मकै न्यून बिन्दुमा

## प्रतिडलर १ सय १३ रुपियाँ नाघ्यो

नेपाल समाचारपत्र

काठमाडौं

अमेरिकी डलरको तुलनामा नेपाली मुद्राको अवमूल्यन भई बिहीबार अहिलेसम्मकै न्यून बिन्दुमा पुगेको छ।

नेपाल राष्ट्र बैंकका अनुसार बिहीबार १ अमेरिकी डलरको खरिददर १ सय १२ रुपियाँ ८९ पैसा र बिक्रीदर १ सय १३ रुपियाँ ४९ पैसा निर्धारण भएको छ। नेपाली रुपियाँ भारतीय रुपियाँसँग स्थिर विनिमय प्रणालीमा बाँधिएका कारण भारतीय रुपियाँको अवमूल्यन भएसँगै नेपाली रुपियाँको विनिमय दर पनि घटेको हो। हालसम्मकै उच्चदरमा अमेरिकी डलरको मूल्य निर्धारण हुँदा आयातमा निर्भर नेपालको अर्थतन्त्र धराशयी हुन सक्ने विज्ञहरुले औंल्याएका छन्।

बुधबारको तुलनामा बिहीबार अमेरिकी डलरको मुल्य १ रुपियाँभन्दा बढीले बढेको छ। निर्यातमा आधारित अर्थतन्त्र भएका मुलुकमा डलरसँगको विनिमयदर घट्दा फाइदा पुग्ने भए पनि नेपालले अन्य मुलुकबाट आयात गर्ने भएका कारण मुद्रा अवमूल्यनको असर सबैभन्दा पहिले व्यापार घाटामा देखिने गर्छ। त्यसैगरी, नेपालले विभिन्न दातृ निकाय तथा मुलुकबाट अमेरिकी डलरमा ऋण लिने गरेकोमा डलरको मूल्य बढ्दा कर्जा तथा ब्याजको भुक्तानीमा पनि त्यसको प्रत्यक्ष असर पर्छ। डलरमा भुक्तानी गर्ने गरी गरिएको विद्युत् खरीद सम्झौताका कारण पनि नेपाललाई त्यसको असर पर्ने देखिन्छ। कुनै पनि मुलुकसँग भएको विदेशी मुद्राको सञ्चितिका आधारमा वैदेशिक व्यापार हुने भएका कारण पनि न्यून विनिमय सञ्चिति हुँदा आर्थिक मन्दीको समस्या आएका उदाहरण समेत छन्।

विश्वभर सबैभन्दा विश्वसनीय मुद्राका रूपमा रहेको अमेरिकी डलरको तुलनामा नेपालको मुद्रा अवमूल्यन हुनुमा नेपाललाई विप्रेशण आप्रवाहको क्षेत्रबाट, नेपालमा भित्रिने वैदेशिक लगानीका क्षेत्रबाट र पर्यटनका क्षेत्रबाट मात्र फाइदा पुग्ने देखिन्छ।

# पेट्रोलियम पाइपलाइनको आधाभन्दा बढी काम पूरा

गोकुल घोरसाइने, बारा

मोतिहारी-रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइनको आधाभन्दा बढी काम सम्पन्न भएको छ। आयोजना चार महिनाअघि शुरू भएको थियो।

नेपालमा पेट्रोलियम पदार्थ आयात गरिने प्रमुख नाकाको रूपमा रहेको भारतको मोतिहारी-रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन निर्माण आयोजनामा नेपालतर्फको ३६ दशमलव २ किलोमिटरमध्ये १६ किलोमिटर र भारततर्फको ३३ दशमलव ७ किलोमिटरमध्ये २४ किलोमिटर पाइप जमिनमुनी गाड्ने काम सम्पन्न भएको मोतिहारी-रक्सौल-अमलेखगन्ज पेट्रोलियम पाइपलाइन निर्माण योजना कार्यालय सिमराले जनाएको छ।

योजनाले पाइपलाइन विस्तार गर्ने रुटमा बजार क्षेत्र, आवासीय भवन, धार्मिक सम्पदा, वनजंगल र खोलानालाका कारण विस्तार कार्यमा केही अवरोध सिर्जना भएको जनाएको छ। भारतीय कम्पनी निखिथा इन्फ्रास्टक्चरले १५ महिनाभित्र काम सक्ने गरी निर्माणको जिम्मा पाएको र हालसम्मको कार्य प्रगति हेर्दा निर्धारित समयमा नै काम सम्पन्न हुने पेट्रोलियम पाइपलाइन आयोजना कार्यालय सिमराका विज्ञ शरदकुमार पौडेलले दाबी गर्नुभयो।

पाइपलाइन विस्तार गर्ने रुटमा पर्ने खोला नालामा 'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' मेसिनबाट जमिनमुनी पाइप बिछ्याउने कामको तयारीसमेत आयोजनाले गरेको छ। यसका साथै पाइपलाइनमार्फत आउने इन्धन भण्डारणका लागि नेपाल आयल निगम क्षेत्रीय डिपो अमलेखगञ्जमा चार वटा ट्यांकीको मर्मतको काम भइरहेको पौडेलले जानकारी दिनुभयो।

सिमरादेखि अमलेखगन्जसम्म सामुदायिक वन र पर्सा राष्ट्रिय निकुञ्जको जंगल क्षेत्र पर्ने रुख कटानमा आवश्यक प्रक्रिया पूरा गर्नुपर्ने भएकाले पनि आयोजनाको काममा केही ढिला भएको छ। निकुञ्जले वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदन दिइसकेको र दाबी विरोधका लागि ३० दिनको समयावधि दिई सूचना प्रकाशित भइसकेकाले अब जंगल क्षेत्रमा पनि छिट्टै पाइपलाइन विस्तार कार्य हुने पौडेलको भनाइ छ।

नेपालमा हाल डिजेलको खपत बढी रहेको हुनाले तत्काल डिजेल मात्र ल्याइने र भण्डारना ट्यांकी निर्माण भएपछि पाइपलाइनबाट मट्टितेल र पेट्रोल पनि आयात हुने बताइएको छ।

# स्प्राइटको रिफ्रेस बनायो रिचार्ज गरायो योजनामा ४२ लाखको रिचार्ज

काठमाडौं, (नेस)

स्प्राइटको रिफ्रेस बनायो रिचार्ज गरायो योजनाले एकैदिनमा २५ हजारभन्दा बढी विजेतालाई रिचार्ज गराएको छ।

साउन ७ गतेदेखि शुरू भएको यो योजनामा हालसम्म ३ लाख ५० भन्दा बढी उपोभोक्ताले ४२ लाख बराबरको रिचार्ज टकटइम जितिसकेका छन्। यो योजना अन्तर्गत उपोभोक्ताले १० रुपियाँदेखि ५ हजार रुपियाँबराबरको टक टाइम जित्न सक्नेछन्।

यो योजना ५०० एमएल, १ लिटर, १ दशमलव ५लिटर र २ दशमलव २५ लिटरका स्प्राइट, कोक तथा फ्यान्टाका बोतलमा लागू हुनेछ।

यो योजनामा सहभागी हुन ग्राहकले स्प्राइट, कोक तथा फ्यान्टा को लेवल पछाडि रहेको युनिक कोडलाई टाइप गरी ३६७६८ मा एसएमएस गर्नुपर्ने छ। यो योजना भदौ १५ गतेसम्म लागू हुन कम्पनीले जनाएको छ।




प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination-IEE) अध्ययन गर्ने बारे सार्वजनिक सूचना

(प्रथमपटक प्रकाशित मिति २०७५/५/१५)

Blue Energy Pvt. Ltd. [illegible] (Initial Environmental Examination-IEE) [illegible]

प्रस्तावकको नाम : Blue Energy Pvt. Ltd, Hotel Yak and Yeti Complex, Durbar Marg Kathmandu

[illegible]

विद्युत विकास विभाग

प्रस्तावकको नाम र ठेगाना
Blue Energy Pvt. Ltd.

परामर्शदाताको नाम र ठेगाना
ITECO Nepal (P) Ltd.



# जुडो खेलाडीहरूको निरासजनक प्रदर्शन

नेपाल समाचारपत्र

काठमाडौं

इन्डोनेसियामा जारी १८औं एसियाली खेलकुदअन्तर्गत पदक आसा गरिएको जुडोमा नेपाली खेलाडीको प्रदर्शन निरासजनक भएको छ।

बिहीबार ३ खेलाडी फुपु ल्हामु खत्री, मनिता श्रेष्ठ प्रधान र सञ्जित डंगोलले प्रतिस्पर्धा गरेका थिए। तीनै खेलाडी पहिलो चरणभन्दा माथि पुग्न सकेनन्। सबैभन्दा निरास नतिजा निकालिन फुपुले। फुपुलाई जापानमै छुट्टै विशेष प्रशिक्षण दिइएको थियो। यसको बाबजुद उनको इन्डोनेसियामा प्रदर्शन खराब बन्यो। उनले कमसेकम कांस्य ल्याउने नेपाल जुडो संघले समेत आस गरेको तर उनी त्यसमा सफल भइनन्।

फुपुले महिला ६३ केजीमुनि तौल समूहको अन्तिम १६ चरणमा प्रतिस्पर्धा गरेकी थिइन् । उनलाई आयोजक राष्ट्रकी युली अद्रेल्ल फ्राडिभ्ताले उनलाई १-० अंकले पराजित गरेकी थिइन्। यस्तै महिला ५७ केजीमुनि मनिता भियतनामकी थी विच नुगेनसँग हारिन्। उनले अन्तिम ३२ चरणको खेल १०-१ अंक अन्तरले गुमाएकी थिइन्। पुरुष ७३ केजीमुनि सञ्जित साउदी अरेबियाका फहाद सुलेमान हमादसँग माथ खान पुगे।

योसँगै नेपालको तर्फबाट जुडोमा प्रतिस्पर्धा गर्ने ३ खेलाडीको चुनौती बाँकी रहेको छ। आज हुने खेलमा पुरुष खेलाडी श्रीराम माकजु र रविन श्रेष्ठ तथा महिला खेलाडी पुनम श्रेष्ठले प्रतिस्पर्धा गर्नेछन्। अघिल्लो दिन नेपालको तर्फबाट जुडोमा इन्द्रबहादुर श्रेष्ठ र देवीका खड्का समान १०-० अंकको फराकिलो अन्तरले पराजित भएका थिए।

### नविता पराजित

एसियाडअन्तर्गत टेबलटेनिसमा नेपालकी नम्बर एक महिला खेलाडी नविता श्रेष्ठ पराजित भइन्। पहिलो चरणमा मकाउकी फेइ सुट तमलाई संघर्षपूर्ण ७ सेटमा हराएर अर्को चरणमा स्थान बनाएकी नविताले अर्को खेलमा जित हात पार्न सकिनन्। उनलाई हङकङकी केम होई डुले सिधा सेटमा हराएकी थिइन्। महिला सिंगल्समै मंगोलियाकी दोलीजिन्जु बत्बयरले नेपालकी स्वेच्छा नेम्वाङलाई सोझो सेटमा हराइन्।

पुरुष सिंगल्समा नेपालका नम्बर एक टेबलटेनिस खेलाडी श्यान्टु श्रेष्ठ मकाउका छेन चि छियोङसँग हारे। ३ सेट लगातार गुमाए पनि श्यान्टुले चौथो र पाँचौं सेट जितेर खेलमा फर्कने प्रयास गरेका थिए। तर छैठौं सेट छियोङले जितेपछि उनले हार स्वीकार्न बाध्य भएका थिए। यस्तै अर्को नेपाली खेलाडी अमरलाल मल्ल मंगोलियाका इर्डेनबयर चिन्बाटसँग हारे।

### सेपाकताक्रोमा जित

सेपाकताक्रोको पुरुष क्वाड स्पर्धामा नेपालले पाकिस्तानलाई २-० को सोझो सेटमा पराजित गरेको छ। नेपाल २१-१६ र २१-८ ले विजयी भयो। इरानसँग भने नेपाल २-० ले पछि पर्‍यो। नेपालबाट गोविन्द मगर, रविन भट्टराई, रूपेश सुनार र सन्जित धिमालले प्रतिस्पर्धा गरेका थिए।

### श्रीलंकासँग पराजित

पुरुष भलिबलमा नेपाल श्रीलंकासँग ३-१ ले पराजित भएको छ। १३औं देखि १६औं वरियता निर्धारित हुने खेलमा श्रीलंकाले नेपाललाई २३-२५, २५-१६, २६-२४ र २५-२१ को सोझो सेटमा हरायो। अब नेपालले १४/१५ स्थानका लागि भियतनाम र किर्गिस्तानबीचको विजेतासँग शुक्रबार प्रतिस्पर्धा गर्नेछ।

### सरस्वती १४औं

नेपालकी सरस्वती भट्टराईले महिला १ हजार ५ सय मिटर दौडमा १४औं स्थान हासिल गरेकी छन्। सरस्वतीले निर्धारित दुरी ४ मिनेट ३४.२६ सेकेन्डमा पूरा गरिन्।



फुपु ल्हामु खत्री (फाइल तस्वीर)

### पदक तालिका

| राष्ट्र | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|
| १.चीन | १११ | ७५ | ५३ | २३९ |
| २.जापान | ५९ | ४९ | ६६ | १७४ |
| ३.द.कोरिया | ३९ | ४६ | ५५ | १४० |
| ४.इन्डोनेसिया | ३० | २३ | ३७ | ९० |
| ५.इरान | १९ | १९ | २० | ५८ |
| ६.उज्वेकिस्तान | १५ | १९ | १९ | ५३ |
| ७. चिनियाँ ताइपेई | १४ | १७ | २४ | ५५ |
| ८. भारत | १३ | २१ | २५ | ५९ |
| ९.उ.कोरिया | १२ | ९ | १२ | ३३ |
| १०.बहराइन | १२ | ६ | ७ | २५ |
| ११.काजकिस्तान | ११ | ११ | ३८ | ६० |
| १२.थाइल्यान्ड | ९ | १४ | ३६ | ५९ |
| १३.मलेसिया | ५ | ११ | ९ | २५ |
| १४.कतार | ५ | ४ | ३ | १२ |
| ३३.नेपाल | ० | १ | ० | १ |

# नेपाललाई एसिया कप खेल्ने लक्ष्यमा धक्का

काठमाडौं, (नेस)

मलेसियामा जारी एसीसी एसियाकप छनोट क्रिकेटअन्तर्गत दोस्रो खेलमा पनि नेपाल पराजित भएको छ।

बिहीबार भएको खेलमा नेपाललाई युएईले ७८ रनले हराएको हो। योसँगै नेपालको प्रतियोगितामा लगातार दोस्रो हार भयो। २ सय ५५ रनको लक्ष्य पाएको नेपालको पुरै टोली ४८.५ ओभरमा १ सय ७६ रनमा समेटिएको थियो। नेपालको तर्फबाट सुवास खकुरेल र दीपेन्द्रसिंह ऐरीबाहेक अन्य ब्याट्सम्यान चल्न सकेनन्। सुवासले ५० रन र दीपेन्द्रले ४० रन बनाएका थिए। युएईका बलरमा अहमद राजाले ४ तथा मोहम्मद नाभिदले ३ विकेट हासिल गरे।

नेपालको लागि बलिङमा सन्दीप लामिछानेबाहेक अन्य बलर चल्न नसक्नु नै दुर्भाग्य भएको थियो। किफायती बलिङ गर्ने क्रममा सन्दीपले १० ओभरमा २ मेडनसहित २४ रन दिएर ४ विकेट लिएका थिए। अरू बलर भने युएईका ब्याट्सम्यानबाट धुलाई भए। जसको फलस्वरूप नेपालविरुद्ध युएईले २ सय ५४ रनको सुरक्षित योगफल बनायो। जसमा चिराग सुरीले ६५ रन, अदनान मुफ्तीले ५७ रन र अशफाक अहमदले ४५ रन योगदान दिएका थिए।

नेपाली बलरमा सोमपाल कामीले २ विकेट लिए पनि ५८ रन खर्चेका थिए। त्यस्तै वसन्त रेग्मीले पनि त्यति नै विकेट हात पार्न ४९ रन दिएका थिए। अन्यमा कप्तान पारस खड्काले ६ ओभरमा ३३ रन, करण केसीले ८ ओभरमा ६१ रन, प्रदीप ऐरीले ६ ओभरमा २६ रन दिए र विकेटविहीन बने।

नेपाली ब्याटिङको ठोस आधार साझेदारी नै हुन सकेन। ज्ञानेन्द्र मल्ल ४ रन, पारस १६ रन र सागर पुन ३ रन बनाएर आउट भएपछि नै नेपाल दबाबमा परेको थियो। यद्दपि चौथो विकेटका लागि सुवास र दीपेन्द्रले ५८ रनको साझेदारी गरेर नेपालको स्कोर १ सय १ मा पुर्‍याए। यो साझेदारी टुटेपछि अर्को उत्कृष्ट साझेदारी हुन नसक्नु नै नेपालको लागि जित टाढा भएको थियो।

### सम्भावना न्यून

नेपाल ६ राष्ट्र सम्मिलित प्रतियोगितामा २ हारसँगै कठिन मोडमा उभिएको छ। यो प्रतियोगिताका विजेताले मात्रै यसै महिनाको अन्त्यमा युएईमा हुने एसिया कपमा खेल्न पाउनेछ। मलेसियामा जारी प्रतियोगितामा युएई र ओमान लगातार दुई-दुई खेल जित्दै एसियाकपमा खेल्ने सम्भावनालाई बलियो बनाउँदै गएका छन्। मलेसिया र हङकङले दुई खेलमा एक-एक जित हासिल गरेका छन्। प्रतियोगितामा नेपाल र सिंगापुर मात्रै दुवै खेलमा हारेका टोली हुन्। नेपालले बाँकी ३ खेल जितेमा पनि नेपालको छनोट हुने सम्भावना अन्य खेलको नतिजाले मात्रै निर्धारण गरिनेछ।



## धरहरा

### बिउँझियो बालापन



आफू सानो छँदा धेरै नेपालीले आफ्ना दौतरीसँग धेरै किसिमका खेल खेल्छन्, जुन स्वभाविक हो। स्कुले उमेरकाहरुले खेल्न नछुटाउने खेल हो 'जोर विजोर'। धेरै अधवैंशे अनि उमेर निकै ढल्किएकाहरुले यो खेल पक्कै स्मरण गर्छन्। टोल बस्तीमा छोरा-छोरी अनि नाति-नातिनाले होहल्लाह गर्न थालेपछि पुराना दिन ताजा भइहाल्छ।

काठमाडौं उपत्यकाबासी धेरैलाई अहिले सरकारले बालापन सम्झाएको छ। बिमस्टेक सम्मेलन सफल बनाउने नाममा सवारीमा जोर बिजोर प्रणाली लगाएपछि बालापन बिर्सने कुरै भएन। मन्त्री, नेता र अन्य उच्च पदस्थहरुका लागि जोर बिजोर अनिवार्य नभए पनि यही मौकामा उनीहरुले पनि झलझली बालापन सम्झिएको धरहराले बुझ्या छ।

जोर बिजोर प्रणालीले जसरी काठमाडौंबासीलाई बालापन सम्झायो, बिमस्टेकले झनै ठूलो छाप छोड्दै छ। कर्फ्यु लागेझैं देखिने सडक, कार्यालय जान बिहान सबेरै घरबाट निस्कनुपर्ने बाध्यता अनि सार्वजनिक सवारीको सास्ती भएपछि अहिलेका स-साना बच्चाले पनि बिमस्टेक बिर्सन नसक्ने भए भन्या। यही सम्मेलनका कारण गर्भवतीहरुले पाएको सास्ती देख्दा त पेटमा भएको बच्चाले पनि भविष्यमा बिमस्टेकबारे राम्रै प्रवचन दिन बेर छैन।

# खेलाडी सम्मान

बुटवल, (नेस)


हालै काठमाडौंमा भएको ११औं अन्डर स्कुल जुनिएर खुल्ला लन टेनिस प्रतियोगितामा स्वर्ण पदक प्राप्त गरेका गरेका रूपन्देहीका खेलाडी र प्रशिक्षकलाई सम्मान गरिएको छ।

यही भाद्र ६ गतेदेखि १३ गतेसम्म काठमाडौं भएको प्रतियोगितामा अन्डर ८ मा बुटवल पब्लिक स्कुलका छात्र विजेस अर्यालले स्वर्ण जिते। न्यू होराइजनका योगेश ज्ञवालीले रजत र यमन रानाले कांस्य पदक हात पारेका थिए। अन्डर १० मा होराइजनका रितेश ज्ञवालीले रजत पदक हासिल गरेका थिए। उनीहरुलाई नगदसहित बुटवल लन टेनिस क्लबले सम्मान गरेको हो। पदक जिताउन सफल प्रशिक्षक विकास खड्कालाई पनि नगदसहित सम्मान गरिएको थियो ।

# श्री एयरलाइन्स र सेन्चुरी फाइनलमा

काठमाडौं, (नेस)

कोटेश्वरस्थित अल्टिमेट इन्डोरमा जारी पाँचौं कर्पोरेट इन्डोर क्रिकेट प्रतियोगितामा श्री एयरलाइन्स र सेन्चुरी बैंक फाइनलमा प्रवेश गरेका छन्। बिहीबार सम्पन्न सेमिफाइनल खेलमा श्री एयरलाइन्सले जनता बैंकलाई १३ रनले पराजित गर्‍यो। त्यस्तै अर्को सेमिफाइनल खेलमा सेन्चुरीले सिटिजन्स बैंकलाई ५८ रनले हराएको थियो।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ